त्रैमासिक बुलेटिन

# बगनासकाली आवाज

वर्ष ४ | अंक ३ | पूर्णाङ्क:१३ | २०७८ असार

**प्रकाशक**
बगनासकाली गाउँपालिका
पाल्पा

**संरक्षक**
कृष्ण प्रसाद बस्याल
(गाउँपालिका अध्यक्ष)

**सल्लाहकार**
सरस्वती दर्लामी (चिदी)
गाउँपालिका उपाध्यक्ष
लक्ष्मीप्रसाद अधिकारी
(प्रवक्ता)
सुरेश घिमिरे
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
मणिराम अधिकारी
maniramadhikari94@gmail.com

**सम्पादक/ग्राफिक्स**
भोजराज भट्टराई
palpali.bhoju@gmail.com

**सम्पादन सहयोग**:
कोशलराज पौडेल,
देवीप्रसाद अर्याल, हेमराज घिमिरे

**मुद्रण**:
कैलाशनगर पब्लिकेशन प्रा.लि.
तानसेन, पाल्पा (०७५-५२०६०१)

**सम्पर्क ठेगाना**:
बगनासकाली आवाज
बगनासकाली गाउँपालिका, पाल्पा
इमेलःbagnaskali.rural@gmail.com
वेवःbaganaskalimun.gov.np
सम्पर्क मो.नं. ९८५७०६८८६८

*सम्पादकीय*

## कोरोना संक्रमण न्यूनीकरणमा गाउँपालिकाको भूमिका

देशका अन्य स्थानीयतहहरूमा जस्तै कोभिड संक्रमण न्यूनीकरण, व्यवस्थापनमा बगनासकालीको विशेष अग्रसरता रह्यो। संविधानले समेत आधारभूत स्वास्थ्यलाई मौलिक हकको रूपमा अङ्गीकार गर्दै प्रत्येक नागरिकले राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको छ। हाल कोभिडको दोस्रो चरणको जोखिम चलिरहेको समयमा स्वास्थ्य सेवाको मापदण्ड तथा गुणस्तर निर्धारण, औषधी तथा स्वास्थ्यजन्य सामग्रीको खरिद तथा आपूर्ति, जनशक्तिको व्यवस्थापन लगायतका विविध कार्यक्रममा स्थानीय तहको महत्त्वपूर्ण भूमिका रह्यो। यही कुरालाई आत्मसाथ हुनेगरी बगनासकाली गाउँपालिकाले कोभिडको समयमा सक्रियता जनाएको हो। कोभिडको समयमा पालिकाका ९ वटा स्वास्थ्य चौकी र एक सामुदायिक स्वाथ्य इकाईका कर्मचारी, जनप्रतिनिधि, कर्मचारी लगायत स्थानीय समुदाय, संघ संस्थाले दर्शाएको हार्दिकता, सहयोग अनि सद्भावको जति प्रसंसा गरेपनि कमी नै हुन्छ।

उच्च सावधानीको लागि समुदायमा सचेतना जगाउँदा जगाउँदै र स्वास्थ्यकर्मी, जनप्रतिनिधिको अग्रसरता हुँदाहुँदै पनि पहिलो, दोस्रो चरणमा झण्डै १ हजार ३ सय जनामा कोरोना रोगको संक्रमण देखियो। यो सामग्री तयार पार्दासम्म पालिकामा पहिलो र दोस्रो चरणमा गरी १९ जनाको कोभिडका कारण ज्यान गएको छ। पालिकामा हाल ४५ जना सक्रिय संक्रमित होम आइसोलेसनमा रहनु भएको छ। गाउँपालिकाले संक्रमितको लागि स्वास्थ्य परामर्श, औषधी, पोषण सामग्री र मृत्यु भएको शव व्यवस्थापनको लागि पिपि लगायतका स्वास्थ्य सहयोग गरेको छ भने कोभिडको कारण मृत्यु हुने परिवारको लागि २५ हजार नगद सहयोग प्रदान गर्ने निर्णय गरेको छ।

पालिकाले सचेतनामूलक कार्यक्रम गर्दागर्दै पनि समुदायमा संक्रमण बढ्नुको मुख्य कारण सुरक्षाका लागि अपनाउनुपर्ने विधिहरूलाई प्रभावकारी रूपमा लागु नगर्नु नै हो। स्वास्थ्य विज्ञले सामाजिक दूरी कायम र प्रत्यक्ष सामाजिक अन्तरक्रिया कम गर्नुलाई कोरोना संक्रमण रोकथामको प्राथमिक तथा प्रमुख पहलका रूपमा परिभाषित गरेका छन्। तसर्थ समुदायमा प्रत्येक व्यक्तिले सतर्कता अपनाउनुपर्ने र आफू पनि बाँच्नुको साथै अरूलाई पनि बचाउन सहयोग पुऱ्याउनु कर्तव्य हो ठानेर व्यवहार गर्नु आवश्यक छ। संक्रमण समदायस्तरमा फैलिदै गएकोले अत्यावश्यक काम नपरी घर बाहिर ननिस्कने, घरबाहिर निस्कदा अनिवार्य रूपमा मास्क, सेनिटाइजर प्रयोग गर्ने, भिडभाड नगर्ने कम्तीमा २ मिटरको सामाजिक दुरी कायम गरी अन्तरक्रिया, भेटघाट गर्ने, स्वास्थ्यसँग सम्बन्धित सुरक्षा प्रक्रिया अपनाउन सकिएमा संक्रमण न्यूनीकरणमा टेवा पुग्ने देखिन्छ। स्थानीय तहका सवै वार्डमा कोभिडसँग सम्बन्धित विभिन्न सचेतनाका कार्यक्रम सञ्चालन भएकोले त्यसलाई प्रभावकारी कार्यान्वयनमा सवैले सहजीकरण गर्न सकेमा कोभिड संक्रमणको जोखिम कम गर्न सकिने देखिन्छ।

# विषयसूची


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | कोरोना नियन्त्रण र व्यवस्थापनमा वगनासकाली | अन्तर्वार्ता | १ |
| २. | प्राथमिकताका आधारमा नागरिकको आवश्यकता पूरा गर्नेतर्फ अग्रसर छौं : उपाध्यक्ष सरस्वती चिदी | अन्तर्वार्ता | ३ |
| ३. | लघु उद्यम र मेड मोडल | यादव प्रसाद न्यौपाने | ४ |
| ४. | स्थानीय तहमा आयोजना बैङ्कको आवश्यकता | कोशल राज पौडेल | ६ |
| ५. | आ.व. २०७७/०७८ मा स्वास्थ्य शाखाको संक्षिप्त कार्यप्रगति विवरण | मणिराम अधिकारी | १० |
| ६. | न्यायिक समितिका विधि र प्रक्रियाहरू | कुलप्रसाद ढुङ्गाना | ११ |
| ७. | सिरुबारीदेखि मुक्तिनाथसम्म | झपेन्द्र खनाल | १२ |
| ८. | स्थानीय पाठ्यक्रम 'हाम्रो बगनासकाली' र यसको कार्यान्वयनको अवस्था | दयाराज कँडेल | १८ |
| ९. | संवैधानिक निकाय र तिनको आवश्यकता | हरिहर गैरे | २० |
| १०. | गाउँ कार्यपालिकाका पदाधिकारीहरूको विवरण | तालिका | २१ |
| ११. | वडा सचिव र सहायकहरूको विवरण | तालिका | २१ |
| ११. | गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरूको विवरण | तालिका | २२ |
| १२. | बगनासकाली गाउँपालिकाका निर्वाचित वडा सदस्यहरूको विवरण | तालिका | २३ |
| १३. | पाठेघरको मुखको क्यान्सर र बराङ्दी स्वास्थ्य चौकीमा सम्पन्न स्वास्थ्य शिविर | गोम बहादुर क्षेत्री | २४ |
| १४. | वगनासकाली, लुम्बिनी प्रदेशको पहिलो बालमैत्री गाउँपालिका | विष्णु प्रसाद घिमिरे | ३० |
| १५. | जिल्लामै पहिलो फुसको छानोमुक्त गाउँपालिका | भोजराज भट्टराई | ३३ |
| १६. | कोरोना संक्रमितको सारथी बन्दै वगनासकाली सरकार | रामचन्द्र रायमाझी | ३५ |
| १७. | वगनासकाली धार्मिक पर्यटनको गन्तव्य | यज्ञमूर्ति तिमिल्सीना | ३६ |
| १८. | राष्ट्रिय छापामा बगनासकाली गाउँपालिका | माधव अर्याल | ३८ |
| १९. | लुम्बिनीकै पहिलो बालमैत्री गाउँपालिका | कमल अधिकारी | ३९ |
| २०. | युवालाई बिना धितो ऋण | कृष्ण पोखरेल | ४० |
| २१. | विदेशबाट फर्केर गाउँमै मौरीपालनमा रमेका शंकर ८२ घार मौरी, वार्षिक ...... | मिलन विश्वकर्मा | ४१ |
| २२. | गतिविधि | | ४२ |
| २३. | बगनासकाली गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरूको विवरण | तालिका | ५२ |
| २३. | बगनासकाली गाउँपालिकामा रहेका विद्यालय विवरण | तालिका | ५७ |




अन्तर्वार्ता

# कोरोना नियन्त्रण र व्यवस्थापनमा वगनासकाली



**कृष्णप्रसाद बस्याल**
अध्यक्ष
वगनासकाली गाउँपालिका

बगनासकाली गाउँपालिका जसले जिल्लामै पहिलोपटक कोरोना संक्रमितहरूको घरघरमै औषधी, थर्मोमिटर, अक्सिमिटर वितरण देखि आफै अस्पताल सन्चालन गर्दै आएको छ, यो कोरोना महामारीमा जनताको सारथी बनेर जनताको सेवामा जुट्नुभएका गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालसँग वगनासकाली पत्रकार समूहका सदस्य सुमन गैरेले गर्नुभएको कुराकानीमा आधारित अन्तर्वार्ताको सम्पादित अंश:

**✎कोरोना संक्रमणको यो महामारीलाई गाउँपालिकाबाट कसरी व्यवस्थापन गर्नुभएको छ ?**

जव, कोरोनाको दोस्रो संक्रमणकाल सुरु भयो लगत्तै हामीले कार्यपालिकाबाट अक्सिजन सहितको अस्पताल, होम आइसोलेसनमा बसेकाहरूको घरमै उपचार र औषधि वितरण, निःशुल्क कोरोना उपचार गर्ने निर्णय गर्‍यौं र सोही अनुरूप गरिरहेका छौं। अहिले बगनासकाली गाउँपालिकाका ९ वटै वडाहरूमा होम आइसोलेसनमा बसेकाहरूलाई स्वास्थ्यकर्मी र जनप्रतिनिधिहरू घरघरमै पुगेर स्वास्थ्य जाँच, परामर्श र औषधी वितरण गरिरहनुभएको छ। लक्षण देखिएर समस्या आए बगनासकाली कोभिड अस्पतालमा ल्याएर उपचार गरिरहेका छौं। त्यहाँ सम्भव नहुने भए अन्य अस्पतालहरूमा पठाउने काम गरिरहेका छौं।

**✎कोरोना अस्पताल कसरी सञ्चालन गर्नुभएको छ ?**

हामीले बगनासकाली गाउँपालिका वडा नं. २ पोखराथोकमा कोरोना अस्पताल सञ्चालन गरेका छौं। अस्पतालमा अहिलेसम्म ५ वटा अक्सिजन कन्सन्टेटर र २३ वटा अक्सिजन सिलिण्डर छन्। कुनै पनि विरामीको लागि अक्सिजन अभाव हुन दिएका छैनौं। गाउँपालिकाका स्वास्थ्यकर्मीहरू पालो पालो सेवा गरिरहनुभएको छ भने १ जना मेडिकल अधिकृतले समयानुसार सेवा दिनुभएको छ। अहिलेसम्म (यो सामग्री तयार पार्दासम्म) २० बढी विरामीहरू सोही अस्पतालबाट निको भएर घर फर्किसकेको अवस्था छ। बगनासकालीको कोभिड अस्पताल व्यवस्थित छ, छिमेकी पालिकाहरूका विरामी समेत हाम्रोमा आएर उपचार गरी घर फर्केको अवस्था छ। कोरोना अस्पतालमा हामीले विरामीको लागि निःशुल्क खानाको व्यवस्था गरेका छौं।

**✎बिरामी बोक्नको लागि एम्बुलेन्स तथा सवारीसाधन कसरी व्यवस्थापन गर्नुभएको छ ?**

बगनासकालीमा सवारीसाधन नपाएर घरमै बस्नुपर्ने अवस्था छैन। हामीले चापपानी स्वास्थ्यचौकीको एउटा एम्बुलेन्स र एउटा सार्वजनिक यातायात (जीप) को व्यवस्थापन गरेका छौं। उनीहरूलाई आवश्यक पीपीई, स्वास्थ्यसामग्री लगायतका सुविधाहरू पनि दिएका छौं। कतिपय निजी सवारीसाधनको समेत व्यवस्था गरेका छौं। अस्पताल जानु पर्‍यो मैले गाडी पाइन भन्नेहरूलाई जसरी पनि व्यवस्थापन गरेका छौं। हामीले व्यवस्थापन गरेका सवारीसाधनहरूले हाम्रो पालिकाको मात्र नभएर अन्य पालिकाहरूको विरामीले समेत सेवा लिएका छन्।

**✎बगनासकालीमा कोरोना परीक्षणको दायरा कस्तो छ ?**

होम आइसोलेसनमा बस्नुभएकाहरूलाई तुरुन्त स्वास्थ्यकर्मी घरमै गएर चेकजाँच गर्नुहुन्छ, यदी कोरोनाको संका र लक्षण भएमा पीसीआर तथा एन्टिजेन के गर्नुपर्ने हो त्यो गर्नु गर्नुभएको छ। हामीले पीसीआर भन्दा एन्टीजेन परीक्षण बढी गरेका छौं। गाउँपालिकाको वडाका टोलटोलमा हामीले शिविर चलाएर परीक्षण गरिहेका छौं। अहिलेसम्म ३ सय जति परीक्षण भएका छन्।

**✎होम आइसोलेसनको व्यवस्थापन कसरी गर्नुभएको छ ?**

हामीले गत वैशाख ९ गते गाउँकार्यपालिकाको बैठकबाटै निर्णय गरी होम आइसोलेसनलाई व्यवस्थित बनाउन लागेका थियौं। पालिकाभन्दा बाहिरबाट आउने सबैजना होम आइसोलेसनमा बस्नुहुन्छ। हामी सम्बन्धित वडाका स्वास्थ्यकर्मी र जनप्रतिनिधिहरू घरमै गएर उहाँहरूको स्वास्थ्यजाँच गर्नुहुन्छ। हामीले होम आइसोलेसनमा बस्नुभएकाहरूलाई भिटामिनहरू, च्वनप्रास, डिजिटल थर्मोमिटर, आवश्यकता अनुसार अक्सिमिटर, एन्टिबायोटिक औषधीहरू वितरण गरेका छौं। घरमै निको नभएर कसैलाई समस्या देखिएमा तुरुन्त कोभिड अस्पताल लाने र त्यहाँबाट उपचार गर्ने काम गरेका छौं। होम आइसोलेसनमा बस्नु भएकाहरूलाई

स्वास्थ्यकर्मीबाट निरन्तर फलो गर्ने काम भइरहेको छ। अहिले (जेठ १४) गते सम्म २ सय बढी होम आइसोलेसनमा बस्नुभएको छ। होम आइसोलेसनमा बसेकाहरूलाई अक्सिजनको आवश्यकता परेमा घरमै अक्सिजन पुऱ्याउने काम समेत गरिरहेका छौं। स्वास्थ्यकर्मीहरू घरमै गएर जाँच गर्नुहुन्छ। अक्सिजनको आवश्यकता देखियो भने घरमै अक्सिजन लगेर उपचार गरिरहेका छौं।

**✎ अन्त्यमा, कोभिड नियन्त्रण र व्यवस्थापनमा गाउँपालिकाको सिंगो टिमको भशमिका कस्तो रहेको छ ?**

यो कोभिड कोरोना महामारी हामीसँग दोश्रोपटक आएको छ। गत वर्षपनि हामी वडामा क्वारेन्टीनको व्यवस्थापन गरेका थियौं। वाहिरबाट आउँदा अप्ठेरो पर्नेहरूलाई सुनौलीसम्म पनि गाडी व्यवस्थापन गरी उद्धार गरिएको थियो।

अहिले पनि सिंगो टिम दिनरात नभनी काम गरिरहेका छौं। हाम्रा जनप्रतिनिधि साथीहरू कर्मचारी सरह नै काम गर्नुभएको छ। वडा वडामा पुग्ने विरामीको अवस्था बुझ्ने समस्या परे तुरुन्त रेस्क्यू गर्ने काम गरेका छौं। अहिलेसम्म त्यस्तो जटिलता आएको छैन। हामीसँग पर्याप्त अक्सिजन, स्वास्थ्यकर्मीहरू हुनुहुन्छ, त्यो भन्दा ठूलो हामीमा आत्मविश्वास छ, कि हामी हाम्रा नागरिकलाई यो महामारीबाट जोगाउन हरसम्भव लागेका छौं, लाग्नेछौं। हाम्रो यो अभियानमा निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, विभिन्न संघसंस्थाहरू, पत्रकार तथा देश तथा विदेशमा रहनुभएका आम नेपाली नागरिकहरूबाट सहयोग भएको छ। हामी सवैप्रति आभारी छौं। *(प्रस्तुत सामग्री पाल्पापाटी अनलाइनमा प्रकाशित अन्तर्वार्तालाई केही सम्पादनसहित समावेश गरिएको हो।)*



अन्तर्वार्ता

# प्राथमिकताका आधारमा नागरिकको आवश्यकता पूरा गर्नेतर्फ अग्रसर छौं : उपाध्यक्ष सरस्वती चिदी



**सरस्वती चिदी**
उपाध्यक्ष
वगनासकाली गाउँपालिका

सरस्वती चिदी दर्लामी बगनासकाली गाउँपालिका उपाध्यक्ष एवम् न्यायिक समिति संयोजक हुनुहुन्छ । गाउँपालिकाको विकासमा नागरिकको भूमिका महत्वपूर्ण हुन्छ भन्ने मान्यता राख्ने चिदी निरन्तर गाउँवस्तीमा जनताका सुख, दुःखमा सरिक हुँदै आउनुभएको छ । नागरिकको समस्या बभ्न घरदैलोमै पुगेरमात्र धेरै कुरा थाहा पाइने उहाँको धारणा छ । प्रस्तुत छ गाउँपालिकाकी उपाध्यक्ष एवम् न्यायिक समिति संयोजक चिदीसँग बगनासकाली पालिकाद्धारा प्रकाशित त्रैमासिक बुलेटिनका लागि गरिएको संक्षिप्त कुराकानी :

**✍गाउँपालिकामा न्याय सम्पादनमा के कस्तो समस्या देख्नु भएको छ ?**

पालिकास्तरीय न्यायिक समिति सञ्चालनमा रहेपनि आवश्यक तालिम अभावका कारण हामीले सोचेजस्तो गरी कार्यसम्पादन गर्न सकेनौं। पछिल्लो चरण समितिलाई विभिन्न निकायबाट प्राप्त तालिमले कार्यसम्पादनमा केही सहज भएको अनुभूति गरेका छौं। पालिकामा न्यायिक समिति कार्यविधिसम्बन्धी ऐन त छ तर इजलास र कर्मचारी छैनन्। हामीले मेलमिलापको ढाँचामा काम गरिरहेका छौं। कतिपय वडामा मिल्ने मुद्दालाई वडाअध्यक्षलाई नै मिलाउन पठाइदिने गरेका छौं। पालिकाले सामान्य झैंझगडा, असमझदारीलाई स्थानीयस्तरमै सुल्झाउन दुवै पक्षलाई भेला गराएर बहस गराउने र मिलाउने क्रमलाई जारी राखेका छौं।

**✍स्थानीय तहमा जनताका समस्या समाधान गर्न खोज्दा कस्ताखालका चुनौती सामना गर्नुभएको छ?**

काम गर्ने सन्दर्भमा चुनौतीहरू त आइहाल्छन्। हामी प्राथमिकताका आधारमा नागरिकको आवश्यकता पूरा गर्नेतर्फ अग्रसर भइरहेका छौं। विकासे काममा ढिलो गरी सम्झौता गर्नुहुँदैन, असारे विकासलाई ताक्ने प्रवृत्तिको अन्त्य गरिनुपर्छ भन्ने उद्देश्यअनुसार काम अगाडि बढाएका छौं। जनताको आवश्यकता के हो भन्ने पहिचान गरेर आवश्यकताका आधारमा योजना छनोट गरियो भने त्यसको अनुभूति पनि जनताले पाउँछन् भनेर हामीले त्यही अनुसार पूर्वाधार विकाससँगै नागरिकको सीप, क्षमता चेतनास्तर वृद्धि गर्नेगरी कार्यक्रम अगाडि बढाएका छौं।

**✍अहिले स्थानीय सरकार सञ्चालन गरिरहँदा आफैंले बनाएका नीतिनियमका कुराले कहिलेकाँही समस्या ल्याउँछन् कि ल्याउँदैनन् ?**

केही केन्द्र तथा प्रदेशका नीति स्थानीय तह अनुकूल छैनन्। स्थानीय तहमा निर्माण गरेका नीति, नियम नागरिकका बीचमा छलफल गरेर बनाइएका छन्। अझै स्थानीयस्तरको मनोभावना र सुहाउँदो नीतिका बारेमा छलफल गर्ने, परिमार्जन गर्ने, गरिरहेका छौं। पुराना कर्मचारीबाट त्यति समस्या भएको हामीले देखेका छैनौ। तथापि नयाँ कर्मचारी पनि हामीसँग हुनुहुन्छ। पुराना कर्मचारीको अनुभव र नयाँ कर्मचारीको जोशलाई समायोजन गरेर जनशक्ति परिचालन गरेका छौं। नागरिकका धेरै समस्या अझै पनि समाधान गर्नुपर्ने छन्। जनताको काम छिटो छरितो र झन्झटमुक्त किसिमले भइदिए हुन्थ्यो भन्ने हाम्रो चाहना हो। संघ तथा प्रदेश सरकारले स्थानीयस्तरको समस्या, भावना बुझेर हामीसँग प्रत्यक्ष जोडिएर काम गरुन भन्ने अपेक्षा छ। यसबाट नागरिकको विकासमा अपनत्व हुन्छ भन्ने हामीलाई लागेको छ।

**✍अन्त्यमा,**

योजना प्रभावकारी बनाउन बजेटको सवाल आउँछ। बजेट अभाव सबैभन्दा ठूलो समस्या हो। केन्द्र र प्रदेशले दिने अनुदानको दायरामा रहेर योजना बनाउनुपर्ने बाध्यता छ। मतदाताका अपेक्षा अनगिन्ति छन् तर स्रोत थोरै छ। सोचेजति काम गर्न गाह्रो छ। सीमित स्रोतसाधन र एकै खालको भौगोलिक अवस्था नरहेको कारण बस्तीवस्तीमा चाहेको जस्तो विकास पुऱ्याउन समस्या देखापरेको छ। हामीले सक्दासम्म सवै वार्डका समुदायलाई भेट्ने कोशिस गरेका छौं। विभिन्न राय सुझाव संकलन गर्दै कार्यपालिका बैठकबाट त्यसलाई निवारण गर्ने प्रयास गरेका पनि छौं।■

रोजगार

# लघु उद्यम र मेड मोडल



**यादव प्रसाद न्यौपाने**
आलेप अधिकृत

**परिचय** :

लघु उद्योगले घरघरमा सञ्चालन गर्न सकिने साना लगानीका उद्योगलाई बुझाउँछ। यसका साथै घर जग्गा बाहेक बढीमा २० लाख रूपैंयासम्म स्थिर पुँजी लगानी हुने, उद्यमी स्वयं उद्योगको सञ्चालन तथा व्यवस्थापनमा संलग्न रहेको, उद्यमी समेत बढीमा ९ जना कामदार रहेको, वार्षिक आर्थिक कारोबार १ करोड रूपैंया भन्दा कम रहेको र इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत् मोटर वा अन्य तेल इन्जिन शक्ति क्षमता २० किलोवाट वा सो भन्दा कम हुने उद्यमलाई लघु उद्यम भनिन्छ। लघु उद्यम खासगरी साना, मझौला तथा ठूला उद्योगको जग हो र स्थानीय आर्थिक क्रियाकलापको महत्त्वपूर्ण आधारशिला पनि हो।

बजारमा होलसेलमा आँप किनेर नाफा राखेर आँप नै वेच्नु व्यापार हो भने आँप नै उत्पादन गर्ने वा आँप खरिद गरेर यसवाट वन्ने जुस वा अन्य परिकार बनाई बेच्नु उद्यम हो। यसर्थ व्यापारमा लगानी गर्ने वित्तिकै प्रतिफलको अपेक्षा हुन्छ भने उद्यमवाट प्रतिफल पाउन केही समय लाग्न सक्छ।

**लघु उद्यम व्यवसायको उद्देश्यहरू**:

लघु उद्योगको मुख्य उद्देश्य भनेको बेरोजगारी र अर्ध-बेरोजगारीको समस्या समाधान गर्नु हो। लघु उद्यमहरूको माध्यममा पुँजीका इकाईहरू अपेक्षाकृत श्रममूलक हुने भएकोले यसले रोजगारीका अवसरहरूलाई बढाउने गर्दछ। यसको अर्को उद्देश्य आर्थिक शक्तिको समान वितरण गर्नु हो। साना उद्योगहरूमार्फत औद्योगिक विकेन्द्रीकरण सम्भव हुन्छ। यसले देशको आर्थिक विकासमा प्राविधिक सन्तुलन कायम गर्दछ। क्षेत्रीय प्राविधिक असमानता घटाउँदछ। लघु उद्यम श्रम प्रधान प्रविधिमा आधारित हुने भएकोले श्रमिकहरूको प्रशस्ततालाई सुनिश्चित गर्दै औद्योगिक शान्ति स्थापना गर्दछ। लघु उद्योगहरूको माध्यमबाट देशको सभ्यता र संस्कृति सुरक्षित राख्न सकिन्छ। कलात्मक एवं परम्परागत वस्तुहरू अधिकांश श्रम प्रधान प्रविधिमा आधारित लघु उद्योगहरूद्वारा उत्पादित हुन्छन् जसले उद्योगहरूमा आपसी सद्भाव, समानता र भातृत्वको भावनालाई प्रबल गर्दछ। लघु उद्योगहरूले मुख्यतः प्राकृतिक स्रोतहरूको अधिकतम उपयोग गर्दछ। उनीहरूले अधिक विदेशी मुद्रा आर्जन गरी व्यापारको सन्तुलन र भुक्तानीको सन्तुलनलाई अनुकूल बनाउँदछ। लघु उद्यमले सर्वसाधारणलाई उत्तम उपभोग्य वस्तुहरू प्रदान गर्दछ। उनीहरूले सकेसम्म उत्तम उत्पादन गर्ने लक्ष्य राख्दै राष्ट्रिय अर्थतन्त्रमा महत्तवपूर्ण भूमिका खेल्दछन्।

**महत्व**

वैदेशिक श्रम शक्तिलाई कृषि क्षेत्रले मात्र ग्रहण गर्न नसक्ने हुँदा स्थानीयस्तरमै स-साना लघु व्यवसाय खोली रोजगारी प्रवर्द्धनको अवसर रहेको छ। स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित व्यवसायको सिर्जना गर्न सकिएमा त्यस्ता व्यवसाय टिकाउ हुने हुँदा बाह्य आयातित सीप र कच्चा पदार्थमा आधारित उद्योगको तुलनामा हाम्रा परम्परागत कला, संस्कृति र सीप अनुरूपका व्यवसायमा आय तथा रोजगारीका सम्भावना बढी रहेको छ।

संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले दक्ष जनशक्तिको उत्पादनबाट स्थानीय स्तरमा आयमूलक रोजगारीका अवसरहरू सिर्जना गर्न विभिन्न किसिमका सीप तथा व्यवसायमूलक तालिमहरू सञ्चालन गर्दै आएका छन्। देश भरीमा घरेलु तथा साना उद्योग सम्बन्धी कार्यालयहरूबाट ८० भन्दा बढी विषयमा सीपमूलक तालिम दिँदै आएको छ। यस्ता तालिम प्राप्त जनशक्तिहरूलाई समृद्धिको आर्थिक विकासमा प्रयोग गर्न सकिने अवसर रहेको छ।

सरकारी तथा गैरसरकारी क्षेत्रबाट गरिएका विकास प्रयासहरू एकीकृत र नतिजामुखी नहुँदा यस क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन। तालिम दिने निकायले तालिमको लक्ष्य तोक्ने र जनशक्ति उत्पादन गर्ने, ऋण दिनेले ऋण लगानी र असुलीको लक्ष्य तोकी सो अनुरूप ऋण लगानी गर्ने, तर त्यो तालिम र ऋणको उद्देश्य के हो, सोको उद्देश्यअनुरूप नतिजा प्राप्त भएको छ/ छैन हेर्ने पद्धति विकास गर्न सकिने पर्याप्त अवसरहरू पहिल्याउन सकिने अवस्था रहेको छ।

ग्रामीण क्षेत्रमा खेर गइरहेको स्थानीय कच्चा सामानहरूलाई परम्परागत रूपमा प्रयोगगरी कृषिबाट फुर्सद हुने समयमा आफ्नो परिवारका सदस्यहरू तथा सीमित श्रमबाट पारिवारिक आवश्यक पूर्ति गर्नका लागि लघु उद्यम व्यवसाय अगाल्न सकिन्छ।

**लघु उद्यम विकास (मेड) मोडल** :

लघु उद्यम विकास (मेड) मोडल उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, सीप विकास तालिम, वित्तीय सेवामा पहुँच, प्रविधिमा पहुँच तथा बजारिकरण र व्यावसायिक परामर्श समेतको एकीकृत सेवा प्रदान गरी लघु उद्यमीको श्रृजना र विकास गर्ने कार्यान्वयनबाट सफल देखिएको


मोडल हो। यो मागमा आधारित अबधारण बमोजिम लक्षित वर्गहरूलाई एकीकृत सेवा प्रदान गरी उद्यमी श्रृजना गर्ने एउटा प्रकृया हो।

चित्र १ः मागमा आधारित रणनीति

**अन्तमा**ः

देशमा उद्यमको विकास हुँदा त्यसले रोजगारी सिर्जना गर्छ, बेरोजगारी घटाउँछ, व्यक्तिको आय बढाउछ, राज्यले उद्यमवाट कर उठाउने हुँदा राज्यको आय बढ्छ तथा देशको आयात घट्ने र निर्यात बढ्ने हुन्छ। व्यक्तिगत, साझेदारी, सहकारी तथा सामूहिक प्रयासबाट उद्यमशीलता वा व्यवसायको विकास गर्न सकिन्छ। स्थानीय स्तरमा उपलब्ध, स्रोत, साधन, पुँजी तथा प्रविधिको उपयोगको साथै सीपमूलक तालिम र वित्तीय पहुँच विकास गरी उद्यमशीलता विकास गर्न सकिन्छ।

चित्र १ः मागमा आधारित रणनीति




पर्यावरणीय सहित उद्यमशीलता पनि अबको आवश्यकता हो। मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमानदारी भएर अबको युवाहरूले उद्यमशीलतामा लाग्नुपर्छ।

सरकारी सेवा तथा निजी तर्फका ठूला तथा मझौला उद्योग तथा व्यवसायवाट मात्रै सवै जनातामा रोजगारी पुगेको हुँदैन। ग्रामीण क्षेत्रमा रहेका जनतालाई स्वरोजगार गराई स्थानीय पुँजी र श्रमको अधिकतम प्रयोग गरि आर्थिक लाभका अवसर प्रदान गर्न लघु उद्यम आवश्यक रहेको देखिन्छ। यसलाई स्थानीय आवस्यकता र उपलब्ध श्रोत साधनलाई समेत ध्यान दिदै मेड मोडललाई प्रयोग गर्नु उपयुक्त हुन्छ।■




# बगनासकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा

बैंकिङ्ग

# स्थानीय तहमा आयोजना बैङ्कको आवश्यकता



✍कोशल राज पौडेल
लेखा अधिकृत

संघीय लोकतान्त्रिक गणतन्त्रको माध्यमबाट दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने सोचका साथ नेपालको वर्तमान संविधान जारी भएको हो। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय व्यवस्थाको परिकल्पना गरेको छ। यी तीनै तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अधिकारको अभ्यास गर्ने गरी व्यवस्था गरेको छ। नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह विचको अन्तरसम्वन्धको व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्वन्ध सहकारिता, सहअस्थित्व र समन्वयको सिद्धान्तको आधारमा हुने व्यवस्था गरेको छ।

नेपाल सरकारले समृद्ध नेपाल सुखी नेपाली दिर्घकालीन सोचका साथ समृद्धिका चार र सुखका छ लक्ष्यका साथ पन्ध्रौ योजना काऱ्यान्यनमा ल्याएको छ। सन् द्दण्घण सम्म काऱ्यान्वयनमा रहने दिगो विकासको लक्ष्यलाई समेत आत्मसाथ गरेर आयोजनाहरूको तर्जुमा र छनौट गरेको छ। नेपाल सरकारले लिएको दिर्घकालीन सोच, दिगो विकास लक्ष्य, अन्तराष्ट्रिय क्षेत्रमा गरिएका प्रतिवद्धता, राष्ट्रिय प्राथामिकता प्राप्त क्षेत्रका आधारमा बार्षिक योजना तथा कार्यक्रम छनौट गरेको छ। प्रदेश सरकारहरूले पनि राष्ट्रिय विकास लक्ष्य सँग तादाम्यता हुने गरी आवधिक योजना र बार्षिक योजनाहरू तर्जुमा गरेका छन। स्थानीय तहहरुले पनि संघीय सरकार र प्रदेश सरकारको पदचाप पछाउदै आवधिक योजना र बार्षिक योजनाहरू तर्जुमा गरी काऱ्यान्वयन गरेका छन। प्रस्तुत आलेखमा स्थानीय तहसँग सम्वन्धित रहेर आयोजना बैंकको विवेचना गरीएको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउदा देहायका बिषयलाई प्राथामिकता दिनुपर्ने व्यवस्था गरेको छ।

क)आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने

ख)उत्पादमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

ग)जनताको जीवनस्तर आम्दानी र रोजगार बढ्ने

घ)स्थानीय बासिन्दाहरूको सहभागिता बढ्ने,स्वयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने

ङ)स्थानीय स्रोतसाधन र सीपको अधिकतम प्रयोग हुने

च)महिला वालवालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

छ)लैङ्गिक समानता र सामाजिक समाबेशीकरण अभिबृद्धि हुने

ज)दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुऱ्यामउने

झ)भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने।

स्थानीय तहले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथामिकीरण, योजना काऱ्यान्वयन तालिका र अनुगमन मुल्याङ्कन योजना समेत तयार गर्नुपर्ने ब्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐनले निर्दिष्ट गरेबमोजिम आयोजनाहरू छनौट गरी आयोजना बैंकमा समाबेश गरी प्राथामिकताका आधारमा काऱ्यान्वयन गर्नुपर्दछ तर व्यवहारिक रूपमा हेर्दा स्थानीय तहमा भनसुन, दवाव र प्रभावका आधारमा योजना तथा कार्यक्रमहरू तर्जुमा गरेको पाइन्छ। प्र्याप्त अध्ययन अनुसन्धान र जनसहभागिता विना तर्जुमा गरिएका योजनाहरू काऱ्यान्वयमा समस्या देखिएको छन।

**आयोजना बैङ्क**

काऱ्यान्वयनका लागि तयारी अवस्थामा राखिएका आयोजनाहरूको समुह आयोजना बैंक हो। विकास निर्माणका लागि आवश्यक आयोजनाहरूको आवश्यकताको पहिचान, पुर्वसम्भाव्यताको अध्ययन, लाभ लागत र जोखिम पक्षको अनुमान गरी आयोजनाको विस्तृत दस्तावेज तयार गरी काऱ्यान्वयनका लागि तयारी अवस्थामा राखिएका आयोजनाहरूको संग्रह नै आयोजना वैङ्क हो। आयोजना छनौटका सम्पुर्ण प्रक्रिया र चरणहरू पुरा गरी काऱ्यान्यनमा लैजानका लागि मौज्दातका रूपमा रहेका आयोजनाहरूको समुहलाइ आयोजना वैङ्क भनिन्छ। आयोजना वैङ्क आयोजनाहरूको संग्रह हो जसले आयोजना छनौट र काऱ्यान्वयनलाई प्रभावकारी बनाउँछ। यसले आयोजनाको काऱ्यान्वयनमा अनुशासन कायम गर्न सहयोग पुऱ्याउँछ।यसले आयोजनाहरूको काऱ्यान्वयनमा भविष्यवादी दुष्टिकोण राख्दछ। स्थानीय तहले आयोजना वैङ्कमा रहेका आयोजनाहरूलाई प्राथमिकीकरण

संघीय लोकतान्त्रिक गणतन्त्रको माध्यमबाट दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने सोचका साथ नेपालको वर्तमान संविधान जारी भएको हो। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय व्यवस्थाको परिकल्पना गरेको छ। यी तीनै तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अधिकारको अभ्यास गर्ने गरी व्यवस्था गरेको छ। नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह विचको अन्तरसम्वन्धको व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्वन्ध सहकारिता, सहअस्थित्व र समन्वयको सिद्धान्तको आधारमा हुने व्यवस्था गरेको छ।

नेपाल सरकारले समृद्ध नेपाल सुखी नेपाली दिर्घकालीन सोचका साथ समृद्धिका चार र सुखका छ लक्ष्यका साथ पन्ध्रौ योजना कार्यान्वनमा ल्याएको छ। सन् द्दण्ण सम्म कार्यान्वयनमा रहने दिगो विकासको लक्ष्यलाई समेत आत्मसाथ गरेर आयोजनाहरूको तर्जुमा र छनौट गरेको छ। नेपाल सरकारले लिएको दिर्घकालीन सोच, दिगो विकास लक्ष्य, अन्तराष्ट्रिय क्षेत्रमा गरिएका प्रतिवद्धता, राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रका आधारमा बार्षिक योजना तथा कार्यक्रम छनौट गरेको छ। प्रदेश सरकारहरूले पनि राष्ट्रिय विकास लक्ष्य सँग तादाम्यता हुने गरी आवधिक योजना र बार्षिक योजनाहरू तर्जुमा गरेका छन। स्थानीय तहहरूले पनि संघीय सरकार र प्रदेश सरकारको पदचाप पछाउदै आवधिक योजना र बार्षिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गरेका छन। प्रस्तुत आलेखमा स्थानीय तहसँग सम्वन्धित रहेर आयोजना बैंकको विवेचना गरीएको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउदा देहायका बिषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरेको छ।

क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
ख) उत्पादमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
ग) जनताको जीवनस्तर आम्दानी र रोजगार बढ्ने
घ) स्थानीय बासिन्दाहरूको सहभागिता बढ्ने, स्वयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
ङ) स्थानीय स्रोतसाधन र सीपको अधिकतम प्रयोग हुने
च) महिला वालवालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
छ) लैङ्गिक समानता र सामाजिक समाबेशीकरण अभिबृद्धि हुने
ज) दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुऱ्यामउने
झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने।

स्थानीय तहले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथामिकीरण, योजना कार्यान्वयन तालिका र अनुगमन मुल्याङ्कन योजना समेत तयार गर्नुपर्ने ब्यवस्था गरेको छ।स्थानीय सरकार संचालन ऐनले निर्दिष्ट गरेबमोजिम आयोजनाहरू छनौट गरी आयोजना बैंकमा समाबेश गरी प्राथामिकताका आधारमा कार्यान्वयन गर्नुपर्दछ तर व्यवहारिक रूपमा हेर्दा स्थानीय तहमा भनसुन, दवाव र प्रभावका आधारमा योजना तथा कार्यक्रमहरू तर्जुमा गरेको पाइन्छ। प्रर्याप्त अध्ययन अनुसन्धान र जनसहभागिता विना तर्जुमा गरिएका योजनाहरू कार्यान्वयमा समस्या देखिएको छन।

### आयोजना बैङ्क

कार्यान्वयनका लागि तयारी अवस्थामा राखिएका आयोजनाहरूको समुह आयोजना बैंक हो। विकास निर्माणका लागि आवश्यक आयोजनाहरूको आवश्यकताको पहिचान, पुर्वसम्भाव्यताको अध्ययन, लाभ लागत र जोखिम पक्षको अनुमान गरी आयोजनाको विस्तृत दस्तावेज तयार गरी कार्यान्वयनका लागि तयारी अवस्थामा राखिएका आयोजनाहरूको संग्रह नै आयोजना वैङ्क हो। आयोजना छनौटका सम्पुर्ण प्रक्रिया र चरणहरू पुरा गरी कार्यान्यनमा लैजानका लागि मौज्दातका रूपमा रहेका आयोजनाहरूको समुहलाइ आयोजना वैङ्क भनिन्छ। आयोजना वैङ्क आयोजनाहरूको संग्रह हो जसले आयोजना छनौट र कार्यान्वयनलाई प्रभावकारी बनाउँछ। यसले आयोजनाको कार्यान्वयनमा अनुशासन कायम गर्न सहयोग पुऱ्याउँछ।यसले आयोजनाहरूको कार्यान्वयनमा भविष्यवादी दुष्टिकोण राख्दछ। स्थानीय तहले आयोजना वैङ्कमा रहेका आयोजनाहरूलाई प्राथमिकीकरण गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सोही प्राथमिकताका आधारमा छनौट गर्नु पर्दछ।

मुलुकको सन्तुलित र समानुपातिक विकासका लागि लगानीका अवसरहरू पहिचान गरी परिपक्क रूपमा योजनाको पहिचान र छनौट गर्न आयोजना वैङ्कको स्थापना गर्नु पर्दछ। नेपाल सरकारले आयोजना वैङ्कको स्थापना गरी आयोजना कार्यान्वयनको चरणमा लगेको छ। प्रदेश सरकार र स्थानीय तहहरूले पनि आ-आफ्नो आयोजना वैङ्क तयार गरी कार्यान्यन गर्नुपर्ने देखिन्छ। विकास योजनाहरू गुणस्तरयुक्त र तोकिएको समयमा पुरा गर्न आयोजनाहरूको सही पहिचान गरी छनौट गर्ने प्रणालीको विकास गर्नुपर्दछ। प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न प्राथमिकीकरणका आधारमा आयोजनाहरूको कार्यान्वयन गर्नुपर्दछ। नेपालमा कार्यान्वयनमा रहेका अधिकांश योजनाहरू पुर्व तयारी विना, लाभ लागत विश्लेषण विना र हजुवाको भरमा कार्यान्वयनमा लगिएकाले समस्याग्रस्त अवस्थामा रहेका छन्। आयोजना वैङ्क संघ, प्रदेश र स्थानीय तहले स्थापना गरी योजना तर्जुमा गरेमा वित्तिय अनुशासन कायम गर्न र सार्वजनिक लगानीका लागि थप अवसर जुटाउन सकिन्छ।

### स्थानीय तहमा आयोजना वैङ्कको आवश्यकता

स्थानीय तहमा विस्तृत सम्भाब्यता अध्ययनबाट सम्भाव्य देखिएका आयोजना प्राथमिकीकरणको आधारमा वातावरणीय प्रभाव अध्ययन लगायतका सम्पुर्ण कार्यहरू पुरा गरी आयोजनाहरूलाई आयोजना बैंकमा राख्नुपर्दछ। स्थानीय तहमा आयोजना बैंकको आवश्यकतालाई देहाय अनुसार बुँदागत रूपमा प्रष्ट पार्न सकिन्छ।

- स्थानीय तहको सन्तुलित र समानुपातिक विकास गर्न,
- स्थानीय तहको माग र आवश्यकताका आधारमा आयोजनाहरूको छनौट गरी

कार्यान्वयन गर्न,

- स्थानीय तहमा आयोजनाहरूको छनौट र कार्यान्वयनमा अनुशासन कायम गर्न,
- आयोजनाको पहिचान, छनौट र मुल्याङ्कन जस्ता पुर्व तयारी विना योजना छनौट गर्ने परीपाटीको अन्त्य गर्न,
- स्थानीय तहका आयोजनाको लाभ लागत विश्लेषण गर्न,
- स्थानीय तहको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी जुटाउन,
- स्थानीय तहमा सार्वजनिक-नीजि लगानीलाई प्रोत्साहन गर्न,
- स्थानीय तहका गौरबका आयोजनाहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन र त्यस्ता आयोजनाहरूको स्रोत सुनिश्चित गर्न,
- सार्वजनिक, नीजि र बैदेशिक स्रोतको परिचालन गरी दिगो र सन्तुलित विकास गर्न,
- तोकीएको गुणस्तर, परिणाम, लागत र समयमा स्थानीय आयोजनाहरू सम्पन्न गर्न,
- भनसुन, दबाव र प्रभावका आधारमा आयोजना छनौट गर्ने परीपाटीको अन्त्य गर्न,
- जथाभावी बजेट छर्ने र अनुत्पादक क्षेत्रमा लगानी गर्ने परीपाटीको अन्त्य गर्न,
- प्रदेश र संघीय सरकारमा समपुरक तथा बिशेष अनुदानका लागि आयोजना पठाउन सहज हुने।

**स्थानीय तहमा आयोजना वैङ्क स्थापनामा देखिएका प्रमुख समस्याहरू**

स्थानीय तहमा पर्याप्त अध्ययन अनुसन्धान नगरी त्रुटीपुर्ण ढंगले ड्इङ, डिजाइन, र लागत अनुमानको तर्जुमा गरी लाभ लागत विश्लेषण विना दिगोपना नभएका टुक्रे योजनामा बजेट छर्ने प्रवृत्तिले आयोजना कार्यान्वयनमा समस्या देखिएको छ। स्थानीय तहमा आयोजना बैंक स्थापनामा देखिएका समस्याहरू देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ।

- अधिकांश स्थानीय तहको आवधिक योजना नबनेका कारणले आयोजना छनौटमा समस्या देखिएको छ।
- नेपाल संघीय शासन व्यवस्थामा गएपनि राजनीतिक, प्रशासनिक र वित्तीय संघीयताको पुर्ण कार्यान्वयन हुन सकेको छैन।
- स्थानीय तहमा विशिष्ट ज्ञान, सीप र क्षमता भएका दक्ष जनशक्तिको अभाव रहेको छ।
- अधिकांश स्थानीय तहहरूले मध्यकालीन खर्च संरचना (MTEF) समेत तयार गर्न सकेका छैनन।
- आयोजना वैङ्कको कार्यान्वयनमा लागि आवश्यक कार्यविधी तथा मापदण्ड तयार गर्न सकिएको छैन।
- स्थानीय तहको नेतृत्व दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यमा भन्दा बढी तत्कालिन समस्यामा केन्द्रित भई आयोजनाहरूको छनौट गर्ने गरेका छन।
- संघ र प्रदेश सरकारको योजना छनौट प्रक्रिया सहभागितामुलक एवं मागमा आधारित हुन सकेको छैन।
- संघीय सरकार र प्रदेश सराकारको पदचापलाई स्थानीय सरकारले पछाउन सकेको छैन।
- स्थानीय तहमा स्रोत साधन अभाव हुनु तथा आन्तरिक र वाह्य स्रोत परिचालनको अवस्था कमजोर रहेको छ।

**स्थानीय तहमा आयोजना बैंक स्थापनाका सम्भावना र अवसरहरू**

स्थानीय तहले प्रयाप्त अध्ययन गरी लाभ लागतको विश्लेषण गरी दिगोपना भएका आयोजनाहरू मात्र आयोजना बैंकमा समाबेश गर्न सकेमा आयोजना बैंकमा अनेक सम्भावनाहरू रहेका छन। आयोजना बैंक स्थापनाका सम्भावना तथा अवसरहरू निम्नानुसार रहेका छन।

- स्थानीय तहले आवधिक योजना र मध्यकालीन खर्च संरचना (MTEF) तयार गर्ने क्रम बढेको छ।
- संघीयता सँगै स्थानीय तहको नेतृत्वमा सेवा र विकासको भोक जागेको छ।
- चालु पन्ध्रौ योजनाले प्रदेश स्थानीय तहमा आयोजना बैंक स्थापनाका लागि सहजीकरण गर्ने व्यवस्था गरेको छ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको बढ्दो मागले स्थानीय तहमा समेत प्राविधिक जनशक्ति तयार हुन थालेका छन।
- आर्थिक बर्षको प्रारम्भबाट नै आयोजना कार्यान्वयनमा जाने अवसर मिलेको छ।
- तीनै तहका सरकारले प्राथामिकता प्राप्त क्षेत्रमा लगानी गर्ने नीति तयार गरेका छन।
- विगतमा गरीएका अपरिपक्क आयोजनाहरूको पहिचान तथा छनौटले पारेको नकारात्मक असरहरूप्रति स्थानीय नेतृत्व जागरुक भएका छन।
- सार्वजनिक-नीजि साझेदारीमा स्थानीय आयोजनाहरू संचालन गर्न सक्ने अवस्था रहको छ।

**स्थानीय तहको आयोजना बैंकलाई प्रभावकारी बनाउने उपायहरू**

स्थानीय तहमा स्थापना गरीएको आयोजना बैंकको सफल कार्यान्वयका लागि प्रभावकारी बनाउने उपायहरू निम्नानुसार रहेका छन।

- स्थानीय तहको बार्षिक कार्यक्रमलाई आवधिक योजना र मध्यकालीन खर्च संरचनासँग आवद्ध गर्ने।
- आयोजना बैंक स्थापनाका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गर्ने।
- स्थानीय तहमा दक्ष र सीपयुक्त जनशक्ति तयार गर्न जनशक्तिको क्षमता विकास गर्ने
- आयोजना बैंकका लागि आवश्यक सफ्टवेयरको स्थापना, विकास र संचालन गर्ने
- स्थानीय तहले आयोजना बैंक स्थापना र संचालन सम्बन्धी कार्यविधि र निर्देशिका तयार गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने
- स्थानीय तहले बार्षिक कार्यक्रम तर्जुमा गर्दा आयोजना बैंकबाट छनौट गरी तयार गर्ने
- संघीय र प्रदेश सरकारमा समपुरक र बिशेष अनुदानका लागि योजना पठाउदा आयोजना बैंकबाट पठाउने परिपाटीको विकास गर्ने
- प्राथामिकता प्राप्त क्षेत्रमा मात्र बजेटको विनियोजन गर्ने, जताभावी बजेट छर्ने प्रवृत्तीको अन्त्य गर्ने
- आयोजना बैंकमा रहेका योजनाहरूलाई स्रोतको सुनिश्चितता गर्ने
- सम्भाव्यता अध्ययन भईसकेका आयोजना मात्र प्राथामिकताका आधारमा छनौट गर्ने
- स्थानीय तहको योजनाको पहिचान, मुल्याङ्कन, छनौट र प्राथामिकीकरण गर्न मापदण्ड बनाई लागू गर्ने
- स्थानीय तहले नीजि क्षेत्र, सहकारी र गैरसरकारी सँस्थालाई समेत विकास प्रक्रियामा सहभागि गराउने

**निष्कर्ष** :-

स्थानीय तहले बजेटको तर्जुमा गर्दा मध्यकालीन खर्च संरचना, आवधिक योजना र कार्यक्रम सँग तालमेल हुने गरी दिगो विकासका

लक्ष्य प्राप्त हुने गरी तर्जुमा गर्नुपर्दछ। आयोजना छनौटमा पर्याप्त अध्ययन अनुसन्धान गरी, विस्तृत सम्भाब्यता अध्ययनबाट सम्भाव्य देखिएका आयोजनाहरूको वातावरणीय प्रभाव अध्ययन गरी, लाभ लागत विश्लेषणका आधारमा दिगोपना भएका योजनाहरू छनौट गरी आयोजना बैंङ्कमा प्रविष्टि गर्नुपर्दछ। उक्त आयोजना बैंकमा रहेका आयोजनाहरू प्राथामिकताका आधारमा कार्यान्वयन गर्दै जानुपर्दछ। आयोजनाहरूको वर्गीकरण गरी आयोजनाको दोहोरोपना हटाउने, आयोजना कार्यान्वयनमा रहने कर्मचारीको क्षमता विकास गर्ने, कार्यसम्पादनलाई वृत्ती विकास सँग आवद्ध गर्ने र प्रभावकारी अनुगमन मुल्याङ्कन प्रणालीको विकास गर्ने गर्न सकिएमा आयोजनाको प्रभावकारी कार्यान्वियनबाट विकासका निर्दिष्ट लक्ष्यहरू प्राप्त गर्न सकिन्छ। त्यसैले संघ, प्रदेश र स्थानीय तहले आयोजना बैंकको स्थापना गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। ■

*(लेखक बगनासकाली गाउँपालिका पाल्पाका लेखा अधिकृत हुनुहुन्छ)*

## बगनासकाली गाउँपालिकास्तरीय महिला समन्वय समितिको पदाधिकारी/सदस्यको नामावली :

| सि.नं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | सरस्वती चिदी | संयोजक | उपाध्यक्ष, बगनासकाली गाउँपालिका |
| २. | दुर्गा राना | कोषाध्यक्ष | बगनासकाली वडा नं.-१, पाल्पा |
| ३. | अप्सरा गैरे | सदस्य | बगनासकाली वडा नं.-१, पाल्पा |
| ४. | उर्मिला कुँवर | सचिव | बगनासकाली वडा नं. ३, पाल्पा |
| ५. | देवी अर्याल | सदस्य | बगनासकाली वडा नं. ४, पाल्पा |
| ६. | गोमा गैरे | सह-सचिव | बगनासकाली वडा नं. ५, पाल्पा |
| ७. | नेत्रा पाण्डे | सदस्य | बगनासकाली वडा नं. ६, पाल्पा |
| ८. | नैनादेवी तिमिल्सिना | सदस्य | बगनासकाली वडा नं. ७, पाल्पा |
| ९. | विमला बस्याल | सदस्य | बगनासकाली वडा नं. ८, पाल्पा |
| १०. | पेमा बस्याल | सह-संयोजक | बगनासकाली वडा नं.-९, पाल्पा |

## बगनासकाली गाउँपालिकास्तरीय एकल महिला समूहका सदस्यहरूको नामावली :

| सि नं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १. | विना गौतम | अध्यक्ष | बगनासकाली-३, पाल्पा |
| २. | मिना दिशा | उपाध्यक्ष | बगनासकाली-१, पाल्पा |
| ३. | ओमकला बस्याल | सचिव | बनागसकाली-२, पाल्पा |
| ४. | मनकुमारी मश्राङ्गी | कोषाध्यक्ष | बगनासकाली-५, पाल्पा |
| ५. | खिनासरा कनौजे | सदस्य | बगनासकाली-४, पाल्पा |
| ६. | शान्ती सुनार | सदस्य | बगनासकाली-६, पाल्पा |
| ७. | जानुकी परियार | सदस्य | बगनासकाली-७, पाल्पा |
| ८. | तारा बस्याल | सदस्य | बगनासकाली-८, पाल्पा |
| ९. | अम्बिका कुमारी बस्याल | सदस्य | बगनासकाली-९ पाल्पा |

## स्वस्थ रहनको लागि हाम्रो अनुरोध । स्वस्थ रहन ध्यान दिनुपर्ने कुराहरू :

१. धेरै मसलादार खाना नखानुहोस्।
२. धेरै चिल्लो, पिरो नखानुहोस्।
३. बासी खाना नखानुहोस्।
४. धेरै बोसोयुक्त खाना नखानुहोस्।
५. जाँडरक्सी नखानुहोस्।
६. मासुलाई भान्सामा बासी नराख्नुहोस्।
७. मासुलाई पोलेर नखानुहोस्।
८. मासु काँचै पनि नखानुहोस्।
९. चाडवाडमा अपच हुनेगरी खाना नखानुहोस्।
१०. रोगी जनावरको मासु नखानुहोस्।
११. ब्रतबस्ने नाममा खाली पेट नबस्नुहोस्।
१२. पानी उमालेर, प्रसस्त मात्रामा पिउनुहोस्।
१३. फलफुल, सलादहरू प्रसस्त खानुहोस्।
१४. नुन, चिनी र मैदाबाट बनेका खाना कम खानुहोस्।
१५. जंक फुड (पत्रु खाना)लाई निरुत्साहित गर्नहोस्।।

# आ.व. २०७७/०७८ मा स्वास्थ्य शाखाको संक्षिप्त कार्यप्रगति विवरण



मणिराम अधिकारी
स्वास्थ्य शाखा प्रमुख

बगनासकाली गाउँपालिका पाल्पाको स्वास्थ्य शाखाबाट सम्पन्न गरिएका आर्थिक वर्ष २०७७।०८ का कार्यप्रगतिलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ। खासगरी कोभिड विशेषका कार्यक्रमसँगै यो आर्थिक वर्ष वर्थिङ् सेन्टरसहितको पूर्वाधार विस्तारमा स्वास्थ्य शाखाबाट कार्यक्रमहरू सम्पादन भएको छ।

१. बगनासकाली - २ पोखराथोकमा कोभिड- १९ अस्थायी अस्पताल स्थापना गरी आवश्यक कर्मचारी तथा सामानहरूको ब्यवस्थापन गरिएको छ।

२.कोभिड अस्पतालमा बिरामीहरूका लागि सम्पूर्ण औषधी तथा खाना खाजासमेत निःशुल्क गरिएकोमा हाल सम्म २० जनाले सेवा लिएका छन्।

३.स्वास्थ्य संस्थाहरूका लागि आवश्यक औषधी तथा सामानहरू राष्ट्रिय रूपमा बिद्युतिय बोलपत्र आह्वानगरी प्रतिस्पर्धा गराई औषधी खरिद गरिएको छ।

४.समुदायस्तरमा कोभिड रोगको रोकथामका लागि समुदायमा माईकिङ्ग, सम्पूर्ण बिद्यालय तथा ४४ वटा आमा समुहमा स्वास्थ्य शिक्षा सचेतिकरण कार्यक्रम सञ्चालन गरिएको छ।

५.समुदायस्तरमा आ.व. २०७/०७८ मा मात्र गा.पा.बाट मात्र ५९१ जनाको पि.सि.आर. गरिएकोमा १९२ जनाको पोजेटिभ र ३४४ जनाको एन्टिजेन गरिएकोमा ८८ जनाको पोजेटिभ भएको छ।

६. हाल (यो सामग्री तयार गर्दासम्म) बगनासकालीमा ४४९ जना संक्रमित हुनु भएकोमा संक्रमित ४४ जना र मृत्यु २० जनाको मृत्यु भएको छ।

७. बगनासकालीमा हाल कोभिड १९ बिरुद्धको ३४६ जनाको कोभिड बिरुद्ध पूर्णखोप लगाईएको ११५३ जना जेष्ठ नागरिकहरूलाई कोभिशिल्ड पहिलो मात्रा लगाईएको र ३३१ जनालाई भेरोसेल लगाउने क्रममा रहेको छ। (जम्मा १८३० जनाको मात्र खोप सुनिश्चित भएको छ।)

८.खानीगाँउ स्वास्थ्य चौकीको भवन निमार्ण कार्य सम्पन्न भएको र उक्त भवनमा आवश्यक सामानहरू ब्यवस्थापन गरी बर्थिङ्ग सेन्टर सञ्चालनको तयारीमा रहेको छ।

९. खानीछाप स्वास्थ्य चौकी र चिर्तुङ्गधारा स्वास्थ्य चौकीको भवन निमार्णको बोलपत्र आवहानगरी निमार्ण कार्य भई रहेको छ।

१०.पोखराथोक स्वास्थ्य चौकीको भवनको डि.पि.आर. अनुसार भवन निमार्ण कार्य शुरु भएको छ।

११.दर्लमडांडा, यम्घा र दर्पुक सामुदायीक स्वास्थ्य ईकाईको भवन निमार्ण कार्य सम्पन्नताको तयारीमा रहेको छ।

१२.महिलाहरूको पाठेघरको मुखको क्यान्सरको परिक्षण १०३ जनालाई गरिको र १ जनाको पोजेटिभ भएको,४ जनाको पाठेघर खसेको ४ जना, जन्मान्तरका लागि लामो अवधिको परिवार नियोजन सेवा लिनेको सख्या ३ जनालाई सेवा दिईएको छ।

१३. बगनासकाली गा.पा.का सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट आ.व. २०७७/०७८मा ६२७० जना बिरामीहरूको स्वास्थ्य संस्थामा उपचार गरिएको छ।

१४. बगनासकालीमा जम्मा ५६७ जनाले नियमित अस्थायी परिवार नियोजन सेवा लिई रहेका छन् भने १५१ जना स्थायी परिवार नियोजन गर्नेहरूरहेका छन्।

१५.गर्भवती र अभिभावकबीच सुनौला हजार दिन तथा स्वास्थ्य सम्विन्ध सचेतिकरण अभियान सवै वडामा सञ्चालन गरिएको छ।

१६.पूर्णखोप तथा पूर्ण संस्थागत सुत्केरी भएको गाउँपालिकाको लागि तथ्याङ्क संकलन गरी पूर्णताको सुनिश्चितता भएको छ।

१७. बगनासकाली गाउँपालिकाको सवै वडा तथा पालिकाको स्वास्थ्य स्टोर तथा सम्पूर्ण खाले रिपोर्टहरू अनलाईनमा राखि प्रबिधिको उपयोग गरिएको छ।

१८.कोभिड नियन्त्रणमा बिनिन्न संघ तथा ब्यक्तिहरूबाट अक्सिजन तथा बिभिन्न सामानहरू प्राप्त गरी सहि सदुपयोग गरिएको छ।

१९. कोभिड बिरामीहरू को घरघरमा उपचारका लागि २४५ को घरलाई चेमनप्राससहित औषधी, आवश्यकता अनुसार अक्सिमिटरको ब्यवस्था गरिएको छ।

२० स्वास्थ्य सुरक्षाको सामानहरू सुपथ मुल्यमा प्रयाप्त ब्यवस्थापन तथा बितरण भई रहेको छ।

२१. सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा अनसाईड कोचिङ्ग कार्यक्रम सञ्चालन गरी सेवाको गुणस्तरियतामा ध्यान दिईएको छ।

२२. घरघरमा सुत्केरी परीक्षण कार्यक्रम साथमा न्यानो झोला शतप्रतिशतलाई बितरण गर्ने ब्यवस्था गरिएको छ।

२३.सुत्केरी पोषण तथा यातायात रु १५००।- प्रतिब्यक्ति बितरण भई रहेको छ। हालसम्म २०० जनाको बितरण भई सकेको छ।

२४ बगनासकालीका १०६६ जनाको दीर्घ रोगीहरूको नियमित औषधीहरू उपलब्ध गराईरहेको छ।

२५ बगनासकालीमा ४४ जना स्वास्थ्य आमा समुह गठन गरी सक्रिय गराउने कोशिस गरिएको छ।

२६. महिला स्वास्थ्य स्वयम सेविकाको लागि यातायात अर्धबार्षिक रूपमा र पोषाक खर्च बितरण गरिएको छ।

# न्यायिक समितिका विधि र प्रक्रियाहरू



✍कुलप्रसाद ढुङ्गाना
सदस्य वडा नं. १
एवम् न्यायिक समिति सदस्य

नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम प्रत्येक नगरपालिका र गाउँपालिकाहरूमा उपप्रमुख र उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ। नेपाल ऐन संग्रह २०७५ को खण्ड १७ परिच्छेद ८ को दफा ४६ मा न्यायिक समितिको न्यायिक कार्यसम्बन्धी व्यवस्था भएअनुसार सोही ऐनको दफा ४७ मा न्यायिक समितिको अधिकार क्षेत्र (१) मा न्यायिक समितिलाई देहायको विवादको निरूपण गर्ने अधिकार छ।

(क) आली, धुर, बाँध, पैनी कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
(ख) अर्काको बाली नोक्सानी गरेको,
(ग) चरन घाँस दाउरा,
(घ) ज्याला मजदुरी नदिएको,
(ङ) घर पालुवा पशु हराएको वा पाएको,
(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
(छ) नाबालक छोराछोरी वा पती पत्नीलाई इज्ज्यत आमद अनुसार खान लाउन वा दिक्षा नदिएको,
(ज) वार्षिक २५ लाखसम्मको विगो भएको घर वाहाल र घर वाहाल सुविधा,
(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तीलाई असर पर्नेगरी रुख विरुवा लगाएको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक वाटोमा पानी झारेको,
(ट) संधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनुपर्दा कानून बमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको,
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चउर, कुलो नहर, पोखरी, पाटीपौवा, अन्त्यष्टीस्थल, धार्मिकस्थल वा अन्य कुनै सार्वजनिकस्थलको उपयोग गर्न नदिएको वा वाधा पुऱ्याएको,
(ड) संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेको अन्य विवाद।

उपरोक्त माथि उल्लेख भएका विवादहरूमा स्थानीय न्यायिक समितिलाई विवाद निरूपण गर्ने अधिकार हुनेछ भने सोही ऐनको उपदफा २ अनुसार तपशीलका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने व्यवस्था छ।

(क) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरूको जग्गामा घर वा कुनै संस्था बनाएको,
(ख) पती पत्नीबीचको सम्बन्धविच्छेद,
(ग) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुनसक्ने कुटपिट,
(घ) गाली बेइज्यत,
(ङ) लुटपीट,
(च) प्राणी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरूलाई असर गरेको,
(छ) अरूको आवासमा अनाधिकृत प्रवेश गरेको,
(ज) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको,
(झ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको,
(ञ) प्रचलित कानून बमोजिम मेलमिलाप हुनसक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुनसक्ने फौजदारी विवाद।

उपरोक्त माथि उल्लेख भएका विवादहरूको निवेदन स्थानीय न्यायिक समितिमा दर्ता गराउन ल्याउने व्यक्ति वा संस्थाले बगनासकाली गाउँसभाको न्यायिक समिति (कार्यविधी सम्बन्धी) ऐन (२०७४) को परिच्छेद ३ को दफा ८ को १ अनुसार कसै उपर विवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानून बमोजिम हक पैदा पुगेको व्यक्तिले समितिको तोकिएको शाखासमक्ष उजुरी दर्ता गर्नसक्नेछ। सोही ऐनको उपदफा २ को १ अनुसार उजुरी दिँदा यसै ऐन तथा प्रचलित कानून बमोजिम खुलाउनुपर्ने कुरा सवै खुलाई तथा पुऱ्याउनुपर्ने सवै प्रक्रिया पूरा गरी अनुसूची १ बमोजिमको ढाँचामा दिनुपर्नेछ।

- निवेदन दिँदा वादीको नामथर, वतन र निजको बाबु र आमा तथा थाहा भएसम्म बाजे बज्यैको नाम,
- प्रतिवादीको नामथर, थाहा भएसम्म निजको बाबु र आमाको नामथर र स्थान पत्ता लाग्नेगरी स्पष्ट खुलेको वतन।
- गाउँपालिकाको नामसहित समितिको नाम,
- उजुरी गर्नुपरेको व्यहोरा र सम्पूर्ण विवरण,
- गाउँपालिकाले तोकेअनुसारको दस्तुर बुझाएको रसिद वा निस्सा समितिको क्षेत्राधिकारभित्रको उजुरी रहेको व्यहोरा र सम्बन्धित कानून वादीले दावी गरेको विषय र सोसँग सम्बन्धित प्रमाणहरू,
- हदम्याद लाग्ने भएमा हदम्याद रहेको तथा हकदैया पुगेको सम्बन्धी व्यहोरा,
- कुनै सम्पत्तीसँग सम्बन्धित विषय भएकोमा सो सम्पत्ती चल भइ रहेकोस्थान, अवस्था तथा अचल भए चारकिल्ला सहितको सवै विवरण प्रचलित कानूनमा कुनै विशेष प्रक्रिया वा अन्य धेही उल्लेख भएको रहेछ भने सो सन्दर्भमा आवश्यक विवरण समेत खुलेको हुनुपर्नेछ।

बगनासकास गा.पा. न्यायिक समितिबाट विभिन्न मिति र समयमा न्याय निरूपण भएका विवादहरू

आ.व.२०७४।०७५ मा
(क) न्याय दिलाइ पाउँ भन्ने विवाद ११
(ख) सम्बन्धविच्छेदका लागि सिफारिस २ गरी जम्मा १३ वटा विवादहरू,

आ.व.२०७५।०७६ मा
(क) न्याय दिलाई पाउँ भन्ने विवाद १०
(ख) जग्गाण्णसम्बन्धी १
(ग) लेनदेन व्यवहार छलफल २
(घ) खानेपानी सम्बन्धी ३ (२ वटामा मेल भएको)
(ङ) पालनपोषणसम्बन्धी १
(च) सम्बन्ध विच्छेद सिफारिस २ गरी जम्मा १९ वटा विवादहरू,

आ.व.२०७६।०७७ मा
(क) जग्गासम्बन्धी विवाद ३
(ख) गालीगलौज १
(ग) न्याय दिलाइ पाउँ ४
(घ) भाडा रकम सम्बन्धी छलफल २
(ङ) खानेपानी सम्बन्धी १

सन्दर्भ सामग्री :

१. नेपालको संविधान २०७२, २. नेपाल ऐन संग्रह २०७५, ३. बगनासकाली न्यायिक कार्यविधि पुस्तिका २०७५ लगायत।

यात्रा संस्मरण

# सिरुबारीदेखि मुक्तिनाथसम्म



✍झपेन्द्र खनाल
वडा सदस्य बगनासकाली-६
यम्घा-पाल्पा



कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी तथा स्थानीयस्तरमा सञ्चालन गर्न सकिने उद्योग व्यवसायका क्षेत्रहरू लगायत हाम्रो समग्र बगनासकालीको बिकास, निर्माणका क्षेत्रहरूको पहिचान गर्ने उद्देश्यका साथ बगनासकाली गाउँ पालिकाका नेतृत्वदायी हातहरू अध्ययन अवलोकन भ्रमणमा निस्कियो २०७७ चैत्र ८ गते आइतबारका दिन। बिहान ५:३० मा गुँगा मा.वि. गुँगा आइपुग्ने भनेको गाडी ढिलागरी सवा ६ बजे मात्र आइपुग्यो। बसन्तको आगमनसँगै वातावरण सुरम्य छ। तर, धेरै समय भयो पानी नपरेको, त्यसैले कच्ची बाटोमा हिंड्दाको पीडा भने बेग्लै छ। प्रसङ्ग बगनासकाली गाउँपालिकाका जनप्रतिनिधिहरूको अध्ययन अवलोकन भ्रमणको हो। हाम्रो यात्राको रुट, स्याङ्जाको सिरुबारीमा रहेको नेपालको पहिलो र नमुना होमस्टेको अवलोकन, पोखराको लुम्लेस्थित, नेपाल कृषि अनुसन्धान परिषद्, लुम्ले कास्कीको अध्ययन त्यस्तै कास्की जिल्लामै पर्ने अत्यन्तै सुन्दर र पर्यटकीय प्रख्यात गाउँ घान्द्रुक, कास्कीको अवलोकन र वाग्लुङ र मुक्तिनाथसम्मको धार्मिक यात्रा समेत थियो।

देशका अन्य भागमा भए गरेका उन्नति र प्रगतिहरू जनप्रतिनिधिहरूले आफैले महशुस गरुन् र त्यसलाई हाम्रो गाउँपालिकामा के कसरी लागु गर्न सकिन्छ भन्ने मूल ध्येय हाम्रो यात्राको रहेको छ। बगनासकाली गाउँपालिका आफैँमा



सम्भावना बोकेको सुन्दर गाउँपालिका हो। हामीसँग ऐतिहासिक, धार्मिक महत्त्वका ठाउँहरू जातीय संस्कार र संस्कृतिको अनुपम नमुनायोग्य कला छ। हामीहरूले त्यसको पहिचान र उजागर गर्न सक्नुपर्छ।

बगनासकाली गाउँपालिकाका सबै जनप्रतिनिधिहरू भेला हुँदा बिहानको आठ बज्यो। गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष दुवैजनाको साइत भने जुरेन। कामको व्यस्तताको अवस्था देखाएर दुवैजना भ्रमणमा समावेश हुनुभएन। बिहान ८ बजे हामी यात्राको लागि अगाडि बढ्यौं।

मेरो यात्राको जिम्मेवारी अवलोकन गरेका क्षेत्रहरूको यात्रा विवरण तैयार पार्नु थियो। यात्राका क्रममा देखे भोगेका सवै पक्षलाई समेट्नु थियो। त्यसैले आफैमा चासो र चनाखोका साथ यात्रा विवरणलाई लिपिवद्ध गर्नु मेरो कर्तव्य पनि रह्यो।

बिहानको समय पाल्पा आफैमा सुरम्य देखिन्थ्यो। आफ्नै वास्ना थाहा नपाएर दौडिएको कस्तुरीजस्तै हामी पनि आफ्नो महत्त्व भन्दा अन्य ठाउँको महत्त्व खोज्दै हिंडिरहेका थियौं। पाल्पाको श्रीनगर मुस्कुराउँदै थियो, यात्राको स्वागतमा। पाल्पाकै सुन्दर नगरी तानसेन र तलदेखिने माडीफाँटको रमणीयता लोभलाग्दो थियो। देशका अन्य भागका मानिसहरूका लागि पाल्पा आफैं एउटा आकर्षक गन्तव्य हो।

बगनासकाली गाउँपालिकाका जनप्रतिनिधिहरूको भ्रमणदलमा २ जना वडाध्यक्ष ३ जना कार्यपालिका सदस्य २२ जना वडा सदस्य, ४ जना कर्मचारी र २ जना चालकसहित जम्मा ३३ जनाको सहभागिता थियो। यात्राले मानिसलाई धेरै कुरा सिकाउँछ। यात्रा चेतना अभिवृद्धि र अनुभवको पहिलो दस्तावेज हो। साथै अनुभूतिजन्य भावनात्मक सिकाई पनि हो। यात्राले जीवनका जिजीविषाहरूमा कला भर्दै बाँच्न सिकाउँछ भने सिकाई र ज्ञानको गहिराई प्राप्त हुन्छ। हाम्रो यात्राका क्रममा अध्ययन र अवलोकनका पाटाहरू पनि फरक फरक छन्। हामी धार्मिक पर्यटनको अवलोकन, कृषि व्यवसायको व्यवसायिक अध्ययन लगायत पशुपालनका क्षेत्रहरू पनि हाम्रा अध्ययनका विषयहरू हुन्।

पर्यटकहरूको आकर्षणको केन्द्र बनेको कास्कीको 'घान्द्रुक'ले गरेको उन्नति र प्रगतिका साथै नेपालको पहिलो 'होमस्टे' सञ्चालन गरेको पर्यटकीय गाउँ स्याङ्जाको 'सिरुवारी'लाई समेत खोजी र चासोको विषय बनाएर हामी अध्ययन र अवलोकनमा पाइलाहरू अघि बढाएका छौं।

त्यस्तैगरि मुक्तिनाथको धार्मिक क्षेत्र र त्यसले गरेको प्रगति लगायत बाटोमा पर्ने अन्य धार्मिक र सांस्कृतिक क्षेत्रहरूको समेत अध्ययन र अवलोकन गर्ने योजना रहेको छ। हामी तानसेनदेखि बर्तुङ्हुँदै आर्यभञ्ज्याङ पुग्यौं। आर्यभञ्ज्याङमा पुगेर यात्राका लागि आवश्यक पर्ने पानी र फलफूलको जोहोगरी अघि बढ्यौं।

अनुभव, ज्ञान र सीपको सिर्जनात्मकता, मेहनत, श्रम र कला, कौशलले भूगोल सजाउन सक्नुपर्छ। हामीले हाम्रो बगनासकाली विकासको नयाँ मार्गचित्र कोर्दै, हाम्रा उद्देश्यहरू,

चिन्तनहरू त्यसैतर्फ केन्द्रित गर्नुपर्छ। अनिमात्र साकार हुन्छ बगनासकालीको सपना। २०७७ चैत्र ८ गते बिहानको नास्ता पवित्र धार्मिकस्थल, रामनदीधाम राम्दीस्थित 'होटल अंगारा'मा गरी यात्रालाई अगाडि बढायौं। राम्दीबाट अगाडि जाँदा बाटोको दाँयाबायाँ पात झरेका सिख्रा रुखहरू देखिन्थे। गाडी आफ्नै रफ्तारमा अघि बढिरह्यो। स्याङ्जाको वालिङमोड नजिकै सडकको किनारमा एकजना युवाको तीन जनाको परिवार ट्र्याकमा गीत गाइरहेका भेटिए। यात्रुहरूबाट केही सहयोगको याचना थियो त्यो। उनीहरूको श्रीमान् श्रीमतीको आँखा नै नभएजस्तो टाँसिएको भाग मात्र देखिन्थ्यो। जिउनुको लागि ट्र्याकको गीत गाएर २,४ पैसा संकलन गर्नु उनीहरूको बाध्यता थियो।

स्याङजाका ससना बजार क्षेत्रहरू रमणीय लाग्थे। फेँदीखोला, सर्केटारी, कुभिण्डेहुँदै पोखरा पुग्यौं हामी। पोखरा नेपालकै सुन्दर शहर आकर्षक पर्यटकीय गन्तव्य। त्यो दिनको हाम्रो गन्तव्य कास्की जिल्लाको पर्यटकीय गाउँ 'घान्द्रुक' थियो। हामी छोरेपाटन, पृथ्वीचोक, श्रृजनाचोक हुँदै वाग्लुङ रोड पुगेर अगाडि बढ्यौं। अगाडि बाटो निर्माण हुँदै रहेछ। कतै कच्ची र धुलौटे बाटो थियो भने कहिँ निर्माण भइसकेको पिच सडक पनि भेटिन्थ्यो। हेम्जा, बडहरे हुँदै अगाडि बढ्दा घट्टेखोलाको पुल तरेपछि अन्नपूर्ण गाउँपालिका-२ मा अवस्थित नागडाँडाको एउटा सुन्दर र रमणीय बस्ती भेटियो। अगाडि दाह्रेगौडा, ढिकुरपोखरी जस्ता सुरम्य ठाउँ सफा र पक्की बाटोको दुवै भागमा दोहोरीलत्त रमाइला

अन्नपूर्ण गाउँपालिका-काँडे हुँदै ओढारेको पुल तरेर हामी लुम्लेतर्फ अगाडि बढ्यौं। लुम्लेको कृषि अनुसन्धान केन्द्रको अवलोकन गर्ने योजना भने त्यसदिनको तालिकामा थिएन। फर्किने समयमा हेर्ने भन्ने हाम्रो पूर्वनिर्धारित कार्यक्रम थियो। लुम्ले नेपालकै सबैभन्दा बढि वर्षा हुने ठाउँ। उकालिएको बाटो लुम्ले हुँदै ओरालियो। त्यहि समय आकाश मडारियो बादल लागेर, पानीका बूँद पर्न थाल्यो। फेरि गिरीचोकको सानो बजार भेटियो। माथि ढुंगेनी पहरो, अगाडि भ्वाँरी खोलो ओरालिएको छ। हामी समयमै घान्द्रुक पुग्ने हतारोमा छौं। आइपुग्यो नयाँपुल बजार घान्द्रुक जाने नयाँ पुलबाट अगाडि पक्की हुँदै रहेछ। स्तरोन्नतिको काम चलिरहेछ। अगाडि फेरी धुलौटे बाटो आयो। बाटोमा खेतका गराहरू



हामी वालिङबाट त्रियासी हुँदै बयरघारी, राङखोला, पुतलीबजार हुँदै नौडाँडामा दिउसोको खाना खायौं। खानापछि लगत्तै हाम्रो यात्रा अगाडि बढ्यो। यात्रामा सहभागी साथीहरू नाचगान र रमाइलो गरि मनोरञ्जन लिइरहनुभएको थियो।

वस्ती, डाडाँमा भ्यू पोइन्ट देखिन्थ्यो। चारैतिरका हिमदृश्यको दृष्यावलोकन गर्न सकिने प्राकृतिक मनोरमता। दाह्रे गौंडाको रमणीयतालाई पछिपार्दै बाटो केही उकालियो। डाडाँबाट हेर्दा अत्यन्तै लोभलाग्दा सुन्दर वस्तीहरू। त्यसपछि कास्कीकै

देखिए। कहिँ मकै उम्रिसकेका थिए भने कतै गहुँवाली देखिन्थ्यो। अन्नपूर्ण गाउँपालिका-७ बिरेठाँटीको वस्तीको पूल पार गरेपछि मोदीखोला हाम्रो साथी बन्यो। स्वच्छ, कञ्चन र सङलो पानी बहिरहेको मोदीखोला अनि किनारामा रहेका

हराभरा खेतको फाँट। साँझ पर्न लागिसकेको थियो। बाटोमा पर्ने ससाना बस्तीहरूलाई पछिपार्दै चिम्रोङ आइपुग्यो पहाडी खोंचको बस्ती। लगत्तै अन्नपूर्ण गाउँपालिका-१० घान्द्रुकको सिमाना शुरु भयो। केहिपर पुगेपछि बाटो साँघुरियो। ठूलो गाडि, साँघुरो बाटो मनमा केही त्रास उत्पन्न भयो। अन्नपूर्ण त्रास भयो। अन्नपूर्ण पदयात्राको गन्तव्यस्थल छोम्रोङ जाने बाटो विचबाट फाट्यो।

क्रमश बाटो उकालियो, निर्माणधीन बाटो त्यति सजिलो थिएन। पारीपारी हिमशिखरहरू मुस्कुराइरहेका थिए। साँझको ७ बजे हामी घान्द्रुक पुग्यौं। हामीले रोजेको पहिलो गन्तव्य। सहभागीहरूमा प्रसन्नता अंकुरित भएको महसुस हुन्थ्यो। नजिकै देखिने मनोरम हिमाल माछापुच्छ्रे, अन्नपूर्ण र धवलागिरीले घान्द्रुकलाई थप शोभायमान र मनमोहक बनाएका थिए। सुरम्य, सुसंस्कृत र व्यवस्थित छ वस्ती। मौलिक पहिचान बोकेको स्वाभिमानी गाउँ। त्यसदिनको हाम्रो बसाई व्यवस्थापन घान्द्रुकस्थित होटल हंग्री आइ मा गरिएको थियो। सबै होटल हंग्री आइ तर्फ लाग्यौं। खाना खाने कार्यक्रम समाप्त भइसकेपछि साँझ आठ बजेपछि त्यहाँको आमा समूहको सक्रियतामा त्यहाँ रहेको सांस्कृतिक घरमा सांस्कृतिक कार्यक्रम देखाइने रहेछ। त्यहाँको मौलिक संस्कृति, रितीरिवाज र परम्परागत कलाले हामी नेपाली संस्कार र संस्कृतिका कति धनी रहेछौं भन्ने कुरालाई घान्द्रुकले सम्झायो। त्यसदिन सांस्कृतिक कार्यक्रम देखाउने पालो लालीगुराँस आमा समूह, घान्द्रुकको रहेछ। स्वागत गान र नृत्यबाट कार्यक्रम शुरु भयो। सहभागी अतिथिहरू सबै नाचे। गाए अनि रमाए। केहीबेर पाल्पाली (हामी) र त्यहाँको सांस्कृतिक टोलीको विचमा दोहोरी पनि चल्यो।

रातीको १०:३० बजे त्यहाँको कल्चरल प्रोग्रामको पनि समापन भयो। हामी सुत्ने तरखरमा लाग्यौं। बिहान व्यूँझदा घान्द्रुक सुन्दरताले जगमगाएको थियो। सारा वातावरण उमंगमय र उल्लासमय थियो। प्रकृतिको सुन्दर उपहार घान्द्रुक स्वर्गकी अप्सरा जस्तै। सूर्योदयसँगै अत्यन्तै सुरम्य र मनमोहक देखिन्थे हिमशिखरका दृष्यहरू। घान्द्रुक आफैमा एउटा सुन्दर बस्ती हो। घान्द्रुक पारीको कोटडाडाँ बाह्रै



महिना हिउँले ढाकिरहन्छ। कोटडाडाँ तल रहेको वस्ती 'उरी' गाउँ हो।

गुरुङ संस्कृतिको पहिचान झल्काउने नयाँ र पुरानो गरी दुईवटा संग्राहलय पनि स्थापना गरिएका रहेछन्। जहाँ विभिन्न परम्परागत सामग्रीहरू संग्रहित छन्। त्यहाँको प्रमुख वालीमा उवा र जौ प्रमुख हुन् भने तरकारीमा आलु, लसुन र प्याज हुन्। घान्द्रुकलाई आँखाभरि सजाएर बिहानको ८:०० बजे हामी त्यहाँबाट प्रस्थान गर्‍यौं। खेत र बारीहरूमा छरिसकेका मकैहरू हेर्दै हामी ओरालो लाग्यौं। कहिँकतै अलैंची खेती पनि भेटिन्थ्यो।

ओरालो बाटो, अक्करेभित्र, ठूलो गाडी, ड्राइभर ऋषिको अदम्य शाहसले यात्रुलाई सान्त्वना दिन्थ्यो। घान्द्रुकले देखेको सपना र सभ्यताको निर्माण अहिलेको पुस्ताको मात्र आर्जन होइन, यो ठाउँ आज जुन अवस्थामा छ त्यो हुनुमा धेरै पुरानो पुस्ताको योजना, लगानीका साथै मेहनत र पसिना बगेको छ। हामी घान्द्रुकलाई छाडेर अगाडि बढ्दै गयौं। अगाडि केरा खेतीका बारीहरू भेटिए। नयाँपुल बजारको क्षेत्रलाई छाडेर मोदीको किनार हुँदै पर्वतको कुस्मातर्फ लाग्यौं।

मोदीखोला गा.पा.-६ दिमुवामा सानो बजार भेटियो। दिमुवा भन्दा केहीमाथि विद्युतको सवस्टेशन रहेछ। लगत्तै पर्वतको विकासोन्मुख बजारक्षेत्र मोदीखोला-५, पातीचौर पुगियो। चुवा गाउँपछि कुश्मा बजार। पहाडको फेँदीमा रहेको समथर वस्ती। विकासोन्मुख सानो पहाडी बजार। पर्वतको कुश्मा बजारलाई बिदाइ गर्दै नदिको किनार हुँदै मालढुङ्गाको बाटो भएर बेनी पुगियो। पर्वत र म्याग्दी जिल्लाको संगमस्थल। पुलवारी जलजला गाउँपालिका-३ बेनी पर्वत रहेको छ भने पुलपारी म्याग्दीको सदरमुकाम बेनी नगरपालिका। सुन्दर र रम्य पहाडी खोँचको वजार। बेनीबजारबाट पारी पर्वतको जलजलामा पर्ने डाँडामा देखियो, सुन्दर ठाउँ मल्लाज हेरिटेज। बेनी, पर्वतदेखिमाथि रहेको दरवार मल्लाज हेरिटेजसम्म जसको लागि रेलिङ सहितको सिंढीयुक्त बाटो निकै लामो निर्माण गरिएको रहेछ। हिँडेर उकालो चढ्दा घण्टौं लाग्ने। बेनी बजार म्याग्दीमा रहेको होटल हिलभ्यूमा खाना खाएपश्चात काली नदिको किनार समातेर अगाडी बढ्यौं। केहि




अगाडी गलेश्वर महादेवको भव्य र आकर्षक मन्दिर रहेछ। प्रत्येक साउन महिनाको सोमबार, शिवरात्री, बालाचतुर्दशी, वैसाखे संक्रान्ती लगायत अन्य पावन दिनमा भक्तजनको भिडलाग्ने यो विशेष धाम नै रहेछ। सतीदेवीको गला यहि स्थानमा खसेको र गलेश्वर महादेव उत्पती हुनुभएको वा स्वयं प्रकट हुनुभएको भन्ने धार्मिक विश्वास छ। यहाँ रहेको शिव लिङ्गको उत्पति ३५० वर्ष पुरानो रहेको विश्वास गरिँदो रहेछ। यो मन्दिरमा नित्य पूजाआजा र आरती हुने गरेको मन्दिरका मूल पूजारी पंडित बद्रीप्रसाद सुवेदीले बताउनुभयो। गलेश्वर महादेवको दर्शनपछि चमेरे हुँदै अन्नपूर्ण गा.पा. ६ पोखरे बजार म्याग्दीपछि तातोपानीको सानो बजारलाई भेटियो। अगाडि म्याग्दीको दानामा बस्तीको विकास हुँदै रहेछ। दाना भन्दा केहिपर सुन्दर रुप्से झर्ना निरन्तर झरिरहेको थियो। म्याग्दीको सानो वस्ती घाँसा आइपुग्यो। घाँसाबाट प्रकृतिको स्वरूप केहि बदलिएको अनुभव हुन्थ्यो। चिसो वातावरण, कोणधारी रुख। होटेलहरूमा चहलपहल देखिन्थ्यो। रातकाट्ने मेलोमेसोमा केहि पर्यटक सुस्ताएका देखिन्थे। पर्यटकीय गन्तब्य वन्ने सम्भावना बोकेको घाँसा "आफैमा रमणीय पनि रहेछ। सेरोफेरोमा रहेको सल्लाहरूको कोणधारी जंगलले घाँसाको बस्तीमा अझ सुन्दरता थपेको थियो।

साँझ पर्न थालिसकेको छ, वातावरणमा चिसो बढेको अनुभव भएको छ। यात्रामा चुनौती जोखिमका साथै अफ्ठेरो र जटिलहरू पनि हुन्छन्। ती सबैसंग जुध्दै र साक्षात्कार गर्दै गरिने यात्राहरू रमणीय र स्मरणीय हुन्छन्। यहि भावना बोकेर हामी यात्रामा निस्किएका छौं। थासाङ गाउँपालिका-६ लेते कालापानी आइपुगेकोछ। लेतेले प्रगतिको पथमा आफुलाई अगाडि बढाएको छ। पर्यटक सुस्ताउँदै एउटा सुन्दर ठाउँ। सम्भावना र अवसरको खोजी गरिरहेछ लेतेले।

थासाङ गा.पा.१ टुकुचे पारगरेपछि अति सुन्दर र रमणीय बस्ती आइपुग्यो "मार्फा गाउँ"। हिमालको गहना, चिरपरिचित रम्य र सुन्दर वस्ती। हेरिरहुँझै लाग्ने स्याउका फार्महरू। २६८० मि.को उचाइमा रहेको मार्फा गाउँ नेपालमा सवैभन्दा बढि स्याउ उत्पादन हुने क्षेत्रकोरूपमा चिनिन्छ। मार्फालाई आँखाभरि सजाउँदै हामी लाग्यौं मुस्ताङको सदरमूकाम जोमसोम बजारतर्फ। जोमसोम बजारमा रहेको होटल "ट्रकर्स यन" मा खाने र बस्ने ब्यवस्था मिलायौं। (२०७७-चैत्र९) सुन्दर र रमणीय हिमाली बजार अत्यन्तै आकर्षक लाग्थ्यो। मुक्तिनाथ जाने आउने पर्यटकहरूको रोजाइको गन्तब्य रहेछ जोमसोम। २०७७ चैत्र-बिहान ७:०० वजे चिया पिएपछि हामी लाग्यौं मुक्तिनाथतर्फ। केहिबेरको यात्रापछि हामी कागवेनी पुग्यौं। पवित्र तिर्थस्थल कागवेनी। फोहोर व्यवस्थापनमा कमी रहेको महसुस भयो। छरपष्ट फैलिएको फोहर अनि दिशापिसावले वातावरण दुर्गन्धित थियो। श्राध्द्ध गर्नेहरूको घुइँचो नदि किनारमा भेटियो अगाडि बढ्दै जाँदा सेल्फीडाँडा पुगियो। गाडी रोकेर तस्वीर खिच्नेहरूको भिड लाग्ने रहेछ। गाडी रोकेर केहिबेर सुस्तायौं हामी पनि। चारैतिर हिमालहरू देखिए। खुलेको स्वच्छ आकाश, उल्लासमय र प्रफुल्लित वातावरण, प्राकृतिक स्वर्ग (प्राकृतिक सुन्दरताको बेजोड संगम। बिहानीको समय, चारैतिरका हिमालको अलौकिक सौन्दर्य। बसेर घयटौं हेरिरहुँझै लाग्ने। हेरेर आँखाहरू कहिल्यै नथाक्ने, मन कहिल्यै नअघाउने। आफ्नो मनले आफैसँग भन्न मन लाग्ने, आहा! मेरो देश, मेरो नेपाल।

सौन्दर्यलाई आँखाभरि सजाएर हामी अगाडी बढ्यौं। अगाडि मुक्तिनाथ बाबाको परसिर देखिन थालेकोछ। हामी सवैका आस्था र श्रद्धाका देव। यात्राका सवै कष्ट र दुःख भुलाउने परम ईश्वरको दर्शन गर्नेहरूको घुँइचो। मन्दिरभन्दा केहितल रानीपौवा, पुराङ वजार

फूलमाला, प्रसाद अनि बिभिन्न धार्मिक मूर्ति र सामाग्रीहरू बेच्ने र किन्नेको भीड लाग्ने रहेछ।

पुराङ बजार, रानीपौवामा गाडी पार्किङ गरि त्यहाँ भन्दा माथि करिब आधा घण्टा हिँडेर मुक्तिनाथ बाबाको दर्शन गर्न सकिने रहेछ। अक्सिजनको मात्रा कम हुने हुँदा स्वासप्रस्वासमा अफ्ठेरो महसुस हुने र बाटो उकालो भएकोले पनि होला हातखुट्टा गल्ने समस्या हुँदोरहेछ हामीमध्ये केहीलाई अलि बढि र अन्यलाई सामान्य समस्या देखियो। मन्दिर परिसर पुगेर पूजा-आजा गरि सकेपछि यात्रा सफल भएको अनुभूति भयो। मुक्तिनाथ बाबाको दर्शनपछि सवैमा एकखालमो आनन्द अनि सन्तुष्टि भेटिन्थ्यो। पूजा-आजा सकिएपछि हामी सवैले रानीपौवा, पुराङ बजारमा खाना खायौँ। २०७७-१२-१० खाना खाएर सकिंदा दिउसोको १२:३५ भएको थियो। मुक्तिनाथ बाबाको श्रध्देय धामक्षेत्रलाई बिदाई गर्दै झारकोट गाउँ, सिगार गाउँ अनि जोमसोन हुँदै मार्फा आयौं। दृष्यहरू रमणीय थिए। टुकुचे आइसकेछ। लेते, घाँसा पारगर्दै साँझ अवेर गरेर म्याग्दीको बेनी बजारको होटेल हिल भ्यूमा खाने र बस्नेको ब्यवस्था गर्‍यौं। २०७७-१२-११ गते बिहानै बाग्लुङकालीको दर्शनका लागि हिंड्यौं। खेतका गराहरूमा कलिला मकैका बोटहरू देखिए। लामा खेतको वस्ती आयो। जलजला गाउँपालिकाको कार्यालय भेटियो लामा खेतमा। जलजला-८ नाङलीवाङ हुँदै खनियाँघाटबाट मालढुङगा पर्वतको पुल तरेर बाग्लुङ जिल्लास्थित काली मन्दिर पुग्यौं। मन्दिर परिसर भन्दा केहि मिटर पर मदन भण्डारी स्मृतिपार्क रहेछ। जुन पार्क अहिले थपसुधार र स्तरोन्नति गरिँदै रहेछ।

बाग्लुङकालीको दर्शनपछि मदन भण्डारी स्मृति पार्कको अवलोकन गर्‍यौं। पर्वतको जलजला गाउँपालिका र बाग्लुङ न.पा. जोड्ने नेपालकै लामो र अग्लो झोलुङ्गे पुल, जस्को लम्वाई ५६७ मिटर चौडाइ १ मिटर नदिबाट उचाइ १३१ मिटर रहेछ। सबै बिषय वस्तुहरूको जानकारी र अवलोकनपछि कास्की जिल्लास्थित नेपालको कृषि कान्टिनमा आई खाना खायौं र अवलोकनको कार्यक्रमलाई अगाडी बढ्यौं। ६६ हेक्टर क्षेत्रफलमा फैलिएको लुम्लेस्थित कृषि अनुसन्धान केन्द्रको स्थापना २०२४ सालमा ब्यवसायिक तालिम दिने उद्देश्यले तत्कालिन ब्रिटिस सरकारको सहयोगमा स्थापना भएको रहेछ। यस सँस्थाको उद्देश्य प्रविधिको विकास गर्ने, तरकारी तथा फलफूलका बिउ र बिरुवा उत्पादन गर्ने लगायत बिभिन्न जातका तरकारी तथा फलफूलको अनुसन्धानका कार्यक्रमहरू हुने गरेको कृषि अनुसन्धान परिषद् लुम्ले कास्कीका प्राविधिक अधिकृत चन्द्रकान्त तिमिल्सिनाले बताउनुभयो। त्यहाँ रहेका विभिन्न जातका तरकारी, फलफूल र अन्य वालीको निरीक्षण गर्ने काम सकिएपछि अब हाम्रो एक मात्र अध्ययनको गन्तब्य थियो स्याङजाको सिरूबारी। त्यस ठाउँको सवै कुराको अध्ययन र अवलोकन गर्ने समय मै सिरुबारी पुग्नुपर्छ भन्ने जानकारी प्राप्त भयो।

पोखरा हुँदै स्याङ्जाको पुतली बजारपछि भिरकोटको हेलुवैबाट बाटो फाटेर सिरूवारी जान सकिने रहेछ। दिउसो ३:४० मा आँधीखोलाको पुल तरेर कच्ची र धुलौटे बाटो हुँदै अघि बढ्यौं। आँधीखोला किनारमा रहेको हरियाली खेतको फाँटको कतै मकै उम्रिसकेको थियो भने कहिँ तरकारी र गहुँको सुन्दर गराहरू भेटिन्थे। आँधीखोला स्याङ्जाको बरदान हो। यसले त्यस क्षेत्रका बस्तीबस्ती र जमिनलाई हराभरा बनाएको छ। बाटो निर्माणको काम धमाधम भइरहेकोछ। बाटोमा धूलोको साम्राज्य थियो। दशैं खोला पुलनेर अर्जुन चौपारीको बजार हुदै उकालो, सागुरो र अप्ठेरो बाटो पार गर्दै ५:३० बजे सिरुबारी गाउँ पुग्यौं। गाउँ प्रवेश गर्ने स्वागत गेट बनाइएको रहेछ। अतिथिहरू पुग्दा आमा समूह तथा क्लवका पदाधिकारीहरूले पन्चेबाजासहित अबिर, फूलमाला लगाएर स्वागत गर्ने प्रचलन बनेको रहेछ। स्वागतपछि अथितिहरूलाई अतिथि गृहमा लगि चिया नास्ता (चिया, मकैको फुला र आलुको तरकारी) दिएर पंचेबाजामा केहि समय नाचगान गरिने रहेछ। सिरुवारी पर्यटन समूहका भू.पू. कोषाध्यक्ष हवल्दार रत्जबहादुर गुरुङले होम स्टेको इतिहास त्यहाँ हुनेगरेका गतिविधि र होमस्टेले दिने सेवा सुविधाका बारेमा जानकारी गराउनुभयो। आँधीखोला गाउँ पालिका-१ पंचमूलमा सिरूवारी अवस्थित छ। अतिथिहरूलाई घरघरमा बाँडेर खाना खुवाउने र बस्ने ब्यवस्था मिलाइएको छ। सबै घरमा पाहुनाहरूलाई खानाको प्रकृति एउटै हुने रहेछ। खानापछि साझँ ८:०० वजेबाट कल्चर प्रयोग (साँस्कृतिक कार्यक्रम) हुने रहेछ। सिरुवारीले गुरुङ संस्कृतिको आफ्नो पहिचानलाई बचाएर राख्न सफल भएको देखिन्छ। संस्कृति र परम्परा बचाएर राख्ने र त्यसलाई उजागर गर्ने त्यस समुदायप्रति हार्दिक धन्यवाद भन्न मन लाग्यो।

सभ्य समाज, सफा, बस्ती, शिष्ट भाषाशैली र अनीबानी र ब्यबहार सिरूवारीका मूल विशेषता हुन्। मिजासील, नरमशील स्वभावका नरनारीहरू, यहि स्वभाव र आनीबानीले त्यहाँको सभ्यता मौलाएको छ। बिकासले गति लिएको। होचो हेलो भन्दा गाउँमा समानताको भाव मौलाएको छ। बौद्ध धर्मका अनुयायी सिरूबारीका बासिन्दामा समुहिक भावनाको संस्कृति हुर्किएकोछ। समुन्नत समाजको परिकल्पनामा अग्रसर सिरूबारीमा सामाजिक न्याय स्थापित भएको छ। जातीय विभेदको विरुद्धमा उभिएको छ सिरूबारी जहाँ बुद्धको शान्ति जग्मगाएको छ। बिहान-साँझ माथि डाँडाको गुम्वाबाट निस्कने शान्तिको ध्वनि (ॐमणि पदमे हुँ)ले पर्यटकको मनमा आन्नद र शान्तिको अनुभूति गराउने रहेछ। होमस्टे "संचालनमा त्याहाँका महिलाहरूको सहभागिता अतुलनीय नै रहेछ।" समर्पित छन् त्यहाँमा नरनारीहरू सिरुवारीको विकासमा।

रातको ११:०० वजे सांस्कृतिक कार्यक्रम सकिएपछि तोकिएको आ-आफ्नौ "होमस्टे"तर्फ लाग्यौं।

बिहान ७:०० वजेभित्र अतिथिहरूलाई नास्ता खुवाइने रहेछ। स्थानीय रोटी तरकारी र चिया। बिहान ८:०० वजे समापन तथा बिदाई कार्यक्रमको आयोजना गरिनेरहेछ। हाम्रो भ्रमणदलको तर्फबाट बगनासकाली गाउँपालिकाको प्रतिनिधित्व गर्दै वडा न. २ का अध्यक्ष टेकनाथ शर्माले मन्तब्य गर्नुभयो (कार्यक्रमको समापनपछि अतिथिहरूलाई तल रहेको स्वागत गेटसम्मल्याइ फूलमाला र अबिरले हार्दिक बिदाइ गरिँदो रहेछ। विहानको ८:२० वजे सिरूवारीलाई सलाम गर्दै फर्कियौ पुनः भिरकोटको हेलुवै हुदै गल्याङ आयौं। अव हामी पवित्र राम्दीधाम राम्दी आइसकेका छौं (२०७७ चैत्र १२) राम्दीमा रहेको होटल अंगारामा खाना खाएपश्चात मानसपटलभरि यात्राका झ-झल्काहरू लिएर फर्कियौ आ-आफ्नै गन्तव्यतिर। *-जय वगनासकाली-*■

शिक्षा

# स्थानीय पाठ्यक्रम 'हाम्रो बगनासकाली' र यसको कार्यान्वयनको अवस्था



✍ दयाराज कँडेल
शिक्षक, श्री ग्राम्य मा.वि.
चिर्तुङ्गधारा-१, पाल्पा

**Think Globally : Act Locally**

स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गरी स्थानीयस्तरकै आवश्यकता, चाहना, महत्व तथा प्रमुख विशेषताहरूलाई समेटेर तयार पारिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ। यसकै उपज हो, स्थानीय पाठ्यक्रम 'हाम्रो बगनासकाली-२०७७'



**१. अवधारणा**

राष्ट्रिय स्तरबाट तयार पारिएका पाठ्य विषयवस्तुले स्थानीय आवश्यकता परिपूर्ति गर्न नसक्ने देखिएपछि स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो। विद्यार्थीहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशसँग परिचित हुने तर आफ्नै स्थानीय विषयको बारेमा अपरिचित हुने अवस्थाको अन्त्य गर्नको लागि स्थानीय पाठ्यक्रम अर्थात् स्थानीय विषयवस्तुको प्रभावकारितालाई अगाडि बढाइएको हो। यसमा स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय तहको आवश्यकता, चाहना, महत्व तथा प्रमुख विशेषताहरूको छनोट गरी विषयवस्तुलाई समावेश गरिन्छ। स्थानीय पाठ्यक्रमको महत्वलाई ध्यानमा राखी नेपालमा नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पहिलो पटक स्थानीय विषय १०० पूर्णाङ्क र साप्ताहिक ३ पाठ्यभारको विद्यालयले छनोट गरी पढाउन सक्ने व्यवस्था गरेको हो। हाल राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले यसलाई थप महत्व दिदै आधारभूत तह कक्षा (१-३) मा पूर्णाङ्क १०० र साप्ताहिक ५ पाठ्यभार रहने गरी स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार बगनासकाली गाउँपालिकाले एकीकृत स्थानीय पाठ्यक्रम 'हाम्रो बगनासकाली' निर्माण गरी शैक्षिक सत्र २०७७ देखि कक्षा १ मा लागु गरेको छ भने क्रमशः अन्य कक्षामा लागु गर्ने गरी तयारी अवस्थामा छ।

पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुले मात्र शिक्षणमा प्रभावकारिता न्यून देखिएकोले पाठ्यपुस्तकको आवश्यकतालाई मध्यनजरमा राखेर पाठ्यपुस्तक निर्माण गरी प्रयेक विद्यार्थीको हातमा पाठ्यपुस्तक उपलब्ध गराउने गाउँपालिकाको निर्णय अनुसार पाठ्यपुस्तक लेखन कार्यलाई अगाडि बढाउन मलाई संयोजकको जिम्मा दिए अनुसार गाउँपालिका भित्रका नौ वटा वडाभित्र भएका विशेष स्थानीय विषयवस्तुको अध्ययन गरी विषयवस्तुको सङ्कलन गरी 'हाम्रो बगनासकाली कक्षा-१' पाठ्यपुस्तक तयार पारी मिति २०७७।०९।०३ गते बगनासकाली गाउँपालिका सभा हलमा एक कार्यक्रमका बीचमा गाउँपालिका अध्यक्ष श्री कृष्णप्रसाद बस्याल ज्यूबाट विमोचन गरी गाउँपालिका भित्र रहेका ३७ वटा सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ मा अध्ययनरत सबै विद्यार्थीहरूले उक्त पाठ्यपुस्तक अध्ययन गरिरहेका छन्। यो बगनासकाली गाउँपालिकाको लागि एउटा गौरवको कुरा हो। यसै कार्यलाई निरन्तरता दिदै शैक्षिक सत्र २०७८ मा कक्षा २ को पाठ्यपुस्तक तयार पारी लागु गर्ने गरी गाउँपालिका शिक्षा शाखा प्रमुख गुनाराम खनाल तयारीमा जुट्नुभएको छ। यस विषयको अध्ययनले बगनासकाली गाउँपालिका भित्र बसोबास गर्ने र अध्ययन गर्ने बालबालिकाहरूले आफ्नो गाउँपालिका भित्र रहेका महत्वपूर्ण विषयवस्तुको जानकारी प्राप्त गर्नेछन्। जसले गर्दा उनीहरूलाई आफ्नो स्थानीय क्षेत्रको ज्ञान हासिल हुनेछ।

**२. स्थानीय पाठ्यक्रम 'हाम्रो बगनासकाली' भित्र समेटिएका विषय क्षेत्रहरू :**

स्थानीय पाठ्यक्रम 'हाम्रो बगनासकाली' भित्र १४ ओटा विषय क्षेत्रहरूलाई समेटिएको छ। ती यसप्रकार रहेका छन् :

१. बगनासकाली गाउँपालिकाको चिनारी
२. स्थानीय जात, जाति भाषा र भेषभूषा
३. स्थानीय स्तरमा उत्पादित बाली र खानेकुरा
४. स्थानीय चाडपर्व, धर्म र संस्कृति
५. स्थानीय कला, सीप, प्रविधि
६. प्रसिद्ध धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू
७. प्रचलित स्थानीय संस्कार
८. स्थानीय स्तरमा प्रचलित खेल
९. स्थानीय प्राकृतिक स्रोत तथा साधन
१०. स्थानीय पेसा व्यवसाय
११. स्थानीय सरकारी तथा गैर सरकारी संस्थाहरू
१२. स्वास्थ्य र सरसफाई
१३. यातायात तथा सञ्चार
१४. बालमैत्री स्थानीय शासन

**३.स्थानीय पाठ्यक्रमको लागुपश्चात् अपेक्षा गरिएका प्रमुख उपलब्धिहरू :**

- बगनासकाली गाउँपालिकाको सामान्य चिनारी
- स्थानीय जातजाति, भेषभूषा र जनसंख्याबारे बोध
- स्थानीय पेसा, व्यवसाय, सीप प्रविधि र उत्पादित वस्तुहरूको बोध
- परम्परागत स्थानीय खेलको जानकारी र सहभागिता
- पर्यटकीय सम्भावना रहेका स्थानीय धार्मिक, ऐतिहासिक, भौगोलिक क्षेत्रको पहिचान
- स्थानीय जडिबुटीको नाम, पहिचान, उपयोगिता र प्रयोग
- स्थानीय प्रचलित संस्कार र तिनको सामान्य वर्णन
- सांस्कृतिक, चाडपर्व र क्रियाकलापबारे सामान्य धारणा, विकास र समायोजन
- सरकारी र गैरसरकारी संस्थाहरूको पहिचान
- यातायात र सञ्चारको सामान्य धारणा विकास र सूचनाको आदानप्रदान
- स्थानीय परिवेशसँग परिचित भई त्यसबारे सामान्य धारणाको अभिव्यक्ति
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सीपको विकास
- बालमैत्री स्थानीय शासनको सामान्य चिनारी।

*(नोट : कँडेल स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक 'हाम्रो बगनासकाली'को लेखक हुनुहुन्छ।)*

"सुन्दर, शान्त, समृद्ध र सभ्य बगनासकाली गाउँको सार
आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार"

➲ स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं।
➲ पशुजन्य मासु, अण्डा राम्रोसँग पकाएर मात्र खाने गरौं।
➲ सभा, गोष्ठी, भेटघाटमा भौतिक दूरी कायम गरौं।
➲ जन्म, मृत्यु, विवाह जस्ता घट्ना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरौ।
➲ घर आँगन, टोलछिमेक सधैं सफा राखी फोहोरमैलाको उचित व्यवस्थापन गरौं।
➲ आफ्ना छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं।

अनुरोधक:
बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चितुङ्गधारा, पाल्पा

कानुन

# संवैधानिक निकाय र तिनको आवश्यकता



✍हरिहर गैरे
वडा सचिव
बगनासकाली २ पोखराथोक, पाल्पा

**बिषय प्रवेश**

राज्यका प्रमुख ३ अंग (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) को नियन्त्रण, निर्देशन तथा हस्तक्षेप भन्दा बाहिर रहेर स्वतन्त्र, निश्पक्ष, तटस्थ ढंगबाट कार्यसम्पादन गर्न संविधानमै व्यवस्था भएका निकाय संवैधानिक निकाय हुन् । सरकार आफैले आफैलाई परीक्षण गर्ने प्रणलीले प्राकृतिक न्यायको सिद्धान्तमाथि प्रश्नचिन्ह खडा हुनसक्ने कुरालाई शिरोधार्यगरी संवैधानिक अवधारणा विकास भएको पाईन्छ । संवैधानिक निकायलाई संविधान प्रदत्त जिम्मेवारी हुन्छ र सोही जिम्मेवारी परिपालनको लागि अन्य काम, कर्तव्य र अधिकार समेत सुनिश्चित भएको हुन्छ । हरेक संवैधानिक निकायको प्रभावकारी कार्यसम्पादनको लागि मानवीय, आर्थिक, भौतिकपक्षको उचित व्यवस्था मिलाइएको हुन्छ।

विगतका संविधानहरूमा दरखास्त परिषद्, प्रधान जाँचकी, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोगजस्ता संवैधानिक निकायको रूपमा व्यवस्था भएतापनि हाल केही जातीय तथा वर्गिय हितका लागि समेत संवैधानिक निकायको व्यवस्थागरी संविधानको भाग २१-२७ सम्म १३ वटा संवैधानिक निकाय रहेका छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भाग २१ (धारा २३८-२३९)
- महालेखा परीक्षक, भाग २२ ( धारा २४०-२४१)
- लोकसेवा आयोग, भाग २३ (धारा २४२-२४४)
- निर्वाचन आयोग, भाग २४ (धारा २४५-२४७)
- राष्ट्रिय मानव अधिकार आयोग, भाग २५ ( धारा २४८-२४९)
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, भाग २६ ( धारा २५०-२५१)
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय दलित आयोग
- राष्ट्रिय समावेशी आयोग
- आदिवासी जनजाती आयोग
- मधेशी आयोग
- थारु आयोग
- मुस्लिम आयोग

**संवैधानिक निकायको आवश्यकता/उपादेयता/सान्दर्भिकता**

सरकार र सरकारी निकायमा कार्यरत कर्मचारीबाट हुनसक्ने निरंकुशता र स्वेच्छाचारितालाई न्यूनीकरण गरी शासकीय लाभहरु जनता माझ पुऱ्याउन संवैधानिक निकायको भूमिका अग्रणी हुने देखिन्छ। संवैधानिक निकायका आवश्यकतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

- कार्यपालिका हुनसक्ने स्वेच्छाचारिता र निरंकुशता अन्त्य गर्ने।
- लोककल्याणकारी अवधारणालाई साकार पार्ने।
- सरकारको हस्तक्षेप रोक्न।
- राज्यकोषबाट हुनसक्ने अनावश्यक खर्चको दुरुपयोग रोकी मितव्ययिता कायम गर्ने।
- नागरिक स्वतन्त्रता, मौलिक हक र मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने।
- शक्ति पृथकीकरण एवम् सन्तुलनगरी नागरिक हित सुरक्षित गर्ने।
- योग्यता र क्षमताको आधारमा कर्मचारी छनौटगरी सार्वजनिक प्रशासनलाई प्रभावकारी बनाउने।
- भ्रष्ट्राचार र अनुचित कार्य नियन्त्रण गरी सुशासन कायम गर्ने।
- जनतामा सरकारप्रति आस्था र विश्वास जगाउन।
- पहेरेदार भई सतर्कताको लागि सरकारलाई सचेत गराई राख्न।
- अन्तर्राष्ट्रियस्तरमा राष्ट्रिय सम्मान र हितको प्रवर्द्धन गर्न।
- दलगत राज्यको विकृतिबाट राज्यलाई जोगाउन।

संवैधानिक निकायहरूले कार्यकारीलाई आत्मसंयमित र नियन्त्रण हुन बाध्यकारी पार्छन् । जुन ठाउँमा संवैधानिक निकायहरू स्वतन्त्र र प्रभावकारी हुन्छन् त्यहाँ व्यक्तिका मौलिक हक र मानव अधिकार संरक्षित हुने अपेक्षा गरिन्छ । यि निकायको काम कारवाहीबाट सिर्जित परिणामले सरकारको काम कारवाह(ीको समेत मूल्याङ्कन हुनेहुँदा यिनिहरूले राम्रो कार्य सम्पादनगर्दा सरकार सफल हुने र विपरित स्थितिमा सरकार वदनाम हुनेगर्दछ । तसर्थ लोकतान्त्रिक शासन व्यवस्थामा शासनका लाभहरु जनतामाझ पुऱ्याई देशको सामाजिक, आर्थिक विकासमा संवैधानिक निकायको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ।■ ण

**सन्दर्भ सामाग्रीः**

- नेपालको संविधान
- शासन प्रणाली तथा समसामयिक विषय, (२०७६) सुरेश अधिकारी।

# गाउँ कार्यपालिकाका पदाधिकारीहरूको विवरण

| क्र.सं. | नाम, थर | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | कृष्णप्रसाद बस्याल | अध्यक्ष | बगनासकाली गा.पा. | ९८५७०६०७५० |
| २ | सरस्वती दर्लामी (चिदी) | उपाध्यक्ष | बगनासकाली गा.पा. | ९८४७०४२२६६ |
| ३ | सोमबहादुर भेंडी | वडाध्यक्ष | वडा नं. १, चिर्तुङ्धारा | ९८४७३३६८५९ |
| ४ | टेकनाथ शर्मा गहिरे | वडाध्यक्ष | वडा नं. २, पोखराथोक | ९८५७०३३५६१ |
| ५ | टिकाबहादुर थापा | वडाध्यक्ष | वडा नं. ३, नायर | ९८४७०४३१७३ |
| ६ | हुतमान सिंह दर्लामी | वडाध्यक्ष | वडा नं. ४, खानीछाप | ९८४७५२५२१५ |
| ७ | ईश्वरकुमार राना | वडाध्यक्ष | वडा नं. ५, दर्लमडाँडा | ९८५७०६२११८ |
| ८ | लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष | वडा नं. ६, यम्घा | ९८६७२१४६५८ |
| ९ | गुनबहादुर बुढाथोकी | वडाध्यक्ष | वडा नं. ७, खानीगाउँ | ९८६७९५२११२ |
| १० | गणेशप्रसाद वस्याल | वडाध्यक्ष | वडा नं. ८, बराङ्दी | ९८६७०४१२१४ |
| ११ | ठानेश्वर तिमिल्सिना | वडाध्यक्ष | वडा नं. ९, चापपानी | ९८५७०६०११८ |
| १२ | पबिसरा दर्लामी | का.पा.सदस्य | वडा नं. ४, खानीछाप | ९८४७१७१७२७ |
| १३ | खुमादेवी भट्टराई | का.पा.सदस्य | वडा नं. ५, दर्लमडाँडा | ९८४७३४७५०७ |
| १४ | बसन्ती थापा | का.पा.सदस्य | वडा नं. ३, नायर | ९८६७८६३४८३ |
| १५ | सीता नेपाली | का.पा.सदस्य | वडा नं. २, पोखराथोक | ९८४७११७५१६ |
| १६ | तेजप्रसाद रसाली | का.पा.सदस्य | वडा नं. ३, नायर | ९८६९७८६१८३ |
| १७ | बिजुली विश्वकर्मा | का.पा.सदस्य | वडा नं. ६, यम्घा | ९८४७०९८९९० |

# वडा सचिव र सहायकहरूको विवरण

| सि.नं. | वडा नं. | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | वडा नं. १, चिर्तुङ्धारा | विराट गैरे | वडा सचिव | ९८४७०६७९०२ |
| २ | वडा नं. १, चिर्तुङ्धारा | विराट गैरे | वडा सहायक | ९८४७११५८११ |
| ३ | वडा नं. २, पोखराथोक | हरिहर गैरे | वडा सचिव | ९८५७०६०१३८ |
| ४ | वडा नं. २, पोखराथोक | सनु खड्का | वडा सहायक | ९८६७१६७२६८ |
| ५ | वडा नं. ३, नायर | नारायणप्रसाद गैरे | वडा सचिव | ९८४७१६८१०८ |
| ६ | वडा नं. ३, नायर | गोविन्दप्रसाद न्यौपाने | वडा सहायक | ९८४७१२७८९७ |
| ७ | वडा नं. ४, खानीछाप | माधव प्रसाद भण्डारी | वडा सचिव | ९८६६१३०४९३ |
| ८ | वडा नं. ४, खानीछाप | हिमराज न्यौपाने | वडा सहायक | ९८४७११८१५५ |
| ९ | वडा नं. ५, दर्लमडाँडा | गोपालप्रसाद न्यौपाने | वडा सचिव | ९८५७०६५८८४ |
| १० | वडा नं. ५, दर्लमडाँडा | मदनलाल न्यौपाने | वडा सहायक | ९८४६८०८१०३ |
| ११ | वडा नं. ६, यम्घा | युवराज पाण्डे | वडा सचिव | ९८५७०१२६०० |
| १२ | वडा नं. ६, यम्घा | कोपिला खनाल | वडा सहायक | ९८४७१०३३७३ |
| १३ | वडा नं. ७., खानीगाउँ | हरिप्रसाद बस्याल | वडा सचिव | ९८४७११३९१६ |
| १४ | वडा नं. ७, खानीगाउँ | गोपालबहादुर सोमरे | वडा सहायक | ९८४७१७३८३१ |
| १५ | वडा नं. ८, बराङ्दी | नारायणप्रसाद आचार्य | वडा सचिव | ९८४७२३२३२० |
| १६ | वडा नं. ८, बराङ्दी | बुधमाया वि.क. | वडा सहायक | ९८६७४६८३७५ |
| १७ | वडा नं ९, चापपानी | तिलकबहादुर बुचा | वडा सचिव | ९८४७१२७८१९ |
| १९ | वडा नं. ९, चापपानी | विष्णु तिमिल्सिना | वडा सहायक | ९८६७३५४४७३ |

# गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | कर्मचारीको नाम | पद | फोन नं. |
|---|---|---|---|
| १ | सुरेश घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६८८६८ |
| २ | गुनाराम खनाल | शाखा अधिकृत आठौं तह | ९८५७०६५८८० |
| ३ | यादवप्रसाद न्यौपाने | शाखा अधिकृत सातौं तह | ९८४७०२९२१४ |
| ४ | कोशलराज पौडेल | लेखा अधिकृत | ९८४५५६७४३५ |
| ५ | मणिराम अधिकारी | हे.अ. (छैठौं तह) | ९८५७०६२१६८ |
| ६ | भरतराज घिमिरे | अधिकृत (छैठौं तह) | ९८४७०२९४०४ |
| ७ | पदम खड्का | इन्जिनियर | ९८६७८२८१९४ |
| ८ | ध्रुव पराजुली | सूचना प्रविधि अधिकृत | ९८५६०५१२४१ |
| ९ | सीता गौतम | शि.अ.न.मि.निरीक्षक | ९८४१२७२५५२ |
| १० | धिरज पराजुली | वैद्य निरीक्षक (छैठौं) | ९८४७०९३७६० |
| ११ | प्रतिभा गैरे | कृषि अधिकृत | ९८६७०३७९९८ |
| १२ | सरीता पाण्डे | रोजगार संयोजक | ९८४७५५०६४३ |
| १३ | कृष्णबहादुर थापा | ना.सु. | ९८६७५४४००८ |
| १४ | गणेश नेपाली | ना.प्र.स्वा.प्रा. | ९८४६७२४७९९ |
| १५ | देवीप्रसाद अर्याल | लेखा सहायक | ९८६७२२८६४१ |
| १६ | कल्याण सिंह पाण्डे | सब इन्जिनियर | ९८४७०२८३३४ |
| १७ | भक्तबहादुर गाहा | सब इन्जिनियर | ९८४७१०३८९२ |
| १८ | अरूण श्रेष्ठ | सब इन्जिनियर | ९८४७१७०००३ |
| १९ | भोजराज भट्टराई | एम.आई.एस. अपरेटर | ९८५७०५२४३३ |
| २० | हेमराज घिमिरे | कम्प्युटर अपरेटर | ९८४७४३७२३१ |
| २१ | राजेश बोहरा | प्रा.स.(कृषि) | ९८४७५८३०८३ |
| २२ | टिकाराम पौडेल | सहायकस्तर (चौथो तह) | ९८४१७२६२०९ |
| २३ | धनकुमारी राना | सहायक महिला विकास निरीक्षक | ९८४७११३०६५ |
| २४ | अमित लोहागुन | खा.पा.स.टे. | ९८४७०६८२९० |
| २५ | मञ्जु ज्ञवाली | सहायकस्तर चौथो | ९८६६०९४८०८ |
| २६ | उमादेवी भट्टराई | अ.हे.व. | ९८४७५१६३२१ |
| २७ | प्रेमबहादुर बगाले | फिल्ड सहायक (एम.आई.एस.) | ९८४७१७६५९२ |
| २८ | सुनिलकुमार श्रेष्ठ | इन्जिनियर (भूकम्प प्राविधिक) | ९८६७०१९२६४ |
| २९ | धनबहादुर सारु | अ.सब. इन्जिनियर | ९८४७००८१९१ |
| ३० | गणेश कुवँर | सवारी चालक | ९८६१०६४४६८ |
| ३१ | मेघराज तिमिल्सिना | का.स. | ९८४७१०२४२९ |
| ३२ | शारदा कुमाल | का.स. | ९८४७१०११३० |
| ३३ | दिलु गाहा | का.स. | ९८४०५७०६५ |

# बगनासकाली गाउँपालिकाका निर्वाचित वडा सदस्यहरूको विवरण

| क्र.सं. | नाम, थर | पद | वडा/ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | खुमकान्ति राना | सदस्य | वडा नं. १, चिर्तुङ्धारा | ९८४७०४३०८८ |
| २ | हेमा सार्की | सदस्य | वडा नं. १, चिर्तुङ्गधारा | ९८४७११५३९९ |
| ३ | कुलप्रसाद ढुङ्गाना | सदस्य | वडा नं. १, चिर्तुङ्धारा | ९८४७१००३२० |
| ४ | मानबहादुर राना | सदस्य | वडा नं. १, चिर्तुङ्धारा | ९८४१८८०७५७ |
| ५ | सीता कुमारी गहिरे | सदस्य | वडा नं. २, पोखराथोक | ९८४७१४००६४ |
| ६ | तुल्सीराम बस्याल | सदस्य | वडा नं. २, पोखराथोक | ९८४७०९९०१८ |
| ७ | राजेन्द्रबहादुर थापा | सदस्य | वडा नं. २, पोखराथोक | ९८४७०६९१९२ |
| ८ | आशाकुमारी वि.क. | सदस्य | वडा नं. ३, पोखराथोक | ९८६०६१५००५ |
| ९ | जुलेस थापा सारु | सदस्य | वडा नं. ३, पोखराथोक | ९८४७२२३२५० |
| १० | रामप्रसाद श्रेष्ठ | सदस्य | वडा नं. ३, पोखराथोक | ९८५७०६०२८५ |
| ११ | सरस्वती वि.क. | सदस्य | वडा नं. ४, खानीछाप | ९८११९४४६६२ |
| १२ | जितबहादुर कनौजे | सदस्य | वडा नं. ४, खानीछाप | ९८४७३३०७९५ |
| १३ | धर्मराज अधिकारी | सदस्य | वडा नं. ४, खानीछाप | ९८५७०६५८९७ |
| १४ | शान्ति नेपाली | सदस्य | वडा नं. ५, दर्लमडाँडा | ९८६७१५२१२८ |
| १५ | छविलाल गैरे | सदस्य | वडा नं. ५, दर्लमडाँडा | ९८४७०६७५७८ |
| १६ | टोपबहादुर न्यौपाने | सदस्य | वडा नं. ५, दर्लमडाँडा | ९८५७०६५२०५ |
| १७ | नेत्रा कुमारी पाण्डे | सदस्य | वडा नं. ६, यम्घा | ९८४७३४९७७७ |
| १८ | सीता वि.क. | सदस्य | वडा नं. ६, यम्घा | ९८४७०६७९९३ |
| १९ | झपेन्द्र खनाल | सदस्य | वडा नं. ६, यम्घा | ९८४७१३७५८६ |
| २० | मिना कुमारी कनौजे | सदस्य | वडा नं. ७, खानीगाउँ | ९८४७१४०२२६ |
| २१ | सीता कामी | सदस्य | वडा नं. ७, खानीगाउँ | ९८४७४५६३१४ |
| २२ | रामबहादुर साठीघरे | सदस्य | वडा नं. ७, खानीगाउँ | ९८४७११३९७१ |
| २३ | रीता देवी भट्टराई | सदस्य | वडा नं. ७, खानीगाउँ | ९८६७२६३१५८ |
| २४ | भगवती देवी घिमिरे | सदस्य | वडा नं. ८, बराङ्दी | ९८४७०४३५६४ |
| २५ | सुमित्रा/सुनिता वि.क. | सदस्य | वडा नं. ८, बराङ्दी | ९८४७३९७०३१ |
| २६ | ठानेश्वर बस्याल | सदस्य | वडा नं. ८, बराङ्दी | ९८४७४१०१६२ |
| २७ | मिनप्रसाद न्यौपाने | सदस्य | वडा नं. ८, बराङ्दी | ९८४४७१९९७९ |
| २८ | दिपा सारु | सदस्य | वडा नं. ८, चापपानी | ९८४७१६९५४९ |
| २९ | बाटुली वि.क. | सदस्य | वडा नं. ८, चापपानी | ९८४७१५८४७४ |
| ३० | कमल विक्रम खाँण | सदस्य | वडा नं. ८, चापपानी | ९८४४७९२०५६ |
| ३१ | पिताम्बर गाहा | सदस्य | वडा नं. ८, चापपानी | ९८४७१२८२५३ |

स्वास्थ्य

# पाठेघरको मुखको क्यान्सर र बराङ्दी स्वास्थ्य चौकीमा सम्पन्न स्वास्थ्य शिविर



✍ गोम बहादुर क्षेत्री
इन्चार्ज, बराङ्दी स्वास्थ्य चौकी




विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदन अनुसार विश्वमा वार्षिक लगभग ५ लाख ७० हजार महिलाहरूमा पाठेघरको मुखको क्यान्सरको नयाँ रोगीहरू थपिन्छन् भने ३ लाख ११ हजार महिलाको त वर्षेनि मृत्यु नै हुने गर्दछ। विश्वमा महिलाहरूमा हुने क्यान्सरमध्ये यो क्यान्सर (ऋभचखष्अर्बा ऋबलअभच) तेस्रो स्थानमा पर्छ भने नेपाली महिलाहरूमा पहिलो स्थानमा पर्छ। अन्तर्राष्ट्रिय क्यान्सर अनुसन्धान एजेन्सीको प्रतिवेदन २०१८ अनुसार १५ देखि ४४ वर्ष उमेर समूहका नेपाली महिलाहरूमा क्यान्सरले गर्दा हुने मृत्यु मध्ये पाठेघरको मुखको क्यान्सरबाट हुने मृत्यु पहिलो स्थानमा परेको छ। यसबाट हामी यस रोगमा कतिसम्म गम्भीर हुनु पर्ने भन्ने देखाउँछ।

नेपालमा बर्षमा २ हजार ९ सय ४२ महिलामा पाठेघरको मुखको क्यान्सर भएको तथ्याङ्कमा देखिन्छ भने १ हजार ९ सय २८ महिलाको त मृत्यु भएको भेटिन्छ।

'क्यान्सर' भनेपछि हामीहरूमा एक किसिमको सन्त्रास पैदा भई हाल्दछ तर बेलैमा उचित होशियारी अपनाउन सकिन्छ भने त्यसबाट जोगिन पनि सकिन्छ। वास्तवमा पाठेघरको मुखमा भएका कोषहरूको असामान्य र अनियन्त्रित ढङ्गले वृद्धि हुनु नै पाठेघरको मुखको क्यान्सर हुनु हो। पाठेघरको मुखबाट सुरु भएर बेलैमा उपचार नभए शरीरको अन्य भागमा फैलिई रोगीको मृत्यु समेत हुन सक्छ।

यथेष्ट स्वास्थ्य चेतनाको कमी र जाँच गराउन आर्थिक अभाव, रोग नै पत्ता नलागिकन वा अस्पतालको मुखै नदेखिकन यस रोगबाट धेरै नेपाली महिला पीडित भएका तथा अकालमा नै ज्यान गुमाउनु परेको छ।

## पाठेघरको मुखको क्यान्सर हुनुको प्रमुख कारण

यसको प्रमुख कारण त ह्यूमन प्यापिलोमा भाइरस (एच.पी.भि.) हो। यसका १ सयभन्दा बढी जातीहरू भएता पनि 'टाइप १६ र १८' पाठेघरको सङ्क्रमणमा बढी सक्रिय मानिन्छ। एच.पी.भि.ले सङ्क्रमण गरेपछि कुनै पनि स्वस्थ महिलामा क्यान्सरको रूप लिन १५ देखि २० वर्षको समय लाग्छ भने कमजोर र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका महिलाहरूमा भने सङ्क्रमण भएदेखि ५ देखि १० वर्षमै क्यान्सरको रूप लिनसक्छ। सानो उमेरमा गर्भधारण गरी सन्तान जन्माउने र धेरै सन्तान जन्माउने महिलाहरू पनि उत्तिकै उच्च जोखिममा पर्दछन्।

सानो उमेरमा विवाह गर्नु तथा सानै उमेरदेखि शारीरिक सम्पर्क गर्नु आदि। कमजोर खालको प्रतिरक्षा प्रणाली, धुम्रपान, मद्यपान, एच.पी.भि.

भाइरस बाहेक पाठेघर मुखको क्यान्सर हुनुमा अन्य सहायक कुराहरूको भूमिका पनि उत्तिकै हुन्छ जस्तो : - योनी वरिपरि आउने मुसा वा गाँठागुठी, योनीको तथा मलद्वारको क्यान्सर, अप्रत्यक्ष रूपमा पुरुषको लिङ्ग र अण्डाशयको क्यान्सरको कारण पनि हो। यी भाइरसहरू खास गरि यौन सम्पर्क, छालाको संसर्ग, लगायत अप्राकृतिक यौन संसर्गको माध्यमबाट सर्न सक्छन्। त्यसै गरी मुख मैथुन गर्नेलाई चाहीँ मुखको क्यान्सर हुन सक्ने खतरा उत्तिकै हुनसक्छ। क्यान्सर गराउनका लागि जीवनशैली र केही अन्य जोखिमपूर्ण कुराहरू पनि जिम्मेवारीलाई नकार्न सकिँदैन जस्तो : -






नेपालको धेरै ग्रामीण भेगमा छोरीलाई सानै उमेरमा बिहे गरिदिने चलन अझै पनि व्याप्त छ। सानो उमेरमा बिहे गर्दा उनीहरू चाडै नै शारीरिक सम्पर्कमा सहभागी हुन्छन् जसले गर्दा क्यान्सर गराउन सक्ने भाइरस (एच.पी.भी.) ले सङ्क्रमण गर्ने जोखिम बढेर जान्छ। (एक अध्ययनका अनुसार नेपाली महिलाको प्रथम पटक सहवास गर्ने औसत उमेर १६.५ देखि १७.९ वर्ष भएको र ४.६ प्रतिशतले १५ वर्षको उमेरदेखीनै शारीरिक सम्पर्क गर्ने गरेको र २४.५ प्रतिशतले १५ देखि १९ वर्षभित्र विवाह गर्ने पाइएको छ। जुन धेरै जोखिमपूर्ण हुन्छ।

'लामो समयसम्म हर्मोनयूक्त परिवार नियोजनका साधनहरू प्रयोग गर्दा पनि पाठेघरको क्यान्सर हुने केही जोखिम बढ्छ। त्यसैगरी धेरै जनासँग असुरक्षित शारीरिक सम्पर्क राख्नाले पनि क्यान्सरको जोखिमतालाई बढाउँछ।'

यौनजन्य रोगहरूको बेलैमा उपचार नगर्दा पनि क्यान्सर हुने खतरा हुन्छ। जस्तैः भिरिङ्गी, गनोरिया, क्लेमाइडिया, जेनाइटल हर्पिस जस्ता यौन रोगहरूको समयमै उपचार नहुनु इत्यादि। सन्तुलित भोजनको कमी, पाठेघरको मुखको क्यान्सर हुँदा कस्ता लक्षणहरू देखिन सक्छन् ?

(क) प्रारम्भिक चरणमा खास लक्षणहरू लक्षणहरू देखिँदैनन् तर यौनाङ्कको जाँच गरेपछि भने पत्ता लाग्छ।

यौन सम्पर्कपछि तथा महिनावारीको बीचमा कहिलेकाहीँ रगत बग्नु, कतिपय महिनावारी रोकिइसकेका महिलाहरूमा पनि रक्तस्राव देखिन सक्छ। तल्लो पेट दुख्ने, ढाड दुख्ने, थकान महशुश हुने, स्वरमा परिवर्तन आउने, दिशा वा पिसाब लाग्ने समय फरक हुँदै जाने, तौल घट्दै जाने हुन्छ।जस्तै : -

**(ख) अन्तिम चरणमा देखिने लक्षणहरू**

पाठेघरको मुखको क्यान्सरको पछिल्लो चरणमा गम्भीर खालका निम्न लक्षणहरू देखिन सक्छन् : - लगातार ढाड, तल्लो पेट र खुट्टा दुख्न, खुट्टा सुन्निनु।

यौनबाट दुर्गन्धित तरल पदार्थ बग्नु र असजिलो हुनु, खाना खान मन नलाग्नु, तौल घट्दै जानु, धेरै थकान लाग्नु, जस्ता लक्षणहरू देखिन सक्छ।

**पाठेघरको मुखको क्यान्सरको परिक्षण**

पाठेघरको मुखको क्यान्सर केही मिनेटमै पत्ता लगाउन सकिन्छ। अवस्था हेरि पाठेघरको मुखको क्यान्सर अन्यत्र फैलिएको छ छैन थाहा पाउन भने अल्ट्रासाउण्ड, सि.टी. स्क्यान, आइ.भी.यू. वा एक्स रे पनि गराउनुपर्ने हुन्छ। तर पाठेघरको मुखको क्यान्सरलाई शुरूकै अवस्थामा पत्ता लगाउन सके पूर्ण रूपमै वा शतप्रतिशत निको पार्न सकिन्छ। रोग फैलिसकेको अवस्थामा भने रेडियोथेरापी वा केमोथेरापी (विशेष औषधी चलाएर गरिने उपचार) गर्नुपर्ने हुन्छ।

**पाठेघरको मुखको क्यान्सर हुनबाट जोगिने उपायहरू**

**(क) प्राथमिक रोकथाम** (Primary Prevention)

रोग लागेर उपचार गर्नु भन्दा लाग्न नदिनुनै उत्तम हुन्छ। क्यान्सर गराउन सक्ने ह्युमन प्यापिलोमा भाइरसको सङ्क्रमणबाट बच्न निम्न कुराहरूमा ध्यान दिन सकिन्छ।

महिला पुरुष दुवैले यौनाङ्गको सरसफाइमा विशेष ध्यान दिन सकेमा यसबाट जोगिन सकिन्छ। ताजा फलफुल तथा हरियो सागसब्जी नियमित




सेवन गर्ने, महिला पुरुष दुवैले यौनजन्य रोगहरूको समयमा नै उपचार गर्ने, धूम्रपान (चुरोट, बिँडी, तमाखु, सुर्ती सेवन) नगर्ने लामो समयसम्म हर्मोनयूक्त परिवार नियोजनका साधनहरू प्रयोग नगर्ने धेरै बच्चा नजन्माउने, सानो उमेरमा धेरै बच्चा नजन्माउने, असुरक्षित यौन सम्पर्क नगर्ने, कण्डमको प्रयोग गर्ने, सानै उमेरमा शारीरिक सम्पर्क नराख्ने, सानो उमेरमा विवाह नगर्ने, एक जना व्यक्तिसँग मात्र शारीरिक सम्पर्क राख्ने, ह्यूमन प्यापिलोमा भाइरसका विरुद्ध एच.पी.भि खोप लगाउनेः विश्व स्वास्थ्य सङ्गठनका अनुसार यो खोप ९ देखि १४ वर्ष उमेरका किश्वरीहरूलाई दिँदा प्रभावकारी हुन्छ र भविष्यमा हुनसक्ने पाठेघरको क्यान्सरको रोकथाम गर्दछ। गरडासिल (Gardasil), गरडासिल नाइन (Gardasil 9), र सर्भरिक्स (Cervarix) एच.पी.भि विरुद्ध लगाइने खोप हुन। अहिलेसम्म नेपाल सरकारले पाठेघरको मुखको क्यान्सरको खोपलाई नियमित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत राखेको छैन तर अब छिट्टैनै भित्र्याउने तयारी गर्दै छ। पाठेघरको जाँच पश्चात् एच.पी.भि.को सङ्क्रमण नभएको थाहा भए १४ वर्ष माथिका महिलाले पनि एच.पी.भि खोप लगाउन सक्छन् तर भाइरसको सङ्क्रमण भइसकेका महिलाले लगाउनुको कुनै फाइदा हुँदैन।

**(ख) माध्यमिक रोकथाम** (Secondary Prevention)

पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग : पाठेघरको मुखको क्यान्सर छ कि छैन भनी बेलैमा पत्ता लगाई सोही अनुसार उपचार गर्न ३० वर्ष सो भन्दा माथिका हरेक महिलाले चिकित्सकको सल्लाह लिई पाठेघरको निम्न जाँच गर्नुपर्छ : -

**ह्यूमन प्यापिलोमा भाइरस परीक्षण (एच.पी.भि टेष्ट)**

जाँच पश्चात् पत्ता लागेका क्यान्सर पूर्व देखिने घाउको बेलैमा उपचार गर्न सके पाठेघरको क्यान्सर हुनबाट जोगिन सकिन्छ र प्रारम्भिक चरणमा नै क्यान्सर पत्ता लाग्न सकेमा तुरुन्तै उपचार गरी मृत्युबाट बच्न सजिलो पनि हुन्छ। भिजुअल इन्स्पेक्सन विथ एसिटिक एसिड (भि.आइ.ए.) अथवा प्याप स्मेयर टेस्ट।

**(ग) तृतीय रोकथाम** (Tertiary Prevention)

यस अन्तर्गत क्यान्सर पत्ता लागे पश्चातको उपचार तथा प्रशामक स्याहार (Palliative care) पर्छ। उपचार विधि क्यान्सरको चरण अनुसार फरक पर्नसक्छ जुन यस प्रकार छन् : -

(१) शल्यक्रिया
(२) रेडियोथेरापी
(३) केमोथेरापी

अतः भविष्यमा हुनसक्ने पाठेघरको क्यान्सरबाट बच्न ९ देखि १४ वर्षभित्र छोरीहरूलाई क्यान्सर गराउन सक्ने ह्यूमन प्यापिलोमा भाइरसका विरुद्ध एच.पी.भि. खोप दिनु नै क्यान्सर रोकथामको पहिलो पाइला हो। साथै सुरक्षित यौन व्यवहार अपनाउने, धूम्रपानदेखि टाढा रहने, सानो उमेरमा विवाह तथा शारीरिक सम्पर्क, सानै उमेरमा बच्चा जन्माउने र धेरै बच्चा जन्माउने कार्यदेखि टाढा रहेमा भविष्यमा हुनसक्ने पाठेघरको क्यान्सरबाट बच्न सकिन्छ। यससँगै ३० वर्ष वा सोभन्दा माथिका हरेक महिलाहरूले समय समयमा पाठेघरको मुखको जाँच (स्क्रिनिङ्ग) गरी क्यान्सर पूर्वको घाउ (precancerous lesion) देखिएमा समयमा नै उपचार गरे पाठेघरको मुखको क्यान्सर हुनबाट बच्न सकिन्छ।

**बराङ्दीमा सम्पन्न भि. आइ. ए. शिविर**

बगनासकाली गाउँपालिका वार्ड नं. ८ मा गएको २०७८ साल बैशाख ०६ (तदनुसार सन् २०२१ अप्रिल १९) मा एकिकृत प्रजनन स्वास्थ्य शिविर सम्पन्न गरियो।

नेपाल परिवार नियोजन संघ बराङ्दी सामुदायिक क्लिनिकमा शिविर सम्पन्न भएको सो शिविर बगनासकाली गाउँपालिका स्वास्थ्य शाखाको आयोजना र नेपाल परिवार नियोजन संघ पाल्पा शाखाको प्राविधिक सहयोग तथा लायन्स क्लव अफ पाल्पाको सहयोग, समन्वय, एकता , सहकार्यमा सञ्चालन भएको थियो। सो शिविरमा परिवार नियोजनका लामो अवधीको अस्थायी साधन आयु .सि .डी र इम्प्लान्ट सेवा लगायत पाठेघरको मुखको क्यान्सर परिक्षण (VIA Test ) स्तन क्यान्सर, फिस्टुला रोग पहिचान, आङ खस्ने समस्या, यौन रोग परिक्षण व्यवस्थापन उपचार सेवामा निम्नानुसारका सेवाग्राही लाभान्वित भएका थिए।

cervical cancer screening by VIA test – 103
VIApositive_-1, Pelvic Inflamatory disease -STIs_ – 40
Uterine prolapsed by Ring pessary – 4
Long acting contraceptives IUCD & implant – 3

# तस्वीरमा बालमैत्री कार्यक्रमका गतिविधिहरू





















दशौं गाउँसभामा कर्मचारी सम्मान गर्दै जनप्रतिनिधि




अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित कार्यक्रमपश्चातको सामुहिक तस्विर




सहुलियतपूर्ण कर्जा सम्बन्धी वगनासकाली गाउँपालिका र नेपाल बैंक लिमिटेड बिचको सम्झौता




उत्कृष्ट कृषक समूहलाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा जनप्रतिनिधिहरू लगायत



खेलकूद प्रतियोगिता विजेता समुहका साथमा जनप्रतिनिधिहरू




बगनासकाली पत्रकार समूहको प्रथम साधारण सभा तथा अधिवेशन पछिको सामुहिक तस्वीर



बजार अनुगमनको क्रममा सरोकारवालाहरू



वडा नं. १ ग्राम्य माविमा दिवा खाजा कार्यक्रममा सहभागी बालबालिकाहरू




फुसको छाना रहित गाउँपालिका घोषणा कार्यक्रम

रिपोर्ट

# वगनासकाली, लुम्बिनी प्रदेशको पहिलो बालमैत्री गाउँपालिका:



✍ विष्णु प्रसाद घिमिरे
सचिव, वगनासकाली पत्रकार समुह

**उपलब्धी र चुनौतीहरू**

बगनासकाली गाउँपालिका लुम्बिनी प्रदेशकै पहिलो बालमैत्री गाउँपालिका बनेको छ। लुम्बिनी प्रदेशका १२ जिल्लाहरू मध्ये सबैभन्दा पहिले बालमैत्री गाउपालिका घोषणा गरी, पहिलो बनेको हो। शनिवार गाउपालिकामा आयोजित विशेष सभामा बगनासकाली गाउँपालिका बालमैत्री गाउपालिका भएको घोषणा गरिएको हो।

लुम्बिनी प्रदेशको पहिलो बालमैत्री गाउपालिका बनेको बगनासकाली, नेपालका ७ सय ५३ वटा स्थानीय तहहरूमै १० औं, र नेपालका गाउपालिकाहरूमा तेम्रो गाउपालिकाको रूपमा बगनासकाली गाउपालिका बालमैत्री बनेको छ। बगनासकाली गाउँपालिकामा वालविवाहको न्यूनीकरण, वालश्रमको ण्णअन्त्य, बालअधिकारको सुनिश्चत भएपछी गाउपालिकालाई वालमैत्री घोषणा गरिएको हो। आर्थिक वर्ष ०७४।०७५ बाट सुरु भएको बालमैत्री कार्यक्रम ३ आर्थिक वर्षमा सकिएको हो। बालमैत्री राष्ट्रिय रणनीति २०६८ अनुसार ३९ सूचक मध्ये १७ वटा सूचकहरूमा शतप्रतिशत र २२ वटा सूचकहरूमा ८० प्रतिशत नतिजा ल्याए बालमैत्री घोषणा गर्न सकिने प्रावधान रहेको छ। बगनासकाली गाउँपालिकाले ३० वटा सूचकहरूमा शत प्रतिशत र ९ वटा सूचकहरूमा ९० प्रतिशत नतिजा ल्याई बालमैत्री घोषणा गरेको हो। त्यसैगरी बालमैत्री कार्यक्रमको लागि निरन्तरता र गुणस्तरको शुनिश्चितताको लागि विशेष गाउँसभाले ५ वर्षको प्रतिवद्धता समेत जनाएको छ।

८४.१६ व.कि.मि.क्षेत्रफलमा फैलिएको बगनासकाली गाउपालिकाका ९ वटा वडाहरूमा कूल जनसंख्याको २८ प्रतिशत वालवालिका रहेका छन्। झण्डै एक तिहाई जनसंख्या र भविष्यका कर्णधार वालवालिकाहरूमा लगानी गर्ने जुन सोच र कार्य बगनासकाली गाउपालिकाले गरेको छ, त्यो उल्लेखनिय छ। आर्थिक वर्ष ०७४ देखी ०७७ सम्मको अवधीमा बगनासकाली गाउपालिका, पाल्पाले बालमैत्री कार्यक्रम संचालनको दौरानमा गरेका कामहरूबाट प्राप्त उपलब्धीहरू यसरी लिन सकिन्छ।

**राम्रा पक्षहरू:**

- आर्थिक वर्ष ०७४।०७५ देखी बगनासकाली गाउपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन गरेको देखिन्छ। ९ वटै वडाहरूमा बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरणहरू, भेला, गोष्ठि, छलफल।
- बालमैत्री घोषणाको लागि गाउ सभामा निर्णय सहित प्रतिवद्धता जनाएको पाइयो। रणनीतिक योजना सहितको प्रतिवद्धता हुनु अत्यान्तै सराहनीय पाइएको छ।
- बालमैत्री गाउं समिति र वडा समिति गठन तथा पूर्नगठन र नियमित वैठक भएका छन्।
- बालबालिकाको लागि आवधिक लगानी योजना तथा वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयन भएको पाइएको छ।
- गाउपालिकाको तथ्याङ्क अनुसार हाल सम्म ९५ ओटा बालक्लब तथा बालसंजाल गठन र परिचालन भएका छन्।
- बालबालिकाको क्षेत्रमा आ.व. ०७४ देखी नै निरन्तर बजेट विनियोजन भएको पाइएको छ।
- वडाहरूमा बालमैत्री सम्पर्क ईकाई र फोकल पर्सन नियुक्ति भएको देखिन्छ।
- पालिका स्तरीय र वडा स्तरीय बालमैत्री शाखाको स्थापना र कार्यान्वयन भएको पाइएको छ।
- आमा समुह तथा हजार दिनमा आमाहरूलाई पोषण, तथा सुनौला हजार दिनसम्बन्धी सचेतनामुलक कार्यक्रमहरू निरन्तर गरेको देखिन्छ।
- पूर्ण खोप, खुल्ला दिशामुक्त क्षेत्र घोषणा भइसकेका छन् भने तीनीहरूलाई तथा निरन्तरता दिइएको देखिन्छ।
- गाउपालिकामा भएको एम्बुलेन्सलाई वर्थिङसेन्टर सम्म आउन जान भाडामा सहयोग दिएको देखिन्छ।
- पूर्णसंस्थागत सुत्केरी (सून्यहोम डेलिभरी) भएको गाउंपालिका घोषणा तथा सुनिश्चितताको निरन्तरता।
- बाल संरक्षण नीति तथा संरक्षण कार्ययोजना तयार गरिएको
- बाल संरक्षण समिति, बालक्लब, बालमैत्री वडा समिति लगायतलाइ बालसंरक्षण सम्बन्धी अभिमुखीकरण
- वडा, टोल स्तरमा प्रचार प्रसार सहित जन्मदर्ता अभियान संचालन
- वालविवाह न्युनीकरणका लागि बालक्लब, समुदायलाइ वालविवाह न्युनीकरण सम्बन्धी अनुशिक्षण कार्यक्रम

- वालविवाह, बालश्रम, बालदुर्व्यवहार विरुद्धको अभियान संचालन भएको।
- बालश्रमको अनुगमन र बालबालिकालाई सूर्तिजन्य पदार्थ विक्रि वितरण नगर्ने नगराउने सम्वन्धमा सचेतना कार्यक्रम सञ्चालन।
- बालश्रमिक मुक्त होटल अभियान सञ्चालन।
- अभिभावक विहिन,विपन्न,र समस्यामा परेका बालबालिकाको लागि विशेष संरक्षण भत्ता राहत उद्दार तथा पूर्नस्थापना गर्न बालकोषको स्थापना र कार्यान्वियन।
- विद्यालय भर्ना तथा विद्यालय जान छुटेका बालबालिकालाइ विद्यालय पुऱ्याउनका लागि कार्यक्रम संचालन।
- विद्यालयमा सेनेटरी प्याड वितरण।
- न्यूनतम बालमैत्री पूर्वाधार र बालमैत्री व्यवहार प्रर्दशन गर्ने विद्यालयलाई बालमैत्री विद्यालय घोषणा सम्पन्न।
- बोटेबालबालिकाको विद्यालयमा नियमितताको लागि हेरालु नियुक्त गरिएको।
- योजना छनौटको क्रममा बालबालिकालाई सहभागि गराएको।
- विद्यालयहरूमा वि.व्य.स.मा बालसहभागिता सुनिश्चित गरिएको।
- स्वास्थ्य व्यवस्थापन समितिमा बाल सहभागिता गराइएको।
- बालक्लब तथा संजालद्धारा नियमित वैठक तथा अतिरिक्त क्रियाकलापहरू संचालन भइरहेको।
- निरन्तर गाउं सभा गरिएको।
- बालबालिकाको अधिकार तथा बालमैत्री सम्बन्धी आवश्यक नीतिगत निर्णयहरू गरिएको।
- बालबालिकाको क्षेत्रमा निश्चित बजेट विनियोजन गरिएको।
- बालमैत्री नीति तथा आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याइएको।

बगनासकाली गाउपालिका पाल्पाले झण्डै ३ आर्थिक वर्ष बढी समय लगाएर गरेको बालमैत्री कार्यक्रमले सबै वडाहरूमा राम्रो प्रभाव परेको देखिन्छ। यस कार्यक्रम अर्न्तगतगरिएका क्रियाकलापहरूले गाउपालिका वालश्रमको अन्त्य, वालविवाहको न्यूनीकरण हुनु अत्यान्तै राम्रो कुरा हो। वडा नं. ६ यम्घा दर्पुकका वोटे वालवालिकाहरूको लागि हेरालुको व्यवस्थाले वालवालिकाको पढाईमा निरन्तरता हुनु अत्यन्तै सबल पक्ष मान्न सकिन्छ।

यो एउटा सरकार हो। सरकारले जनताका हितमा काम गरयो भने पक्कै पनि जनताको अपेक्षा पुरा हुन्छ। बगनासकाली गाउपालिका सहाराविहिनहरूको अभिभावक पनि बनेको छ। गाउपालिकाभरीमा २५ जना त्यस्ता सहाराविहीन वालवालिकाहरूलाई मासिक भत्ता तथा हेरचाहमा विशेष ध्यान दिएर यो गाउपालिकाले सरकार हुनुको अर्थपूर्ण सहभागिता जनाएको छ।

**बालमैत्री कार्यक्रम संचालनमा देखिएका अर्थपूर्ण उपलब्धीहरू**

१) सहाराविहीनहरूको सहारा

२) बालश्रम शून्य

३) वालविवाह न्यूनीकरण

४) निर्णायक तहमा वालवालिकाको सहभागिता

५) वालकोषको स्थापना

६) दिगोपनाको रणनीतिक योजना निर्माण

**चुनौतीहरू**ः

बगनासकाली गाउपालिका पाल्पाले वालमैत्री गाउपालिका बनाउने अभियान जसरी तिव्रताका साथ सम्पन्न गरेको छ। भोलीका दिनमा अझ चुनौतीहरू थपिएका छन्। बगनासकाली बालवालिकाको क्षेत्रमा वकालत गर्ने, अधिकार सुनिश्चतका लागि लड्ने सरकार हो भन्ने परेपनि यसलाई निरन्तरता दिनु जटिल छ। खासगरी एकपटक कार्य गर्दैमा नसकिने खालको र अभौतिक क्रियाकलाप भएका कारण पनि निरन्तरताको आवश्यकता देखिन्छ।

१)**सहाराविहीनहरूको सहारा** : बगनासकाली गाउपालिका यतिवेला २५ जना वालवालिकाहरू जसको सहारा कोही छैनन् ती वालवालिकाहरूको सहारा वनेको छ। यसलाई निरन्तरताको साथै त्यस्ता वालवालिकाहरूको शिक्षा, दिक्षामा समेत चासो दिनुपर्ने देखिन्छ। जुन चुनौतीपूर्ण छ। आज सहारा पाएका वालवालिका भोली वेसाहारा बन्न कत्तिवेर लाग्दैन। सूचना संकलन देखी त्यस्ता वालवालिकाहरूलाई सधै सहारा दिने काममा गाउपालिकाको ध्यान जान जरुरी देखिन्छ।

२) **बालश्रम** :यो लेख तयार पार्दा सम्म यस गाउपालिकामा वालश्रम नरहेको देखिएपनि सदैका लागि वालश्रम अन्त्य गर्न केही नीतिगत व्यवस्था हुनु जरुरी देखिन्छ, जुन अत्यान्त चुनौतीपूर्ण छ। कतिपय वालवालिकाहरू आर्थिक अवस्थाका कारण बालश्रममा लागेका हुन्छन्। एकापटी वालश्रमबाट हटाउदा ती वालवालिकाहरूको आर्थिक स्थीतीमा पनि ध्यान दिनुपर्ने देखन्छि।

३) **वालविवाह सधैको लागि अन्त्य**: वालविवाह जघन्य अपराध हो। यसलाई न्यूनीकरण होइन, अन्त्य नै गर्नुपर्ने देखिन्छ। वालविवाहको अन्त्यका लागि सचेतिकरणको साथै निरुत्साहन कार्यक्रम संचालन गर्दा उपयुक्त देखिन्छ। जुन चुर्नातीपूर्ण छ। वालवालिका आफु खुसी भागेर विहे गर्ने प्रचलन बढेको छ। यसलाई घटाउन जरुरी देखिन्छ।

४) **निर्णायक तहमा वालवालिकाको सहभागिता** : यो प्रतिवेदन तयार पार्दा सम्म विद्यालय व्यवस्थापन समिति तथा केही सस्थाहरूको वालसहभागिता देखिएपनि गाउपालिका भरीका अन्य संघ सस्थाहरूमा प्रतिनिधित्व गराउनुपर्ने देखिन्छ। जुन चुनौतीपूर्ण छ, वालसहभागिता गराउदा, वालवालिकाको अध्ययन तथा विद्यालय जाने समय व्यवस्थापनमा अप्ठेरो छ। सहभागिता नगराउदा बालवालिकाको शासनमा पँहुचको अभाव देखिन्छ।

५) **वालकोषको स्थापना** : वालकोषको स्थापना गर्नु राम्रो पक्ष हो तर यसमा लगानी थप गरी समस्या र पीडामा रहेका वालवालिकाको हितमा खर्च गर्नुपर्ने हुन्छ। सहारा भएर पनि गरिबीका कारण पीडा र समस्यामा परेका वालवालिकाहरूलाई उचित शिक्षा र संरक्षणको लागि विशेष प्याकेज वनाउनुपर्ने देखिन्छ। ■


भाइरसले भेदभाव गर्दैन, हामीले पनि नगरौं
जुनसुकै जात, धर्म, लिङ्ग, क्षेत्र, उमेर वा वर्णका मानिसहरुलाई
कोभिड-१९ संक्रमण हुनसक्छ
कोभिड-१९ संक्रमितलाई अपहेलना र भेदभाव नगरौं
कोभिड-१९ संक्रमण भएर आइसोलेसनमा बसिरहनुभएका हाम्रा
आफन्त र छिमेकीहरुको नजिक जान नमिले पनि टाढैबाट
माया र हौसला बाडौं
कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं
मास्क लगाऔं
भौतिक दूरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं
बगनासकाली गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा

रिपोर्ट

# जिल्लामै पहिलो फुसको छानोमुक्त गाउँपालिका



✍भोजराज भट्टराई
सम्पादक, परेवा पत्रिका




बगनासकाली गाउँपालिका जिल्लामै पहिलो फुसको घररहित गाउँपालिका बनेको छ। फागुन १२ गते बुधबार पालिकामा एक समारोहको आयोजना गरी पालिकालाई फुसरहित गाउँपालिका घोषणा गरिएको हो।

पालिकाभित्र रहेका सबै फुसका घरहरू जस्तापातामा परिणत भएको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बताउनुभयो। उहाँले २०७४ सालदेखि सुरु भएको फुसको छानोरहित अभियान गत वर्ष सकिएको भएपनि कोभिड १९ संक्रमणका कारण घोषणा ढिलाई भएको बताउनुभयो। बस्यालका अनुसार २५२ घरलाई जस्तापाता सहयोग गरिएको छ। यससँगै सिँगो गाउँपालिका फुसको छानोरहित बनेको छ। प्रतिघर तीन वण्डलका दरले जस्तापाता पाएका छन्। पहिलो वर्ष १५ लाख बजेटमा ५५ घरलाई जस्तापाता वितरण गरिएको गाउँपालिका अध्यक्ष बस्यालले बताउनुभयो। 'यो अभियान तीन वर्षमा सकिएको छ। जसले गर्दा गाउँपालिकाका सवै घरमा जस्तापाता लगाउन सफल भएका छौं' बस्यालले भन्नुभयो। उहाँले अघिल्ला आर्थिक वर्षमा ८३ घरपरिवारलाई र यसवर्ष १ सय ९ घरपरिवारलाई तीन वण्डलका दरले जस्तापाता वितरण गरिएको बताउनुभयो। अध्यक्ष बस्यालका अनुसार बगनासकाली सवै घरमा जस्तापाता लगाएको प्रदेशमै दोस्रो र जिल्लामै पहिलो हुन सफल भएको छ। फुसको छानारहित गाउँपालिका बन्ने पहिलो भएकोमा गाउँपालिकालाई गौरवको अनुभूति भएको बस्यालको भनाई छ। 'बगनासकालीलाई फुसको छानारहित गाउँपालिका घोषणा गर्ने कार्यक्रम पहिला नै हुन्थ्यो, सवै काम नसकि किन घोषणामा हतार गर्ने भनेर काम सकेर अहिले घोषणा गरेका हौं।' बस्यालले भन्नुभयो।

गाउँपालिकाका ९ वटै वडामा खरको छाना भएका घरपरिवारलाई निशुल्क रूपमा २४ वटा जस्तापाता वितरण गरिएको थियो। वडाबाट फुसको छाना भएको घरको विवरण लिएर जस्तापाता उपलब्ध गराएको बस्यालले बताउनुभयो। ७५३ वन्डल जस्तापाता वितरण गरिएको छ। ६९ लाख रूपैंया बराबरको जस्तापाता वितरण गरिएको जानकारी दिनुभयो। फुसरहित गाउँपालिका घोषणा भएसँगै पानी चुहिने घरमा बस्नुपर्ने यहाँका नागरिकको बाध्यता टरेको उहाँले बताउनुभयो।

तीन आर्थिक वर्षमा यो अभियान सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरेले बताउनुभयो। उहाँका अनुसार आर्थिक वर्ष २०७४।०७५ मा १५ लाख, २०७५।०७६ मा १५ लाख र २०७६।०७७ मा ३९ लाख बजेट विनियोजन गरी फुसको छाना हटाउने अभियान थालिमएको थियो। 'अब गाउँपालिकामा फुसले छाएका घर छैनन' घिमिरेले भन्नुभयो। यहाँका विपन्न तथा गरिब नागरिकलाई ओतमा राख्ने कामलाई पहिलो प्राथमिकता दिएको गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीले बताउनुभयो। आगलागी र हावाहुरीले फुसको छाना उडाइदिने समस्या भएकोले जस्तापाता वितरण गरिएको उहाँले बताउनुभयो। आगामी दिनमा यी नागरिकलाई अर्थोपार्जनमा जोड्न विशेष खालका कार्यक्रम सञ्चालन गर्ने प्रवक्ता लक्ष्मीप्रसाद अधिकारीले बताउनुभयो। सो अवसरमा सहभागी पत्रकार कृष्ण कार्की, विष्णु घिमिरे, माधव अर्याल, यज्ञमूर्ति तिमिल्सिना, नारायण न्यौपाने, कृष्ण पोखरेलले फुसको छानारहित पालिकासँगै आर्थिक आर्जनका गतिविधिमा केन्द्रित रहेर बजेट तथा योजना तयार गर्न सुझाव दिनुभयो।

फुसको छानारहित पालिका घोषणा कार्यक्रमका अवसरमा गाउँपालिकाको त्रैमासिक बुलेटिन बगनासकाली आवाजको स्वास्थ्य विशेषांक समेत विमोचन गरिएको थियो। स्वास्थ्य शाखा प्रमुख एवम् प्रधान सम्पादक मणिराम अधिकारीले बुलेटिन पालिकाको आवाज भएकाले सरोकारवालाहरूको सहयोग आवश्यक हुने भन्दै रचनात्मक सहयोग सुझाव अनुसार बुलेटिनलाई परिस्कृत बनाउँदै लगिने बताउनुभयो। गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालको अध्यक्षतामा चलेको घोषणा सभाको सञ्चालन सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनाका एम.आइ.एस. अपरेटर भोजराज भट्टराईले गर्नुभएको थियो। *(परेवा पाक्षिक पत्रिकामा फागुन १६ गते प्रकाशित सामग्री)*

# बगनासकाली गाउँपालिका
## चिर्तुङ्गधारा, पाल्पा

# बालमैत्री स्थानीय शासन कार्यक्रम

## बालअधिकार महासन्धि, १९८९ मा भएका बालअधिकारका चार क्षेत्रहरु



### बाल बचावटको अधिकार (survival)

बाच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुन, सुरक्षित रुपमा जन्मन साथै जन्मिसकेपछि खाना, स्याहार, बास, स्वास्थ्य सेवा साथै कपडा पाउने लगायतका बाँच्नका लागि अत्यावश्यक अधिकारहरु नै बालबचावटका अधिकारहरु हुन ।

### बाल विकासको अधिकार (Development)

बालबालिकाहरु बाँचेर मात्र पुग्दैन,बालबालिकाहरुको चौतर्फी विकास हुनुपर्दछ । जस्तैः शिक्षा, खेलकुद, मनोरञ्जन, स्याहारसम्भार, पौष्टिक आहार, पर्याप्त भोजन, पर्याप्त स्वास्थ्य सेवा उपयुक्त वातावरण आदि बाल विकासको अधिकारहरु हुन ।





### बाल संरक्षणको अधिकार (Protection)

प्रत्येक बालबालिकाले नाम पाउने, जन्मदर्ता पाउने, बेचबिखन तथा ओसारपसार, अपहरण, सशस्त्र द्वन्द, जोखिमपूर्ण श्रम, श्रम शोषण, अपाङ्ग, अभिभावक विहिन बालबालिकाको विशेष संरक्षण, यौन शोषण बाट संरक्षण, लागूपदार्थको दुर्व्यसन तथा ओसारपसारबाट संरक्षण अधिकारहरु आदि बाल संरक्षणको अधिकारहरु हुन ।

### बाल सहभागिताको अधिकार (Participation)

बालबालिकाहरुको सर्वोत्तम हितका विषयहरुमा उनीहरुले आफ्नो धारणा राख्न पाउनु, निर्णय गर्ने अवसर पाउनु, भेलाहुन पाउनु, बालक्लवहरु खोल्न पाउनु तथा गतिविधीहरुमा भाग लिन पाउनु, आफ्नो कुरा स्वतन्त्रतापूर्वक राख्न पाउनु, समूहमा छलफल गर्न, संलग्नता देखाउन, आफ्ना कुरा भन्न र प्रतिभा प्रस्तुत गर्न पाउने अधिकार आदि बाल सहभागिताको अधिकारहरु हुन ।



रिपोर्ट

# कोरोना संक्रमितको सारथी बन्दै वगनासकाली सरकार



✍रामचन्द्र रायमाझी
उप-सम्पादक, नवजनचेतना दैनिक



बैशाख १७, बगनासकाली। यतिखेर फेरि देश कोरोनाको दोस्रो लहरको चपेटामा परेको छ। महामारीका कारण देशमा भयावह अवस्था सिर्जना भएको छ। ज्यान गुमाउनेको संख्या बढ्दैछ।

हजारौं संक्रमितहरू थपिदै गएका छन्। आईसियू बेडको अभावमा घरमै छटपटाइरहेका संक्रमितहरूले जीवनको भीख मागिरहेका छन्। अस्पतालमा अक्सिजनसमेत नपाएर बेहाल भएका समाचारहरू आइरहेका छन्। यसतर्फ न संघीय सरकारले ध्यान दिएको छ नत प्रदेश र स्थानीय सरकारले नै। बरु तीनै तहका सरकारहरू पूर्व तयारी बिना नै निषेधाज्ञा लगाउने होडमा छन्। पाल्पामा पनि शुक्रबार राती १२ बजेदेखि प्रमुख जिल्ला अधिकारीको आदेशमा एक साताका लागि निषेधाज्ञा लगाइएको छ। संक्रमितका लागि आवश्यक स्वास्थ्य सामग्रीको जोहो गर्ने विषयमा यहाँका अधिकांश स्थानीय सरकार संक्रमित नागरिकहरूको सारथी बनेका छन्।

जिल्लाको बगनासकालीमा कोरोना संक्रमितको ग्राफ बढ्दै गएपछि बगनासकाली गाउँ सरकार भने कोरोना संक्रमितहरूको सारथी बन्दै गएको छ। गाउँपालिकावासीहरू कोरोना संक्रमण भई स्वास्थ्य उपकरणका अभावमा समस्यामा नपरुन भन्ने उद्देश्यले गाउँ सरकार कोरोना संक्रमितहरूको घरमै पुगी चेक जाँचसँगै स्वास्थ्य सामग्री वितरणमा लागेको छ। गाउँ सरकारले गत वैशाख १३ गते गाउँ कार्यपालिकाको बैठकबाटै संक्रमितहरूको घरमै पुगी स्वास्थ्य सामगैी वितरण गर्ने निर्णय गरेको थियो। सोही अनुरूप कोरोना संक्रमित भई होम आइसोलेसनमा बसेका संक्रमितहरूको लागि स्वास्थ्य सामग्री पुऱ्याउन थालिएको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बताउनुभयो। 'स्वास्थ्य उपकरणको अभावमा गाउँवासीलाई मर्न दिदैनौं।' उहाँले भन्नभुयो। 'जनताको सुरक्षा गर्ने प्रमुख दायित्व स्थानीय सरकारको हो। हामी त्यसै अनुसार काम गरिरहेका छौं।' वर्तमान अवस्थामा संक्रमित भएकाहरूको मनोवल उच्च बनाउनु आवश्यक रहेको अध्यक्ष बस्यालको भनाई छ। 'संक्रमितहरूको मनोवल उच्च बनाउनका लागि हामी उनीहरूको सारथी बनेका छौं' उहाँले भन्नुभयो।

काम गर्ने इच्छा शक्ति भएमा स्रोत र साधनको अभाव नहुने अध्यक्ष बस्यालको भनाई छ। 'विपतको बेला काम गरेर देखाउने अवसर पनि हो', उहाँले भन्नेभयो। कोरोना संक्रमितलाई शक्तिवर्द्धक औषधीहरू, भिटामिन बि, भिटामिन सी, जिङ्क चक्की, च्वनप्रपास, सिटामोल, आवश्यकता अनुसार एन्टिवायोटिक औषधीहरू वितरण गरिदै आइएको गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख मणिराम अधिकारीले बताउनुभयो। उहाँका अनुसार ज्वरो नाप्ने डिजिटल थर्मोमिटर, अक्सिजन र पल्स चेक गर्न पल्स अक्सिमिटर, मास्क र सेनीटाइजर लगायतका सामग्रीहरू पनि वितरण गरिदै आइएको छ।

कोरोना संक्रमित भई घरमै आइसोलेसनमा बसेकाहरूले ज्वरो देखि, अक्सिजन समेत घरमै मापन गर्न सकुन र शक्तिवर्धक औषधीहरू खाएर छिटो निको हुन सकुन भनेर घरमै सेवा दिइएको गाउँपालिकाका प्रवक्ता लक्ष्मी अधिकारीले बताउनुभयो। गाउँपालिकाका स्वास्थ्यकर्मीहरूको टोलीले होम आइसोलेसनमा रहेका ९ जना कोरोना संक्रमितहरूको घरमै पुगी स्वास्थ्य सामग्री वितरण गरेको छ। स्वास्थ्य सामग्री वितरणसँगै ज्वरो तथा खोकी लागेका विरामीहरूलाई आवश्यकता अनुसार इन्टिवायोटिक औषधीहरू र स्वास्थ्य परामर्श समेत मेडिकल अफिसर र स्वास्थ्यकर्मीहरूको टोलीले दिएको छ। गाउँपाकिाले अक्सिजन सिलिण्डर समेत संक्रमितको घरमा पुऱ्याउने तयारी थालेको छ।■

*(नव जनचेतना दैनिक, पाल्पामा बैशाख १८ गते प्रकाशित सामग्री)*

रिपोर्ट

# बगनासकाली धार्मिक पर्यटनको गन्तव्य



✍ यज्ञमूर्ति तिमिल्सीना
सम्पादक, पाल्पा समाचार पत्र साप्ताहिक

बगनासकाली गाउँपालिकाको पर्यटन क्षेत्रमा धार्मिक पर्यटनको प्रचुर सम्भावना छ। यहाँ २ सय १६ बर्ष पुराना पुरातात्कि मठमन्दिरदेखि आधुनिक कलाकौशलबाट निर्मित मठमन्दिर दर्जनौं छन्। सबैको आ-आफ्ना विशिष्ट पहिचान र महत्व छ। जिर्णोद्धार र थप सजिसजावट सहित प्रचार प्रचारमा ध्यान दिन सके यहाँको धार्मिक पर्यटनले राम्रो गति लिन सक्ने देखिन्छ।

**ऋषिकेशेश्वर महादेव मन्दिर**



वडा नं. ७ खानीगाउँ दैलातुङमा रहेको २ सय १७ वर्ष पुरानो (ऋषिकेशेश्वर) महादेव मन्दिर रहेको छ। यो मन्दिर यस क्षेत्रमै पुरानो मन्दिर हो। यो मन्दिरलाई यसअघि अन्नपूर्णेश्वर मन्दिर भनिएपनि मन्दिर भित्र रहेको शिलालेखमा ऋषिकेशेश्वर महादेव लेखिएको भेटिएको छ।

वि.सं. १८६१ सालमा रामशाली पण्डितले उक्त मन्दिरको निर्माण गरेको इतिहास छ। यहाँ दैनिक पुजाआजा हुने र यस क्षेत्रकै बिशिष्ट पहिचानको रूपमा मन्दिर रहेको स्थानीय पदमराज बस्यालले बताउनुभयो।

**दर्लममहाकाली**

बगनासकालीको एउटा प्रमुख धार्मिक गन्तव्य दर्लममहाकाली मन्दिर पनि हो। वडा नं. ५ मा दर्लममा यो मन्दिर रहेको छ।

दर्लमडाँडा निवासी स्व. पदमपाणी गैरेका पूर्वज कुलानन्द तारापतिहरूले बि.सं.१९३० देखि सोही ठाउँमा महाकाली भगवतीको नित्य पूजा गर्दै आएका थिए। स्वर्गिय पदमपाणी गैरेले वि.सं. १९९० देखि श्री दर्लममहाकाली भगवतीको सानो मन्दिर निर्माण गरि माटोको मुर्ति बनाई पूजा आज सुरु गरेका थिए। हाल यो मन्दिर तामाको छानो र गजुर सहित प्यागोडा शैलीमा रहेको छ। मन्दिरको दक्षिण तर्फ सुन झाँक्री र चण्डी माईको थान साथै पूर्वतर्फ महाकालीको उत्पति स्थल रहेका छन्।

किवंदन्ती अनुसार वि.सं. २०१० साल कार्तिक शुक्ल त्रयोदशीको दिन राति सपनामा दर्लमका पदमपाणी गैरे र छिमेकी गाउँ मलेङका ज्यो. हुमकान्त बस्याललाई महाकालीले आकाशवाणीको रूपमा मैले यस ठाउँमा, यस समयमा (बिहान बह्म मुहुर्तको समयमा) शिलाको रूपमा दर्शन दिनेछु र म सोही शिलामा विराजमान हुनेछु। अब उप्रान्त माटोको मुर्तिमा पूजा नगरी सोही शिला ल्याई नित्य पूजा अर्चना गर्नु भनि आकाशवाणीको रूपमा दिक्ष दिइन्।

दुवै जनाले एउटै समयमा पाएको दिक्षमा महाकालीको विराट मूर्तिको दर्शन पाएकोले हालको मन्दिर भन्दा २ सय मिटर पूर्वको सपाङ्गदी भन्ने स्थानबाट सपनामा बताए अनुसार दुबै जनालाई मैले शिलाको रूपमा दर्शन दिनेछु भनी बिहान ब्रह्म मुहुर्तमा यस ठाउँमा जानु भने अनुसार पदमपाणी गैरेले पूजाको सामाग्री थालीमा लिई सोही ठाउँमा पानीको कुवा नजिकै उभिएर बसेका थिए।

जव ब्रह्म मुहुर्तको समय नजिकै आएको रहेछ र उनको मनमा आखिर सपना हो भन्ने भ्रम भएछ जब पानी घडीको आधारमा ब्रह्म मुहुर्तको समय भएको थाहा भयो तत्काल जमिनको एक हिस्सा भत्किएर उत्तर तर्फको पानीको कुवामा माटो झर्‍यो र माता महाकालीको मूर्ति शिलाको रूपमा प्रार्दुभाव भयो र सबै गाउँलेहरू मिलेर पालै पालो शिलाको दर्शन गरि त्यस स्थानबाट शिलारूपी माता महाकालीलाई उठाई पानी कुवाको डिलमा सुताई धोई पखाली गर्दा गर्दै अर्का भक्त खानीछाप मलेङ निवासी ज्योतिष हुमकान्त बस्याल पनि सोही ठाउँमा आइ पुगे।

बस्यालले पनि आफ्नो सपनाबारे सुनाए। महाकालीको दिक्ष अनुसार आफू त्यहाँ आइपुगेको बताएपछि दुबै जनालाई सपनीमा एउटै दिक्ष मिलेको प्रमाणित भयो। यसरी भेटिएको मुर्ति पखाल्ने क्रममा मुर्तिमा राखिएको पानी तत्कालै सुक्यो। यो क्रम केही बेरसम्म चल्यो। त्यसैक्रममा स्थानीय एक जना भट्टराई थरका पण्डितले यसरी पानी खन्याइहँदा माताको अपमान हुने हुँदा पानी नखन्याउन सल्लाह दिए। सोही क्रममा मुर्तिको पुजाआजा गर्दै पहिलो पटक दर्शन पाउने पदमंपानीकै नेतृत्वमा माताजीलाई खाटमा राखेर अविर सिन्दुर चढाउँदैसानो पुरानो मन्दिरमा भित्र्याइएको थियो। जस अनुसार नित्य पञ्चायन पूजा, रुद्राभिषेक, हवन र महाकालीको पूजाअर्चना निरन्तर

चलिरहेको छ।

वि.सं. २०५३ साल आश्विन महिनाको महा नवमीको पूण्य तिथीको अवसरमा ५८ वर्ष सम्म माता महाकालीको पूजा गर्दै आएका पुजारी पुरुषोत्तम गैरेको करकमलबाट शिलन्यासको काम गरिएको थियो। त्यसै गरी २०७३/०७४ सालमा निजकै छोरा थर्कराज गैरेको बारीको बिच भागबाट मन्दिरदेखि माताको शिला उत्पत्ति स्थल सपांगदीसम्म पक्की बाटो निर्माण गरिएको छ।

मूल मन्दिरको पूर्वतर्फ २ तले नौ कोठे भवन निर्माण कार्य निर्माणाधिन अवस्थामा छ भने मन्दिर परिसरको गेट बनिसकेको र झाँक्रीस्थानको चौपारी निर मूल प्रवेशद्वार विशेष रूपमा बनेको छ। मन्दिरको नाममा १८ रोपनी ६ आना, १ दाम ३ पैसा क्षेत्रफलमा फैलिएको जग्गा रहेको छ। उक्त जग्गा पदमपाणीका ८ भाई छोराहरूले अंशबन्डा गर्नु अघि उक्त सबै जग्गा माताको नाममा छुट्याएका थिए।

शिवरात्रीमा रुद्राभिषेक सहित भजन किर्तन, चैते दशैमा नित्य नवदुर्गा पूजा, परम्परागत सप्तशती चण्डीको विधान अनुसार र माता महाकालीको शाक्तप्रमोदको विधान अनुसारको पूजा गर्ने गरिन्छ। यस्तै गरी श्री कृष्ण जन्माष्टमीमा श्री कृष्ण जन्मोत्सव, श्रावण महीनामा बोलबमको जल चढाउने कार्यक्रमका साथै नव दुर्गामा बडादशै पूजा गर्ने गरिन्छ।

**राम्दी सुनगुफा**

दर्लमडाँडाको राम्दीमा रहेको गुनगुफा पनि बगनासकालीको अर्को महत्वपुर्ण पर्यटकीय गन्तब्य हो। कालीगण्डकी किनार रामनदी धाम राम्दी क्षेत्रमा रहेको उक्त गुफाको धार्मिक महत्वबारे उचित प्रसारप्रसार गर्न सके यसलाई देशकै उत्कृष्ट धार्मिक स्थलको रूपमा बिकास गर्न सकिने सम्भावना देखिन्छ।

प्रायः नेपाली धर्मावलम्बीहरू गुफा क्षेत्रमा दर्शन गर्न र आर्शिवाद लिन आउने गरेका छन्। त्यस्तै विदेशी पर्यटकहरू समेत यस क्षेत्रमा आएर फोटो खिच्ने र गुफा परिसरमा रहेका पहराहरूसँगै रमाउँने गरेको पाइन्छ। किंवदन्ती अनुसार बि.सं. १८६५ सालमा तानसेन नजिकैको गोर्खेकोट भन्ने गाउँमा मावलीमा बस्दै आएका केशव भट्टराईले (स्थायी घर छेर्लुङ्ग रहेका उनी बावु आमाको मृत्युपछि मावलीमा बस्दै आएका थिए) पाल्पाका राजा मणिमुकुन्द सेनलाई घोडाको बच्चो दिएवापत राजाले राम्दी क्षेत्रको सुनादी भन्ने ठाउँको जग्गा उनलाई दिएछन्। सुनादी गाउँमै भट्टराईले पशुपालन गर्ने योजना बनाएपछि राजाले गोठ बनाउन समेत सघाई सुनवीर माझी नामक गोठालो राखिदिएछन्।

गोठालो भने रातको समयमा नजिकैको बगनास गाउँमा भजन गाउँन जादो रहेछ। यो कुरा थाहा पाएपछि केशवले गोठमा निरीक्षण गर्न गएछन्। उनले गाईगोठमा बाघहरूले गाईभैसीलाई पहरा दिएर राखेको देखेछन्। बिहान पख गोठालो फिलिलि गरि उडेर आएछ। त्यसपछि भट्टराईले गोठालोलाई गाली गर्दा म सिद्ध हुँ भनी तलतिर गएर त्यही गुफाभित्र पसेछ र त्यही अलप भएछ। पछि गाउँलेहरूले सोही स्थानमा पुजा आजा गर्न थाले। त्यसैको आधारमा सुनसिद्ध अर्थात् सुनगुफा नाम रहेको पाइन्छ।

यसै धारणाका आधारमा यस क्षेत्रका किसानहरूमा दिउँसोको समयमा दुध दही राख्ने ठेका भाडा छोएमा बिपत्ति आइपर्छ भन्ने मान्यता रहेको छ। गुफामा झण्डै १ सय १३ वर्षअघिदेखि निरन्तर अखण्ड धुनी बोल्दै आएको छ। यही स्थानमा पाल्पा, स्याङ्गजा, गुल्मी, अर्घाखाँची जिल्लाका किसानहरूले गाई भैसीको दुध ल्याएर चढाउँदै आएका छन्। यसरी दुध ल्याएर चढाउँदा गाईभैसी निरन्तर ब्याउँछ भन्ने जनबिश्वास रहिआएको छ।

**शिवासन धाम**

पाल्पाको बगनासकाली गाउँपालिका ८ बराङदीको सिवासन धामले पनि धेरै धार्मिक पर्यटक को मन जितेको छ।

ध्यान गरेर वसेको शिवको मुर्ति यहाँको मुख्य आर्कषण हो। नेपालको सवैभन्दा ठुलो मुर्ति रहेको भनिने यो मन्दिर क्षेत्रका लागि झिल्लु प्रसाद वस्याल र उनका छोरा हाल वेलायतमा वस्ने भिम वस्याल र परिवारले गरेको योगदान गरेका थिए। धाममा बिश्वकै बिराट एवम् भव्य महामृत्युञ्जय शिवजीको मूर्ति, बिराट नर्वदेश्वर शिवलि●, अखण्ड शान्ति दिप रहेको छ। हालसम्म मूर्ति तथा धामको पूर्वाधार विकासमा १ करोड ५० लाख लगानी भइसकेको र गुरुयोजना अनुसारको विकासका लागि १७ करोड रुपियाँ खर्च हुने अनुमान गरिएको धामका अध्यक्ष माधव बस्यालले बताउनुभयो। अहिले प्रदेश सरकार सहित बिभिन्न निकायको सहयोगमा यहाँ बिराट मन्दिर बनाउने काम चलिरहेको छ।

**सिद्धबाबा धाम**

वडा नं. ८ बराङदीकै घिउसीबासमा रहेको सिद्धबाबा धाम पनि एक महत्वपुर्ण धार्मिक पर्यटकीय गन्तब्य हो।

यहाँ १ सय ८ पिपलीका रुखहरू मन्दिरलाई घेरो हालेर लगाइएको छ। खासगरि पिपलीमा जल चढाउने र भगवानसित आर्शिवादका लागि यहाँ दशनार्थीहरू बढी जाने गर्दछन्। नजिकै ॐ संग्रह पनि रहेको छ। यहाँको बातावरण नै धार्मिक रहेको दशनार्थीहरूको भनाई छ। यहाँ पनि शिवरात्रीको समयमा दशनार्थीहरूको ठुलो भिड लाग्ने गर्दछ। साउनको महिनामा यहाँ पिपलीमा जल चढाउनेहरूको घुइचो नै लाग्दछ।


**बगनासदेवी**



बगनासदेबी स्थान मन्दिर पनि बगनासकालीको अर्को महत्वपुर्ण धार्मिक गन्तब्य हो। वडा नं. ९ चापपानी बगनासमा रहेको यो मन्दिरलाई कोटकी देबी भन्ने प्रचलन रहेको छ। खागरि शुभकार्यहरूका लागि वा आफ्नो मनोकांक्षा पुरा होस् भनेर भाकल गर्ने र भाकल पुरा भएपछि पञ्चेबाजा सहित पञ्चवली लैजाने गरिन्छ। यो सँगै बगनासकालीमा अन्य दर्जनौं धार्मिक गन्तब्यहरू रहेका छन्। कतिपय महत्व रहँदारहँदै पनि ओझेलमा परेका छन्। नायरदेवी, सिखरे भगवती, मालारानी मन्दिर लगायत अन्य गन्तब्यहरू पनि रहेका छन्।

रिपोर्ट

# राष्ट्रिय छापामा बगनासकाली गाउँपालिका



✍माधव अर्याल
उप-सम्पादक, कान्तिपुर दैनिक




कान्तिपुर उपसम्पादक माधव अर्याल पाल्पाका क्रियाशिल पत्रकार हुनुहुन्छ। अर्यालले कान्तिपुर दैनिकमा प्रकाशित गरेका केही समाचार सामग्रीलाई केही सम्पादनसहित साभार गरी यहाँ समावेश गरिएको हो।

**लुम्बिनी प्रदेशकै पहिलो बालमैत्री गाउँपालिका**

पाल्पा – बगनासकाली लुम्बिनी प्रदेशकै पहिलो बालमैत्री गाउँपालिका बनेको छ। गाउँपालिकास्तरीय बालसञ्जालकी अध्यक्ष इन्दु गाहाले शनिबार लुम्बिनी प्रदेशकै पहिलो बालमैत्री गाउँपालिका बन्न सफल भएको घोषणा गरेकी हुन्।

बालमैत्री सूचकहरूभित्र बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिता महत्वपूर्ण हुन्छन्। गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बालमैत्री गाउँपालिका घोषणाका लागि गाउँपालिकाले ९ वटै वडामा बाल सञ्जाल गठन गरेको बताए। बालमैत्री वातावरण निर्माणका लागि ९ वडामा ९५ वटा बाल क्लब गठन गरेको छ।

अभियानको क्रममा गाउँपालिकाले सबै विद्यालयलाई यसअघि नै पूर्ण बालमैत्री विद्यालय घोषणा गरेको अध्यक्ष बस्यालले बताए। पूर्ण संस्थागत सुत्केरी भएको पालिका बगनासकाली भइसकेको छ। ५ वर्षमुनिका बालबालिकाको शतप्रतिशत जन्मदर्ताका सूचकमा काम सकिसकेको फोकल पर्सन एवं शिक्षा शाखा प्रमुख गुनाराम खनालले बताए।

**संक्रमितको घरमै अक्सिजन**

पाल्पा। बगनासकाली गाउँपालिकाले कोरोना संक्रमितको घरघरमै अक्सिजन सिलिण्डर पुर्‍याउने निर्णय गरेको छ। गाउँ कार्यपालिकाको बैठकले यस्तो निर्णय गरेको हो। त्यसका लागि ५० सिलिण्डर अक्सिजन तत्काल खरिद गर्ने निर्णय गरेको अध्यक्ष कृष्णप्रसाद बस्यालले जानकारी दिनुभयो। उहाँका अनुसार गाउँपालिकाले १५ शैयाको कोरोना अस्थायी अस्पताल पनि निर्माण गर्ने निर्णय गरेको छ।

'पोखराथोकमा ५ वेडको कोरोना अस्पताल छ, 'उहाँले भन्नुभयो, 'त्यसमा १० बेड थप गर्नेछौं।' अहिले २ जना स्टाफ नर्स अस्पतालमा कार्यरत छन्। दुईपटकसम्म विज्ञापन गर्दासमेत आवेदन नपरेपछि मेडिकल अधिकृत पदपूर्ति गर्न नसकिएको उहाँले बनाउनुभयो।

'हामीले त्यसलाई नै सुविधासम्पन्न गराउनेछौं' उहाँले भन्नुभयो, 'आवश्यक पर्दा मेडिकल अधिकृतको रेखदेख गर्ने व्यवस्थासमेत गर्ने योजना छ।'

गाउँपालिकाकी उपाध्यक्ष सरस्वती चिदीका अनुसार कार्यपालिका बैठकले भारत तथा तेस्रो मुलुकबाट आउनेलाई अनिवार्य १४ दिन होम क्वारेन्टाइनमा बस्नुपर्ने निर्णय गरेको छ। उनीहरू बसेकै घरमा गएर स्बावको नमुना संकलन गरी परीक्षण गर्ने उपाध्यक्ष सरस्वती चिदीले बताउनुभयो। अस्पतालमा बेड नपाएर होम आइसोलेसनमा बसेका संक्रमितका लागि अक्सिजनका साथै औषधि उपचारको किट पनि उपलब्ध गराइने भएको छ। विपन्नलाई कोरोना अस्पतालमा लागेको खर्चसमेत बगनासकाली गाउँपालिकाले नै बेहोर्ने निर्णय गरेको गाउँपालिकाका प्रवक्ता लक्ष्मीप्रसाद अधिकारीले बताउनुभयो।

कोरोना महामारी नियन्त्रणका लागि मंगलबारदेखि गाउँपालिकाका सवै शैक्षिक संस्थाहरू बैशाख २० गतेसम्मका लागि बन्द गर्ने निर्णय निर्णय गरिएको छ। गाउँपालिकाभित्र कुनैपनि विवाह भोजभतेरजस्ता सामाजिक र सांस्कृतिक क्रियाकलाप नगर्नसमेत अनुरोध गर्ने उहाँले बताउनुभयो। संक्रमणबाट बचाउन सम्बन्धित सरोकारवाला निकायबाट सहयोगको अपिलसमेत गर्ने निर्णय भएको प्रवक्ता अधिकारीले बताउनुभयो।■

*(बैशाखमा कान्तिपुर दैनिकमा प्रकाशित)*



संक्रमितको घरमै अक्सिजन !



झोलुङ्गे पुलले बगनासकाली र रम्भाका बासिन्दाको खुसी फर्कियो



फुसरहित बन्यो बगनासकाली गाउँपालिका

रिपोर्ट

# लुम्बिनीकै पहिलो बालमैत्री गाउँपालिका



✍कमल अधिकारी
कोषाध्यक्ष, वगनासकाली पत्रकार समूह

चैत्र, बगनासकाली। बगनासकाली गाउँपालिकाले एकपछि अर्को छलाङ मार्दै आएको छ। यसअघि फुसको छानारहित गाउँपालिका घोषणा गरेको बगनासकालीले यसपटक लुम्बिनी प्रदेशकै पहिलो बालमेत्री स्थानीय शासन लागु भएको गाउँपालिका भएको छ।

घोषणा सभाका प्रमुख अतिथि गाउँपालिकास्तरी बालसञ्जालकी अध्यक्ष इन्दु गाहाले बालमैत्री सूचकहरू भित्र बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बालसहभागिता महत्त्वपूर्ण भएकाले गापाका सबै पक्षहरूले यसको दीगोपन रणनैतिक कार्ययोजना कार्यान्वयनमा ध्यान दिनुपर्ने धारणा राख्नुभयो। घोषणा प्रतिवेदन तथा प्रतिवद्धता प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले आफ्नो गाउँपालिका भित्र कुनै पनि बालबालिकालाई अनाथ असहायको पीडा भोग्नुपरे अधिकार सुनिश्चितताको लागि गाउँपालिकाले सम्पूर्ण लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

अभियानको क्रममा गाउँपालिकाले सवै विद्यालयलाई पूर्ण बालमैत्री विद्यालय घोषणा, पूर्ण संस्थागत सुत्केरी भएको पालिका घोषणा, ५ वर्षमुनिका बालबालिकाको शतप्रतिशत जन्मदर्ताका सूचकमा शतप्रतिशत काम सकिसकेको अध्यक्ष बस्यालले बताउनुभयो। उहाँका अनुसार यसअघि विद्यालयका लागि निर्धारण गरिएका ५० वटा सूचकको उपलब्धिको आधारमा सबै विद्यालयलाई बालमैत्री घोषणा गरेपछि नेपालका ४६० गाउँपालिकामध्ये बगनासकाली गाउँपालिका मुलुककै पहिलो बालमैत्री विद्यालय भएको गाउँपालिका बनेको थियो। अध्यक्ष बस्यालले बालमैत्री दीगोपना सुनिश्चितताको लागि सरोकारवाला सवैको सहयोग अनिवार्य हुने धारणा राख्नुभयो। बालमैत्री स्थानीय शासन घोषणापछि पञ्चवर्षीय रणनीतिक योजना पुस्तिकासमेत सार्वजनिक गरिएको थियो। गाउँपालिकाले बालमैत्री रणनीति दीगोपना सुनिश्चितताको लागि घरदैलो कार्यक्रम, जनचेतना, प्रचारप्रसार र सरोकारवालाको साथ लिएर निरन्तर कार्यक्रम सञ्चालन गर्दै जाने उपाध्यक्ष सरस्वती चिदी दर्लामीले बताउनुभयो। उहाँले गाउँपालिकाका पदाधिकारीसहितको टोलीले निरीक्षण तथा अनुगमनपश्चात् बालमैत्री विद्यालय घोषणा गरेको बताउनुभयो। न्यूनतम सूचक पूरा गरी अनुगमन समितिले प्रतिवेदन पेश गरेपछि गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिएको जानकारी दिनुभयो।

घोषणा सभामा नेकपा एमाले बगनासकाली गाउँपालिका अध्यक्ष हरिपाठकले बालमैत्री घोषणा सभाले बालअधिकारको हक अधिकार सुनिश्चितामा कन्ज्युस्याँइ हुने छैन भन्दै विश्वास दिलाएको बताउनुभयो। नेपाली काँग्रेसका बगनासकाली अध्यक्ष यमलाल तिमिल्सिनाले घोषणा गरेका कुरालाई दीगोपनको लागि निरन्तर स्थानीय सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले लुम्बिनी प्रदेशमै पहिलो बालमैत्री बनेकोमा बधाई दिदै घोषणा अनुसार कार्यमा निरन्तर लाग्न आग्रह गर्नुभयो। माओवादी केन्द्रका कोशलराल घिमिरे र राप्रपाका कपिल ढुंगानाले बालमैत्री गाउँपालिका घोषणा महत्वपूर्ण उपलब्धि भएको भन्दै स्थानीय सरकार हरेक रूपमा बालबालिकाको हितमा लागि पर्नुपर्ने बताउनुभयो।

सभामा बालमैत्री सहजकर्ता शर्मिला पौडेल, बगनासकाली गाउँपालिकामा पूर्व प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठ, नेपाल पत्रकार महासंघ पाल्पा पूर्व अध्यक्ष गोविन्द भट्टराई, कोषाध्यक्ष मिलन वि.क, बगनासकाली पत्रकार समूहका सह संयोजक भोजराज तिमिल्सिना लगायतले लुम्बिनी प्रदेशमै पहिलो बालमैत्री बनेकोमा बगनासकाली गाउँपालिकाबाट अरू स्थानीय तहले पनि सिकाई हासिल गर्न सक्ने बताउनुभयो।

बालमैत्री पालिका घोषणाको लागि गाउँपालिकाले ९ वटै वडामा बाल सञ्जाल बनाएर अभियानलाई अगाडि बढाएको फोकल पर्सन गुनारराम खनालले जानकारी दिनुभयो। पालिकाले बालमैत्री वातावरण निर्माणको लीग ९ वार्डमा ९५ वटा बालक्लव गठन गरेको छ। बालमैत्री घोषणाको लागि सवै सूचकमा कम्तीमा ८० अंक प्राप्त गनुपर्ने भएपनि शिक्षा र स्वास्थ्यका सवै सूचकमा पालिकाले यस अघि नै शतप्रतिशत अंक हासिल गर्नेगरी काम सकाएको पालिकाले जनाएको छ।

घोषणा सभामा गापाका ९ वटै वार्ड, पूर्व प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र अर्याल, सुन्दरप्रसाद श्रेष्ठ, फोकल पर्सन मनोज आचार्य, बालमैत्री सहजकर्ता शर्मिला पौडेल र सञ्चारकर्मी विष्णु घिमिरेलाई सम्मान गरिएको थियो। सभाको अवसरमा बालबालिकाहरूले विभिन्न सांस्कृतिक प्रस्तुती राखेका थिए। गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालको अध्यक्षतामा भएको घोषणा सभामा राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी, बालक्लव, बालसञ्जालका पदाधिकारी, स्वास्थ्यकर्मी, कर्मचारी, शिक्षक लगायत सरोकारवालाहरूको आतिथ्यता रहेको थियो। (करुवा अर्ध साप्ताहिक, पाल्पामा चैत्र १६ गते प्रकाशित सामग्री)

रिपोर्ट

# युवालाई बिना धितो ऋण



✍कृष्ण पोखरेल
कोषाध्यक्ष, वगनासकाली पत्रकार समूह



पुस, बगनासकाली। गाउँमै केही गर्न चाहना भएका तर पूँजी अभावमा केही गर्न नसकेका युवाका लागि बिना धितो ऋण प्रदान गरिने बभएको छ। पाल्पाको बगनासकाली गाउँपालिकाले केही गर्न चाहानो युवाहरूलाई १० लाख रूपैंयासम्मको विना धितो ऋणको व्यवस्था गर्न गर्न लागेको छ।

गाउँपालिकाले स्वदेश तथा विदेशबाट रोजगारी गुमाई गाउँ फर्किएका, गाउँ घरमै कृषि पशु फार्म सञ्चालन गर्न चाहेका तथा विभिन्न स्वरोजगार कार्यक्रममा सहभागी हुन खोजेका युवा, दलित, महिला तथा अल्पसंख्यक जाती जनजातीहरूलाई लक्षित गरी युवा स्वरोजगार कार्यक्रम मार्फत बिना धितो सहुलियत दरको ऋण प्रदान गर्न लागेको हो। युवाहरूलाई सहुलियत दरमा बिना धितो ऋण प्रदान गर्नको लागि गाउँपालिका र नेपाल बैंक लिमिटेड पाल्पा शाखा बीच एक कार्यक्रमको आयोजना गरी सम्झौता पत्रमा हस्ताक्षर भई आदान-प्रदान गरिएको छ।

गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्याल र नेपाल बैंक लिमिटेड लुम्बिनी प्रदेशका प्रमुख पासाङ दोर्जे शेर्पा बिच सहुलियत ऋण आदान-प्रदानका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सम्झौतापछि कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष बस्यालले गाउँमै केही गर्छु भन्ने आत्मविश्वास जोर जाँगर भएका युवाहरूका लागि गाउँपालिका र बैंक घरमै ऋण प्रदान गर्न आएको बताउनुभयो। केही गर्छु भन्ने युवाहरूलाई पूँजीको अभावमा हात खुम्च्याएर अब बस्नु पर्दैन, गाउँपालिकाको जमानी तथा सिफारिसमा नेपाल बैंकले १० लाख रूपैंयासम्म सहुलियत कर्जा प्रदान गर्ने अध्यक्ष बस्यालले बताउनुभयो। गाउँपालिकाभित्र कृषि र पशुपालनमा अत्यन्तै सम्भावना भएकाले उत्पादित वस्तुहरूको बजारीकरणका लाग पनि गाउँपालिकाले सहयोग गर्ने अध्यक्ष बस्यालले बताउनुभयो। ऋणीले नियमित रूपमा बैंकको किस्ता बुझाउनेलाई गाउँपालिकाले ब्याज समेत भुक्तानी गरिदिने अध्यक्ष बस्यालले बताउनुभयो। गाउँपालिका र बैंक बिच भएको सहमतीले अबका दिनहरूमा कृषि तथा पशुजन्य उद्योगहरू फष्टाउँदै जाने, स्वरोजगार बढ्दै जाने अध्यक्ष बस्यालले बताउनुभयो।

कार्यक्रममा उपाध्यक्ष सरस्वती चिदीले गाउँपालिका र बैंकबीच भएको सहमतीले रोजगारीका लागि विदेशिले युवाहरूको संख्या घट्दै जाने, कृषि तथा पशुपालन उत्पादनमा वृद्धि हुँदै जाने, गाउँ-गाउँमा रोजगारी बढ्दै जाने बताउनुभयो। सम्झौता अनुसार दुवैपक्षले काम गरी गाउँ-गाउँमा रोजगारी वृद्धि गर्दै जानेमा उपाध्यक्ष चिदैले जोड दिनुभयो। नेपाल बैंक लिमिटेड लुम्बिनी प्रदेशका प्रमुख पासाङ दोर्जे शेर्पाले बैंकले नाफामूखी भन्दा पनि नेपाल सरकारको नीति नियम अनुसार सामाजिक उत्तरदायित्व अनुसार काम गर्दै आएको बताउनुभयो। बैंकले लुम्बिनी प्रदेशका १३ पालिकासँग सम्झौता गरी सहुलियत दरका ऋण प्रदानको काम गर्दै आएको शेर्पाले बताउनुभयो। बैंकले प्रत्येक पालिकामा कम्तीमा १ हजार जनालाई उद्यमी बनाउने गरी ऋण प्रवाह गर्ने योजना बनाएको शेर्पाले बताउनुभयो। कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरेले गाउँपालिकाले युवाहरूलाई उद्योगी बनाउन चाहेकाले ऋण प्रवाह गर्ने युवाहरूलाई आवश्यक तालिम प्रदान गर्ने बताउनुभयो। ऋण लिएका युवाहरूले समयमा ऋण नतिले पालिकाबाट प्रदान गर्ने सम्पूर्ण सेवा सुविधा रोक्का गरिने प्रमुख प्रशासकीय अधिकृत घिमिरेले बताउनुभयो।

नेपाल बैंक लिमिटेड पाल्पा शाखाका प्रमुख सुरज घिमिरेले पाल्पामा २ वटा पालिकासँग सहुलियत दरमा ऋण प्रदान कार्यक्रम गरेको बताउनुभयो। यस अघि तानसेन नगरपालिकासँग काम गर्दै आएको ६६ जनालाई ३ करोड रूपैंया सहुलियत रूपमा ऋण प्रदान गरिसकेको बताउनुभयो। कार्यक्रम पालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालको अध्यक्षता, पालिकाका स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीको सञ्चालनमा भएको थियो। (नवजनचेतना दैनिक पाल्पामा पुस १ गते प्रकाशित सामग्री)

रिपोर्ट

# विदेशबाट फर्केर गाउँमै मौरीपालनमा रमेका शंकर ८२ घार मौरी, वार्षिक १५ लाख कमाउने लक्ष्य



✍मिलन विश्वकर्मा
पत्रकार

पाल्पा : बगनासकाली गाउँपालिका-८ घ्यूसीबासका २५ वर्षीय शंकर भट्टराई सानै उमेरमा दुःखका दिनले घेरिएको उनको जीवन। घरमा चार जनाको परिवार। बुवाले भारतमा सामान्य जागिर गर्दथे। घरमा आफूसँगै आमा र सानी बहिनी। मासिक सरदर १५ हजार तलब थियो बुवाको। त्यही तलबले परिवारको खर्च जेनतेन चल्दै आएको थियो।

कक्षा १२ पास गरेका थिए शंकरले। जतिबेला उनी १९ वर्ष पुगेका थिए। त्यही बेला २०७२ सालमा उच्च रक्तचापका कारण बुवाको मृत्यु भयो। परिवारमा ठूलो बज्रपात निम्तियो। बुवाको मृत्यु भए लगत्तै उनका दुःखका दिनहरू सुरूवात भए। सानै उमेरमा परिवारको सम्पूर्ण जिम्मेवारी उनको काँधमा आइपर्यो। योसँगै व्यवस्थापन संकायमा स्नातकोत्तर अध्ययन गरेर प्रतिष्ठित व्यवसायी बन्ने उनको सपना चकनाचुर भयो।

## ऋणको आडमा विदेश

सुनौला भविष्यका सबै योजना भताभुङ्ग पारेर उनी विदेश जाने सोच बनाए। साहुको ऋण तिर्नुपर्ने र आमा र बहिनीलाई पाल्नकै लागि विदेश गए। छिमेकीसँग एक लाख २० हजार ऋण खोजेर मामामार्फत वैदेशिक रोजगारको लागि दुबई पुगे। तर त्यहाँ उनले सोचेजस्तो काम पाएनन्। दूध पाउडरको कम्पनीमा काम गर्नुपर्योद।

त्यहाँ उनले दूध पाउडर प्याक गरिएका २५ किलोग्रामका बोरा बोक्ने काम गर्दथे। १२ घण्टासम्म झण्डै २ हजार बोरा बोकेर दुई तलामाथि लैजानुपर्ने थियो। यो काम गरेबापत मासिक २१ हजार रूपैयाँ तलब पाउँथे।

पछिल्लो समयमा भने कम्पनीको पुरानो मान्छे भएका कारण उनलाई काम गर्न केही सहज भएको थियो। तलब पनि बढ्यो। तर, उनी घर फर्कन खोजिरहेका थिए। जसोतसो काम गरेर चार वर्ष बिताएका शंकर अन्ततः घर फर्किए। अब उनी



जागिर गर्नकै लागि विदेश नजाने अठोट गरेका छन्।

## कोरोनाको मारमा घर, अनि सुरु भयो मौरीपालन

शंकर घर फर्किएको डेढ वर्ष हुन लाग्यो। उनी घरमा आउँदा नेपालमा पहिलो चरणको कोरोना महामारी फैलिएको थियो। त्यही कारणले एक वर्ष घरमा खाली नै बसे। परिस्थिति सहज भएपछि एउटा भ्यान किने। चालक राखेर त्यही भ्यान चलाउँदै आए। यो व्यवसायबाट राम्रै कमाइ भएको थियो।

तर, यो व्यवसायमा उनी सन्तुष्ट थिएनन्। सानै देखि मौरी पाल्ने उनको रहर थियो। घरमा चार वटा घारमा मौरी थिए। जुन परम्परागत शैलीमा पालिएको थियो। व्यावसायिक रूपमा मौरीपालन गर्न खोजेका उनले गाउँपालिकाका कृषि प्राविधिकसँग ५० वटा मौरी घारको माग गरे।

भाग्यवश त्यही समयमा मौरी पकेट क्षेत्रको रूपमा काम गर्न चाहाने किसानको लागि बगनासकाली गाउँपालिकाले सूचना प्रकाशित गर्यो। 'घ्यूसीबास मिश्रीत

कृषक समूह' गठन गरेर उनले पनि निवेदन पेश गरे। त्यही समूहका शंकरसहित तीन जना युवाले मौरीपालनसम्बन्धी कार्यक्रम पाए।

अहिले उनको मौरीपालन व्यवसाय गर्ने योजना पूरा भएको छ। प्रदेश सरकारले दिएको मौरीपालन सम्बन्धी तालिम लिएका छन्। गाउँपालिकामार्फत चार लाख रूपैयाँ अनुदान पाउने भएका छन्।

## ८२ घार मौरी, १५ लाख कमाउने लक्ष्य

अहिले ८२ वटा घारमा मौरी पालेका छन्। मकैबारी, ढिक कान्लामा उनले मौरीका घार राखेका छन्। व्यवसाय थालेको तीन महिनामै लाभ लिन थालिसकेका छन्। केही दिनअघि ३६ वटा घारबाट ५५ किलोग्राम मह काढेका छन्। एक किलोग्रामलाई १ हजार २ सयमा बिक्री हुन्छ। करिब ७० हजारको मह काढिसकेका छन्।

एक वर्षमा करिब १५ लाख बढीको मह बिक्री गर्ने लक्ष्य रहेको शंकरले बताए। कोभिड-१९ का महामारीका कारण बिक्री गर्नका लागि बजारसम्म लैजान समस्या भएको छ। अहिलेसम्म छिमेकी गाउँमै खपत हुँदै आएको उनले बताए।

## एउटा घारमा ९ किलोसम्म मह उत्पादन

एक वर्षमा एउटा घारबाट तीन पटकसम्म मह काढ्न सकिन्छ। एक पटकमा एउटा घारमा ९ किलोसम्म मह उत्पादन हुन्छ। उनका अनुसार मौरी गोलासमेत बिक्री हुन्छ। घारसहित मौरीगोला ८ हजार ५ सयमा खरिद गरेर लैजाने गरेका छन्। एउटा घारबाट तीन महिनामा मौरी विभाजन गर्न सकिन्छ। यहाँ मौरीका लागि प्रशस्त चरिचरण गर्ने बनजंगल रहेका छन्।

धेरै परिश्रम गर्नु पर्दैन। दिनभर एक पटक रेखदेख गरे हुन्छ। परजीवि शत्रुको हेरविचार गरे हुन्छ। एक हप्तामा घारभित्रको अवस्था हेर्ने गरेको उनले बताए। अरिङ्गाल, बच्छिउँ, केही चरा, छेपारो लगायतले मौरीका माउ खाने गर्दछ। यसबाट बचाउनु पर्ने उनले बताए।

बजारको व्यवस्थापन गर्नुपर्ने, उचित मूल्य निर्धारण गर्नुपर्ने, ढुवानी व्यवस्था हुनुपर्ने, आधुनिक मौरीपालन सम्बन्धी थप तालिम दिनुपर्ने, उपकरण दिनुपर्ने शंकरले सरकारसँग माग गरे। -थाहा खबर अनलाइनमा प्रकाशित सामग्री)

## सडक निर्माणमा तिब्रता

मंसिर, बगनासकाली।

बगनासकाली गाउँपालिका-८, जैसीटोला हुँदै अवल जोड्ने मोटरबाटो निर्माण कार्यले तिब्रता पाएको छ। मोटरवेल पक्की पुलको ढलान सुरु भएको भने भने स्तरोन्तिको काममा पनि तिब्रता दिइएको छ। गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बाटो निर्माणले यस भेगका बासिन्दालाई पर्यटकीय क्षेत्र रानीमहल जान छोटो बाटो हुने बताउनुभयो। उहाँले स्थानीय उपज बजार लैजान पनि सहज हुने बताउनुभयो। गाउँपालिका अध्यक्ष बस्यालले बाटो निर्माणपछि बराङ्दी खानीगाउँ, चापपानी तथा स्याङ्जाका केही क्षेत्रलाई समेत फाइदा हुने बताउनुभयो।

नेपाल निजामति कर्मचारी संगठनका पूर्व केन्द्रीय अध्यक्ष गणेश बस्यालले उत्तरी क्षेत्र विकासमा पछाडि परेको अनुभूति भएकाले आफूले पहल गरेर बाटो निर्माण गरेको जानकारी दिनुभयो। जसरी विपी राजमार्ग हेर्नकै लागि मानिसहरू त्यहाँ जान्छन्, यसको निर्माण पछि भूबनावटको कारणले यो वाटो पनि पर्यटकीय क्षेत्र बन्न सक्ने बताउनुभयो।

बगनासकाली वडा नम्बर ८, बराङ्दीका वडाध्यक्ष गणेश प्रसाद बस्यालले विकासमा सबैको ऐक्यबद्धता रहनुपर्ने बताउनुभयो। संघीय सरकारको केन्द्रीय बजेट अनुसार ४० लाखको लागतमा काम भइरहेको छ। यस वर्ष मोटरेवल पक्की पुल तथा बाटो स्तरोन्तीको काम भइरहेको स्थानीय यज्ञप्रसाद बस्यालले बताउनुभयो। *(करुवा अर्ध साप्ताहिक पाल्पामा मंसिर ८ मा प्रकाशित सामग्री)*

## चौमासिक प्रगतिबारे विषयगत शाखासँग छलफल

मंसिर, बगनासकाली। बगनासकाली गाउँपालिकाले चालु आ.व.को प्रथम चौमासिकमा सम्पन्न गतिविधिबारे पालिकाका विषयगत शाखासँग छलफल गऱ्यो। सातौं गाउँपारिषद्‌बाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट अनुसार बगनासकाली गाउँपालिकाबाट आ.व.२०७७/०७८ को प्रथम चौमासिक अवधिकमा भएका विकास निर्माण एवम् अन्य गतिविधिहरूबारे विषयगत शाखासँग मंसिर ४ गते समीक्षा, सुझाव संकलन गर्न कार्यक्रम आयोजना गरिएको पालिकाले जनाएको छ।

गाउँपालिका स्रोतका अनुसार बिहिबार गाउँपालिका सभाहलमा विभिन्न विषयगत शाखाका प्रमुखले प्रथम चौमासिकमा सम्पन्न गतिविधि, समस्या, चुनौतिका विषयमा धारणा राख्नुभएको थियो। बगनासकाली गाउँपालिकामा चालु आर्थिक वर्षको प्रथम चौमासिकमा अनलाइनमार्फत राजस्व संकलन, उपभोक्ता पदाधिकारीको लागि तालिम, नियमित स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालन, व्यक्तिगत घटना दर्ता एवम सामाजिक सुरक्षा आयोजना सम्बन्धी अभिमुखीकरण, अपाङ्गता, जेष्ठ नागरिकको नियमित परिचय पत्र वितरण कार्यक्रम सम्पन्न भएका छन्।

यस्तैगरी पशु सेवा शाखातर्फ पशु स्वास्थ्यसम्बन्धी उपचार, औषधि खरिद एवम् वितरण, कृषिमा बिउ बिजन वितरण, घरनक्सा अभिलेखिकरण, ठूलो योजनाहरूको टेण्डर तथा मूल्याङ्कन, शिक्षातर्फ सिकाइ सहजीकरण कार्यक्रम सम्पन्न भएका छन्।

गाउँपालिकाको प्रथम चौमासिकमा २६ प्रतिशत पूँजीगत खर्च भएको आर्थिक प्रशासन शाखाको भनाइ छ। गाउँपालिकाले वार्षिक नीति, कार्यक्रम र बजेट पुस्तिका, त्रैमासिक बुलेटिन प्रकाशनलाई समेत निरन्तरता दिएको जनाएको छ। सो अवसरमा विषयगत शाखा प्रमुखहरूले प्राविधिकहरूको कमी, कृषिमा बजेटको कमी, पशु, कृषिका केही कार्यक्रममा पालिकाको स्पष्ट नीति तथा कार्यविधि अभावको समस्याले तथ्याङ्क व्यवस्थापन एवम् कार्यसम्पादनमा समस्या भएको धारणा राख्नुभयो।

प्रमुख पशासकीय अधिकृत सुरेश घिमिरेले विषयगत शाखाबाट प्राप्त सुझाव एवम् जिज्ञासालाई गाउँपालिकाले मनन् गर्दै आगामी दिनमा पालिकाको कामलाई अझ प्रभावकारी बनाउन सवै शाखाहरूको साझा दायित्व हुने भएकाले शाखागत समन्वय गरी कार्यसम्पादनमा लाग्न सुझाव दिनुभयो। उहाँले सम्पन्न कार्यक्रमहरूको व्यवस्थित अभिलेखीकरण गर्न, पोषाक कर्मचारीको पहिचान भएकाले यसलाई नियमपूर्वक पालन गर्न र चौमासिक प्रतिवेदनहरू बेलैमा सम्बन्धित निकायमा पठाउन शाखाहरूलार्य आग्रह गर्नुभयो।

प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरेको अध्यक्षतामा भएको छलफलमा लेखा, शिक्षा, सहकारी, आन्तरिक लेखा परीक्षण, स्वास्थ्य, कृषि विकास, पशु सेवा, योजना, जिन्सी, आयुर्वेद, सूचना तथा प्रविधि, प्राविधिक, प्रधानमन्त्री रोजगार, महिला विकास, पञ्जीकरण लगायतका विषयगत शाखा प्रमुखहरूको सहभागिता रहेको थियो। *(परेवा पाक्षिक मंसिर १६ मा प्रकाशित)*

## लैङ्गिक हिंसा बिरुद्ध १६ दिने अभियान

मंसिर, बगनासकाली। गाउँपालिकाको सवै वार्डमा लैङ्गीक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन भयो। पालिकालको ९ वटै वडामा महिला समन्वय समितका अध्यक्ष, प्रतिनिधि, सरोकारवालाहरूको सहभागितामा 'लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता : व्यक्तित समाज र सवैको ऐक्यवद्धता' भन्ने मूल नाराका साथ सचेतना कार्यक्रम सञ्चालन गरिएको हो।

यसैक्रममा गाउँपालिका सभाहलमा गाउँपालिकास्तरीय महिला सञ्जालकी अध्यक्ष एवम् गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भयो। सो अवसरमा बोल्दै उपाध्इक्ष चिदीले महिला हिंसा विरुद्ध भइरहेको हिंसा, विभेद एवम् अन्यास अन्त्य गर्न सञ्चालन हुने विभिन्न अभियान मध्ये अन्तर्राष्ट्रिय रूपमा मनाइने गरिएको अभियानको मूख्य उद्देशय महिला हिंसा विरुद्ध हुने सवै प्रकारका हिंसा अन्त्य गर्नु रहेको बताउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले महिला अधिकारका लागि भएका आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गरी व्यवहारमा कार्यान्वयन गर्नु, गराउनु र सवै क्षेत्रका महिला पुरुषबीच ऐक्यवद्धताका लागि वातावरणण बनाउन १६ दिने अभियानले सहयोग पुग्ने धारणा राख्नुभयो। उहाँले महिला विरुद्ध हुने सवैखाले हिंसा अन्त्य गरी स्वस्थ समाज निर्माणका लागि अन्तर्राष्ट्रिय महिला हिंसा विरुद्ध १६ दिने अभियानले बस्तीस्तरमा जनचेतना फैलाउनुपर्नेमा जोड दिनुभयो।

प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरेले २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म महिला तथा बालबालिकाहरूको मानव अधिकारको संरक्षण

गर्ने उद्देश्यले नेपालमा पर्ना २०५४ सालदेखि प्रत्येक वर्ष अभियान सञ्चालन हुँदै आएको जानकारीसहित सचेतनामूलक सामाग्री प्रस्तुत गर्नुभएको थियो। उहाँले हिंसामुक्त समाज नै स्वस्थ र शान्तिपूर्ण समाज हुने भएकाले स्वस्थ र समतामूलक समाजको सिर्जनामा सरोकारवालाहरूको साझा सहयोग र प्रतिवद्धता रहने बताउनुभयो।

सोही अवसरमा वडा नं. १ का वडाअध्यक्ष सोमबहादुर झेंडीसहित विभिन्न शाखामा कार्यरत कर्मचारीहरू सीता गौतम, यादव न्यौपाने, धनकुमारी राना लगायतले आ-आफ्नो प्रस्तुतीमार्फत घरपरिवारका संरक्षक व्यक्तिहरूबाट नै विभिन्न प्रकारका शारीरिक, मानसिक तथा यौनिक हिंसा झेल्नु विडम्बना भएको भन्दै घरैबाट हिंसा हुन नदिने प्रतिवद्धता व्यवहारमै लागु हुन सकेमा अभियान सार्थक बन्ने बताउनुभयो।

कार्यक्रम वडा नं. ६ की महिला सञ्जालकी प्रमुख नेत्रा पाण्डेको स्वागत र सहायक महिला विकास निरीक्षक धनकुमारी रानाको सञ्चालनमा चलेको थियो। सोही अवसरमा घरेलु हिंसामा परेका महिलाको गुनासो, जिज्ञासा बुझिएको थियो। गाउँपालिकाले सवै वडामा अभियानभर विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो।

## स्थानीय पाठ्यपुस्तक निर्माण

**रामचन्द्र रायमाझी**

पुस, बगनासकाली। जिल्लाको बगनासकाली गाउँपालिकाले स्थानीय पाठेयक्रममा आधारित पाठ्पुस्तक निर्माण गरेको छ। चालु शैक्षिक सत्रदेखि नै लागू गर्ने गरी गाउँपालिकाले पहिलो चरणमा कक्षा १ का लागि स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण गरेको हो।

उक्त पाठ्यपुस्तक राष्ट्रिय पाठ्यक्रम २०७६ अनुसार कूल १०० पूर्णाङ्क र पाठ्यभार ४ रहेको छ। यो पुस्तक कूल पाठ्यभारको २० प्रतिशतको हो। गाउँ सरकारले निर्माण गरेको 'हाम्रो बगनासकाली' नामक पाठ्यपुस्तकको पुस ३ गते शुक्रबार एक कार्यक्रमका बीच सार्वजनिक गरिएको छ। पाठ्यपुस्तक निर्माणका लागि गाउँपालिकाले शिक्षक दयाराज कंडेलको संयोजकत्वमा विज्ञ टिम बनाएको थियो। उक्त टिमले विभिन्न चरणमा जनप्रतिनिधि, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षासम्बद्ध सरोकारवाला लगायतसँग छलफल गरी पाठ्यपुस्तक तयार गरेको हो। गाउँपालिकाको भौगोलिक अवस्था, धार्मिक, पर्यटकीय, जनसंख्या, ऐतिहासिक

## लागु पदार्थ सचेतना तथा व्यवस्थापन सम्बन्धि अन्तरक्रिया

माघ, बगनासकाली। बगनासकाली गाउँपालिकास्तरीय लागू पदार्थ सचेतना तथा व्यवस्थापन सम्बन्धि अन्तरक्रिया कार्यक्रम गाउँपालिका सभाहलमा सम्पन्न भयो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले पछिल्लो समय समाजमा लागु औषध समस्याको रूपमा देखिएकाले यसको न्यूनीकरणका कार्यक्रम बनाएर अगाडि बढ्नुपर्ने बेला आएको बताउनुभयो।

गाउँपालिका उपाध्यक्ष सरस्वती चिदी दर्लामीले लागु औषध नियन्त्रणका लागि सरोकारवाला सबैको क्रियाशिलताको आवश्यकता रहेको बताउनुभयो। वडा नं. ५ का अध्यक्ष ईश्वरकुमार राना, इन्सेक जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना, सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश उप्रेती लगायतले आ-आफ्नो धारणा राख्नुभयो।

कार्यक्रमका लागि बगनासकाली गाउँपालिका सहित युवराज बस्याल, सुदिप बस्याल, रूपेश घिमिरेको सहयोग रहेको थियो। कार्यक्रमको सञ्चालन सुशील बस्यालले गर्नुभयो। सो कार्यक्रममा पालिकाभित्रका महिला समुहका प्रतिनिधिहरू तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो। *(स्रोत : पाल्पा समाचार पत्रिका २०७७ माघ १४ मा प्रकासित समाचारलाई केही सम्पादनसहित समावेश गरिएको)*

## जेष्ठ नागरिक समाजका मार्गदर्शकः बस्याल

माघ २७, पाल्पा। बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालले जेष्ठ नागरिक समाजका मार्गदर्शक भएको बताउनुभएको छ। मंगलबार वडा नं. १ ले आयोजना गरेको जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले जेष्ठ नागरिक अनुभवका खानी रहेको उल्लेख गर्दै जीवनका विभिन्न उकाली ओराली पार गर्दै जेष्ठ नागरिकले संगालेका अनुभव नयाँपिढीका लागि महत्त्वपूर्ण मार्गदर्शन हुने भएकोले जेष्ठ नागरिकको हक हित संरक्षण र सहयोगमा बगनासकाली गाउँपालिका प्रतिबद्ध रहेको धारणा राख्नुभयो।

वडा नं. १ जेष्ठ नागरिक समितिका अध्यक्ष विष्णुप्रसाद ढुङ्गानाको अध्यक्षतामा भएको कार्यक्रममा वडाका ८१ बर्षदेखि ८३ वर्ष उमेरका ३५ र १०७ वर्षीय जेष्ठ नागरिक १ जना गरी ३६ जना जेष्ठ नागरिकलाई न्यानो कपडा, पोषण सामग्रीसहित सम्मान गरिएको थियो। सोही अवसरमा बोल्दै गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीले रोजगारीका लागि युवा विदेसिने प्रचलनले गाउँगाउँमा जेष्ठ नागरिकहरू एक्लीएको बताउँदै अग्रजका अनुभवबाट छोरानाती पुस्ताले शिक्षा ग्रहण सक्छन भन्ने सन्देश समाजमा फैलाउनु आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत गुनाराम खनाल, वडा नं. १ का वडाअध्यक्ष सोमबहादुर झेंडी, वडा नं. २ का वडा अध्यक्ष टेकनाथ शर्मा गहिरे, नेकपाका प्रतिनिधि विष्णुप्रसाद खनाल, नेपाली कांग्रेसका प्रतिनिधि नरबहादुर राना, राप्रपाका कपिल ढुंगाना लगायतले युवास्ताले जेष्ठ नागरिक समाजका मार्गदर्शक हुन भन्ने कुरा भुल्न नहुने भनाइ राख्नुभएको थियो। वडा सचिव नन्दा चिदीको स्वागत, वडा सचिव विराट गैरेको सञ्चालनमा सम्पन्न भएको हो। वडाको आ.व.२०७६।०७७ को ५० हजार जेष्ठ नागरिक सम्मानको लक्षित कार्यक्रम अन्तर्गत सम्मान कार्यक्रम आयोजना गरिएको हो। बगनासकाली गाउँपालिका वडा नं. १ मा सामाजिक सुरक्षा भत्ता बुझ्ने र अन्य गरी ३०० जना जेष्ठ नागरिक रहेको वडा पालिकाले जनाएको छ।■

## बगनासकालीले बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकी भवन निर्माण गर्दै

**रामचन्द्र रायमाझी**

फागुन २, बगनासकाली।

जिल्लाको बगनासकाली गाउँपालिकाले आम नागरिकहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै बर्थिङ सेन्टरसहितका स्वास्थ्यचौकी भवन

निर्माण गर्न थालेको छ।

गाउँपालिका भित्र रहेका स्वास्थ्यचौकी भवनहरू आधुनिक र व्यवस्थित नहुँदा स्वास्थ्य सेवा प्रवाहमा असहज भइरहेका बेला गाउँपालिकाले आधुनिक भवन सहितका स्वास्थ्यचौकीहरू निर्माण गर्न लागेको हो।

गाउँपालिका भित्र ९ वटा स्वास्थ्यचौकी रहेका छन्। ती मध्ये धेरै जसो स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर सहितका भवन छैनन्। उपयुक्त भवन नहुँदा गाउँपालिकाले अहिले ३ वटा स्वास्थ्यचौकीबाट मात्र बर्थिङ सेन्टर सहितको सेवा प्रवाह गर्दै आएको छ। आगामी दिनमा सवै स्वास्थ्यचौकीहरूबाट बर्थिङ सेवा दिने गरी गाउँपालिकाले आधुनिक भवन निर्माण कार्यलाई अगाडि बढाएको हो। अहिले वडा १ चिर्तुङधारा स्वास्थ्यचौकीको सुविधा सम्पन्न भवन निर्माणको कार्य अगाडि बढेको छ। गाउँपाकिाले आइतबार पुनं वडा ४ मा रहेको खानीछाप स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर सहितको स्वास्थ्यचोकी भवन निर्माणको थालनी गरेको छ। गाउँपालिकाले संघीय सरकार समक्ष माग गरेको विशेष योजना मार्फतको एक करोड ४७ लाखको लागतमा उक्त भवन निर्माण हुन लागेको हो। भवन निर्माणको दिवा इन्जिनियरिङ कन्स्ट्रक्सन प्रालि नवलपुरले जिम्मा लिएको छ। कम्पनीले चालु आर्थिक वर्षको असार मसान्तभित्र सक्नेगरी काम अगाडि बढाएको हो। भवनको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले एक औपचारिक कार्यक्रमका बिच शिलन्यास गर्नुभएको हो। भवनको शिलन्यास गर्दै अध्यक्ष बस्यालले स्वास्थ्ह क्षेत्रको विकासको लागि गाउँपालिका प्रतिवद्ध रहेको बताउँदै हरेक वार्डमा बर्थिङ सेन्टर स्थापना गर्ने गरी आफूहरू अगाडि बढेको बताउनुभयो। उहाँले भन्नुभयो 'जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर सुरुका दिनदेखि नै काम गर्दै आएका छौं।' यहाँका महिलाहरूलाई सुत्केरी गराउनकै लागि जिल्ला सदरमुकाम जानुपर्ने बाध्यतालाई हामी अन्त्य गर्दैछौं।' शिलन्यास कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीले जनताको स्वस्थ रहन पाउनुपर्ने अधिकारलाई गाउँपालिकाले आत्मसाथ गर्दै काम गरेको बताउनुभयो।

उहाँले सुविधा सम्पन्न स्वास्थ्यचौकी भवन निर्माण भएपछि यहाँका जनतालाई स्वास्थ्य सेवा दिन सहज हुनेमा विश्वास व्यक्त गर्नुभयो। गाउँपालिका प्रवक्त लक्ष्मी अधिकारीले समयमै काम सम्पन्न गर्न निर्माण कम्पनीलाई आग्रह गर्नुभयो। स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले २४ सै घण्टा सेवा दिनेगरी आधुनिक र सुविधा सम्पन्न भवन निर्माण हुने बताउनुभयो। उहाँले भवन नहुँद स्वास्थ्य सेवा प्रवाहमा असहज भएको स्थितिलाई ध्यानमा राखेर भवन निर्माणको थालनी गरिएको जानकारी दिनुभयो।

कार्यक्रममा वडा अध्यक्ष हुतमानसिंह दर्लामीले भवन निर्माणपछि यस क्षेत्रका नागरिकहरूलाई सहज हुने विश्वास व्यक्त गर्नुभयो। इन्जिनियर पदम खड्काले भवन बर्थिङ सेन्टर निर्माण गर्न उपयुक्त हुने किसिमको हुने बताउनुभयो। गाउँपालिकामा अहिले चापपानी स्वास्थ्यचौकी, नायर नम्तलेस स्वास्थ्यचौकी र खानीछाप स्वास्थ्इचौकीमार्फत बर्थिङ सेन्टर सञ्चालन भइरहेको छ। *(नव जनचेतना दैनिक, पाल्पामा फागुन ३ गते प्रकाशित सामग्री)*

## सुनौला हजारदिन सम्बन्धि वस्तीस्तरीय अभिमुखीकरण

फागुन, बगनासकाली। बगनासकाली गाउँपालिका वार्ड नं. ८ बराङ्दी स्वास्थ्य चौकीमा गर्भवती महिला तथा अभिभावकहरूबीच सुनौला हजार दिन सम्बन्धी बस्तीस्तरीय अभिमुखीकरण फागुन २५ गते सम्पन्न भयो।

स्वास्थ्य चौकी व्यवस्थापन समन्वय समिति अध्यक्ष तथा वार्ड अध्यक्ष गणेशप्रसाद बस्यालले उद्घाटन गर्दै कार्यक्रमले धेरै पक्षबाट स्वास्थ्यस्तर माथि उठाउन सहयोग पुगको छ, त्यसका निम्ति स्वास्थ्यकर्मीहरूलाई मनैदेखि धन्यवाद दिनुपर्छ भन्नुभयो। सहभागीको तर्फबाट बोल्दै लक्ष्मी पाठकले यस्ता जनचेतनामूलक कार्यक्रम भइरहे जनस्तरका गर्भवतीहरूमा स्वास्थ्य सचेतना बढाउन सकिन्छ भन्दै अहिलेको समयमा धेरै गर्भवतीहरूमा सचेतना आइसकेको बताउनुभयो। कार्यक्रममा गा.पा. स्वास्थ्इ शाखाकी अहेश उमा भट्टराई तथा स्वास्थ्य चौकी प्रमुख गोमबहादुर क्षेत्रीले सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा गर्भावस्थामा आउने खता, प्रसूतिको रूपमा आउने खतरा, पौष्टिक आहार लगायतका थुप्रै विषयमा अन्तरक्रिया गरिएको थियो।। कार्यक्रममा बराङ्दी भित्रका गर्भवती, अभिभावक र सुआहाराको तर्फबाट प्रतिनिधि सुनिता रेग्मी, बराङ्दी स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। कार्यक्रम अनमी लक्ष्मी बस्यालको स्वागत, स्वास्थ्य चौकी प्रमुख गोमबहादुर क्षेत्रको सञ्चालनमा सम्पन्न भएको थियो। *(गाउँले देउराली साप्ताहिक फागुन २८ मा प्रकाशित सामग्री)*

## लुम्बिनी प्रदेशकै ठूलो खानेपानी आयोजना अनुगमन

फागुन २०, बगनासकाली।

कालीगण्डकी बगनासकाली बृहत खानेपानी योजनाको अनुगमन गरिएको छ। लुम्बिनी प्रदेश सरकारको गौरवको योजनाको रूपमा रहेको उक्त खानेपानीको प्रदेशका भौतिक पूर्वाधार मन्त्री बैजनाथ चौधरीले अनुगमन गर्नुभएको हो।

उक्त आयोजनाको अनुगमनका क्रममा मन्त्री चौधरीले परियोजनाको प्रगति सन्तोषजनक रहेको बताउनुभयो। उहाँले योजना सम्पन्न गरी दिगोपना दिनको लागि प्रदेश सरकारले बजेटमा कुनै कन्ज्यस्याँइ नगर्ने बताउनुभयो। प्रदेशकै सबैभन्दा ठूलो खानेपानी योजना भएको र यस योजनालाई प्रदेश सरकारको नमुना योजनाको रूपमा हेरेको पनि मन्त्री चौधरीले जानकारी गराउनुभयो। झण्डै १५ करोडको लागतमा उक्त आयोजनाको काम अगाडि बढेको छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको प्रत्यक्ष निगरानी तथा प्राविधिक रेखदेखमा योजना सम्पन्न गरिने डिभिजन प्रमुख शिवकुमार श्रेष्ठले बताउनुभयो। वि.सं. २०७६ साल असारदेखि शुरु भएको योजना २०७९ सालको असार मसान्तसम्म सम्पन्न गरिने यस योजनामा २ लाख लिटर क्षमताको १ वटा, १ लाख लिटर क्षमताको २ वटा, ५० हजार लिटर क्षमताको ३ वटा, ३५ लाख लिटर क्षमताको १ वटा, २५ हजार लिटर क्षमताको ३ वटा, १५ हजार लिटर क्षमताको ३ वटा ट्याङकीसहति ४ वटा

पम्पघर १ वटा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको प्रमुख श्रेष्ठले बताउनुभयो।

जम्मा ३ वना स्टेजमा विद्युतीय पम्पको माध्यमबाट लिफ्टिङ गरिने यस योजनामा २७ कि.मि. मुख्य पाइपलाइन, २२ कि.मि. वितरण पाइप लाईन रहेको खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका सूचनाका अधिकारी विधान अर्यालले बताउनुभयो। यम्घाको दर्पुकबाट बगनासकाली गाउँपालिकाको वडा नं. १, २, ३, ६, ९, वडाका १ हजार ३ सय २६ घर परिवारका करिब ६ हजार जनता यो योजनाबाट प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।

## जन्मदर्ता सम्बन्धी सचेतना कार्यक्रम

चैत्र, बगनासकाली। बगनासकाली गाउँपालिकाका सवै वडाहरूमा जन्मदर्ता सम्बन्धी सचेतना कार्यक्रम गरिएको छ। बालमैत्री स्थानीय शासन कार्यक्रम ५ वर्ष मुनिका बच्चाहरूको शतप्रतिशत जन्मदर्ता गर्नुपर्ने प्रावधान अनुसार सचेतना कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रममा जन्मदर्ता सम्बन्धी कानुनी व्यवस्था, जन्मदर्ता सम्बन्धी भएका निर्देशन तथा परिपत्रहरू सम्बन्धी जानकारी, जन्मदर्ताको आवश्यकता र महत्त्व, बालमैत्री व्यवहार, बाल अधिकार, जन्मदर्ताको लागि संलग्न गर्नुपर्ने कागजपत्रकारे सहभागीहरूलाई जानकारी गराइएको थियो। गाउँपालिकाका योजना शाखा अधिकृत भरतराज घिमिरे र गाउँपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता सुदृढीकरण आयोजनाका एम.आइ.एस.अपरेटर भोजराज भट्टराईले कार्यक्रममा सहजीकरण गर्दै बालबालिकाको जन्मदर्ता नैसर्गिक अधिकार भएकाले कानूनत नमिल्ने र प्रमाणित गर्न नसकिने विषय बाहेकका जन्मदर्तालाई कुनै बहाना बनाएर रोक्न नहुने बताउनुभयो।

अभिमुखीकरणमा जनप्रतिनिधि, बालमैत्री कार्यक्रम सहजकर्ता, सञ्चारकर्मी र वडा कार्यालयका कर्मचारीहरूले जन्मदर्ताको क्रममा आइपरेका समस्या तथा जिज्ञासा राख्नुभयो। बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत ५ वर्ष मुनिका बच्चाहरूको जन्मदर्ता सम्बन्धी वडास्तरीय सचेतना कार्यक्रम पालिकाका ९ वटै वडामा सञ्चालन गरिएको थियो।

## शैक्षिक क्यालेण्डर सार्वजनिक

पाल्पा ५, बैशाख। बगनासकाली गाउँपालिका पाल्पाले आइतबार २०७८ सालको शैक्षिक योजना समावेस गरिएको क्यालेण्डर सार्वजनिक गरेको छ। बगनासकाली शैक्षिक क्यालेण्डर २०७८ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्याल, उपाध्यक्ष सरस्वती चिदी र प्रवक्ता लक्ष्मीप्रसाद अधिकारीले एकसाथ सार्वजनिक गर्नुभएको हो।

अध्यक्ष बस्यालले क्यालेण्डर समितिले विशेष मेहनतका साथ गाउँपालिकाको गतिविधि, शिक्षासँग सम्बन्धित कोटेशन, शिक्षक विद्यार्थीको लागि निर्देशन लगायतको विषय समावेश गरिएकोले क्यालेण्डर संग्रहणीय रहेको जनाउनुभयो। उहाँले वर्षभरीको शैक्षिक कार्ययोजना र बगनासकालीको सांस्कृतिक, धार्मिक क्षेत्र समावेस गरीएको भन्दै क्यालेण्डर निर्माण समितिलाई धन्यवाद दिनुभयो। गाउँपालिका शिक्षा शाखाका प्रमुख गुनाराम खनालले गाउँपालिकाले वर्षभरीको शैक्षिक कार्ययोजना समावेश गरेर प्रकाशन गरेको क्यालेण्डर शिक्षक, विद्यार्थी र अभिभावकहरूको लागि विशेष उपयोगी हुने बताउनुभयो।

शैक्षिक क्यालेण्डरमा शैक्षिक कार्ययोजना, गाउँ कार्यपालिका, वडाका जनप्रतिनिधि कर्मचारी, शिक्षा समितिका पदाधिकारी, गाउँपालिकाका कर्मचारी, गाउँपालिका भित्रका सवै विद्यालयहरूको विवरण, राष्ट्रिय चाडपर्व, सार्वजनिक विदा अतिरिक्त अन्य महत्वपूर्ण तीथि मिति पनि समेटिएको छ। बगनासकाली गाउँपालिकाले चार वर्षदेखि निरन्तर रूपमा प्रत्येक वर्ष भित्तेपात्रो प्रकाशन गरेर गाउँपालिका भर निशुल्क वितरण गर्दै आएको छ। क्यालेण्डर प्रकाशन समितिमा शिक्षा शाखा प्रमुख गुणाराम खनाल, प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरे, वडा नं. ९ का अध्यक्ष थानेश्वर तिमिल्सिना, बेद मा.वि.का शिक्षक डिल्लीराज पाण्डेय, शिक्षा समितिका सदस्य डा. शंकरप्रसाद गैरे र गाउँपालिकाका एम आइ एस अपरेटर भोजराज भट्टराई रहनुभएको छ। ■

## बगनासकाली गाउँ सरकारको कोभिड केन्द्रित नीति–कार्यक्रम तथा बजेट

पाल्पा, असार ९।

जिल्लाको बगनासकाली गाउँ सरकारले कोभिड- १९ केन्द्रित नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ। बुधबार दशौं गाउँसभामार्फत गाउँपालिकाले कोभिड नियन्त्रण र व्यवस्थापनमा केन्द्रित गर्दै आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो।

कोभिड-१९ को महामारीले गाउँपालिकाको विकासमा पनि प्रभाव पारेको र आगामी वर्षको नीति तथा कार्यक्रम कोभिड नियन्त्रण र व्यवस्थापनमा केन्द्रित हुनु परेको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बताउनुभयो। बस्यालले भन्नुभयो, कोरोनाबाट प्रभावित गाउँवासीलाई सहयोग हुने प्रकृतिका योजना र कृषि क्षेत्रको विकास, प्रोत्साहन र रोजगारका कार्यक्रमलाई प्रथमिकतामा राखिएको छ। गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ४६ करोड, २६ लाख ३२ हजार ४ सय ३७ बराबरको बजेट प्रस्तुत गरेको छ। गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीले कोभिडबाट प्रभावित हुन पुगेको स्वास्थ्य, कृषि, रोजगार र पूर्वाधार निर्माणमा केन्द्रित गर्दै नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको जानकारी दिनुभयो। गाउँपालिकाको नीति कार्यक्रममा कोभिड-१९ बाट प्रभावित क्षेत्रका लागि सुलभ कर्जा, ब्याजमा अनुदानदेखि उत्पादनमुखी कार्यक्रम र रोजगार सिर्जना प्राथमिकतामा राखिएको छ।

कोभिडको उपचार र व्यवस्थापनका लागि पूर्वाधार निर्माण, औषधि, उपकरण र जनशक्ति व्यवस्थापन कार्य प्राथमिकतामा छ। कर्मचारीका लागि प्रोत्साहनका कार्यक्रमदेखि विदेशबाट गाउँफर्किएका युवाहरूलाई गाउँमै रोजगार सम्मका विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ। प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम १५ हजार न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गराउने, गाउँभित्र रहेका बेरोजगार जनशक्तिलाई सीप, उद्यमशील विकास, तालिम प्रदान गरी व्यवसायी सञ्चालन गर्न सहुलियत पूर्ण कर्जा प्रवाहगरी स्वारोजगार बनाउने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

गाउँपालिकाले कोभिड महामारीका बेला अनवरत रूपमा काम गर्दै आएका राष्ट्र सेवक कर्मचारीको मनोवल उच्च बनाउदै सम्मान कार्यक्रमलाई निरन्तरता दिएको छ। नीति,कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै

उहाँले गाउँपालिकाले चालु आर्थिक वर्षमा कोरोना महामारी रोकथाम तथा नियन्त्रण, व्यवस्थापन लगायत अन्य विपद् व्यवस्थापनलाई सम्बोधन गर्ने गरी १ करोड विनियोजन गर्ने प्रस्ताव गरिएको बताउनुभयो ।

उहाँले संक्रमणको संवेदनशील अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्यतर्फ ४० लाख विनियोजन प्रस्ताव गरिएको पनि जानकारी गराउनुभयो । उपाध्यक्ष चिदीले गाउँपालिकाले प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्ने गरी नीति र कार्यक्रम ल्याएको सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन संघीय र प्रदेश सरकारले घोषण गरे अनुरूप राष्ट्रसेवक र करार सेवामा कार्यरत कर्मचारीको तलवमान मासिक दुई हजार वृद्धि गरेको छ। यस्तै पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न गाउँपालिकाले स्थायी राष्ट्रसेवक कर्मचारीलाई १५ दिनको पारिश्रमिक बराबरको रकम सहित पर्यटन काज उपलब्ध गराउने नीति तथा कार्यक्रममा समावेश गरेको छ।

गाउँपालिकाले शिक्षा, स्वास्थ्य, पर्यटन युवा तथा खेलकूद, गरिबी निवारण, सहकारी, सामाजिक परिचालन, सूचना तथा सञ्चार, बालबालिका, महिला, जेष्ठ नागरिक, आदिवासी जनजाती, अपाङ्ग, सिमान्तकृत बोटे र कुमाल जातिलाई समेत मध्यनजर राखी प्राप्त स्रोत साधनको दायरा भित्र रहेर कार्यक्रम तथा बजेटद्वारा यथोचित सम्बोधन गर्ने प्रयास गरेको छ।

पालिकाले आर्थिक वर्ष २०७७/०७८ को जेष्ठ मसान्तसम्म ४८.६३ प्रतिशत मात्र बजेट खर्च गरेको छ। पुँजीगत खर्चतर्फ ४ करोड ६९ लाख ३४ हजार १ सय ९४ अर्थात् ३३.१० प्रतिशत र चालुतर्फ १८ करोड ६३ लाख ७५ हजार ३ सय ९९ अर्थात् ५५.१५ प्रतिशत बजेट खर्च भएको हो । यसको समग्र खर्च बजेट ४८.६३ हुन आउँछ। गाउँपालिकाले कार्यक्रमका अवसरमा कर्मचारीलाई समेत सम्मान गरेको छ।

## बगनासकालीले अनुदानमा कुटानी पिसानी (कम्बाइन मिल )वितरण

सन्तोष गहतराज



पाल्पा - जिल्लाको बगनासकाली गाउँपालिकाले अनुदानमा कुटानी पिसानी (कम्बाइल) मिल वितरण गरेको छ। गाउँपालिकाले वडा नं ३ वडा कार्यालय नायरनमतलेस पाल्पाको अनुदान साझेदारीमा वडा भित्रका १० जना कृषकहरूलाई कुटानी पिसानी मिल वितरण गरेको हो।

गाउँपालिकाले करिब २ लाख ५० हजार बजेटबाट कृषकहरूको मागको आधारमा १० जना कृषकलाई कम्बाइल मिल वितरण गरिएको गाउँपालिका कृषि शाखा प्रमुख राजेश बोहोराले बताउनु भयो ।

कम्बाइल मिल हस्तान्तरण गर्दै वडा न ३ का वडा अध्यक्ष टीका थापाले वडाका नागरिकहरूलाई कुटानी पिसानी सहज होस भनी कृषकका मागका आधारमा कोरोनाको माहामारीको बाबजुद भौतिक दुरी कायम गरि मेसिन वितरण गरिएको बताउनु भयो। कृषकहरूले परम्परागत औजारहरूको प्रयोग गरि कुटान पिसानी गर्दा समस्या हुने हुदा कुटानी पिसानीमा सहज होस भनी वडा कार्यालयको बजेटबाट साविक सबै वडामा रहने गरि कृषकहरूलाई मेसिन वितरण गरिएको र यसबाट कृषकहरूलाई कुटानी पिसानीमा सहज हुने वडा अध्यक्ष थापाले बताउनु भयो। वडाले कुटानी पिसानी मिल सँगै धान गहुँ घाँस झार काट्ने ब्रस कटर पनि वितरण गर्ने बताउनु भएको छ।

त्यस्तै गाउँपालिकाले अध्यक्ष कृष्ण बस्यालले बगनासकाली गाउँपालिकाका कृषिमा यान्त्रिककरण गर्न अगाडि बढेको बताउनु भयो। नेपाल कृषि प्रधान देश हुदा हुँदै पनि कृषिमा आधुनिकिकरण नहुदा तथा प्राविधियुक्त कृषि कार्य नहुदा कृषकहरूले सोचे जस्तो कृषिमा उत्पादन लिन नसक्नेको बताउदै स्थानीय सरकार आए सँगै बगनासकाली गाउँपालिकाले कृषकहरूलाई प्राविधि युक्त कृषि कार्यमा जोड्न एवम आधुनिक कृषि उपकरणहरूको वितरण गरि यान्त्रिकिकरण गर्न गाउँपालिका अगाडी बढेको अध्यक्ष बस्यालको भनाइ छ। स्थानीय सरकार आए सँगै गाउँपालिकाले हाते ट्र्याक्टर, कम्बाइन मिल, ब्रस कटर, झार गोड्ने मेशिन, खाल्डा खन्ने मेशिन जस्ता यन्त्र उपकरणहरू यस्तै आधुनिक मौरी घार वितरण, उन्नत जातका बीउ विजन वितरण लगाएत कृषि प्राविधियुक्त तालिम प्रदान गरिएको बताउदै अहिले नागरिकहरूले कुटानी पिसानी मिल वितरण गरिएको बताउनु भयो। साथै गाउँपालिकाले छिट्टै गाउँपालिकाको बजेटबाट थप यान्त्रिकरका सामग्रीहरू वितरण गरिने बताउनु भएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकृय अधिकृत सुरेश घिमिरेले वडा न ३ को नायरनमतलेस गाउँपालिकाले अनुदानमा कुटानी पिसानी मिल वितरण गरिएको र आगामी दिनमा कृषकहरूलाई सहज हुने बताउनु भयो। परम्परागत रूपमा कुटानी पिसानी गर्दा कृषकहरूलाई बढी मिहिनेत र समस्या हुने हुदा अहिले पालिकाले र वडाको समन्वयमा मेसिन प्रदान गरिएकोले कार्य गर्न सहज हुने अधिकृत घिमिरेले बताउनु भयो।

## वडा न २ को पोखराथोकमा बर्थिङ्ग सेन्टर शिलान्यास

जिल्लाको बगनासकाली गाउँपालिका अध्यक्ष कृष्ण प्रसाद बस्यालले वडा न २ को पोखराथोक स्वास्थ्य चौकीको बर्थिङ्ग सेन्टर सहित भवनको शिलान्यास गर्नु भएको छ।

करिब ३८ लाख २५ हजार बजेटमा उक्त भवन निर्माण हुन लागेको गाउँपालिकाले जनाएको छ। भवनको शिलान्यास गर्दै गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले गाउँपालिकाले वडा लगाएत वडा नजिकका गर्भवती महिलाहरूलाई सुत्केरी हुने समयमा पालिका भन्दा बाहिर जान नपरोस भनी गाउँपालिकाले बर्थिङ्ग सेन्टर स्थापना गर्न लागिएको बताउनु भयो।

बिशेष गरि सुत्केरी महिलाहरूलाई गर्भवती हुने समयमा अस्पताल सम्म पुग्याउन समस्या हुने र गर्भवती महिलाको ज्यान जोखिम पर्ने भएकोले गाउँपालिकाले बर्थिङ्ग सेन्टर सञ्चालन ल्याउन लागेको बताउनु भयो।

बर्थिङ्ग सेन्टर स्थापना गरे सँगै गर्भवती महिलालाई सुत्केरी हुने समयमा आवश्यक परामर्श दिने,आवश्यक औषधीहरू प्रदान गर्ने र उक्त सेन्टरबाट

स्वास्थ्य बच्चा जन्म सक्ने भएकोले गाउँपालिकाको पहलमा उक्त भवन शिलान्यास गरिएको र छिटै सञ्चालन ल्याउने अध्यक्ष बस्यालको भनाइ छ।

गाउँपालिकाका प्रमुख प्रशासकृय अधिकृत सुरेश घिमिरेले गाउँपालिकाले वडा न २ को पोखराथोकमा स्वास्थ्य बर्थिङ्ग सेन्टर सञ्चालन आए सँगै पोखराथोक लगाएत नजिकको वडाका गर्भवती महिलाहरूलाई सुत्केरी हुने समयमा सुविधा हुने बताउनु भयो।

अहिले गर्भवती महिलाहरू सुत्केरी हुनु पर्ने अवस्थामा तानसेन लैजाने पर्ने रहे पनि पालिका बर्थिङ्ग सेन्टर सञ्चालनमा आएपछि पोखराथोक लगाएत पालिकाका गर्भवती महिलाहरूले सुत्केरी हुने अवस्था सेवा लिन सक्ने बताउनुभयो।

## बगनासकालीले ९ वटै वडाहरूमा खोपकेन्द्र संचालन गर्ने

**बिष्णु घिमिरे**

पाल्पा। २३, जेठ। यहि जेठ २५ र २६ गते संचालन हुने कोरोना विरुद्धको खोप बगनासकाली गाउपालिकाले सबै वडाहरूमा एकसाथ संचालन गर्ने भएको छ। यस अघि केही वडाहरूमा मात्र खोपकेन्द्र संचालन गर्ने भनिएपनि नागरिकहरूको भावनालाई आत्मसाथ गर्दै ९ वटै वडाहरूमा खोपकेन्द्र संचालन गर्ने भएको हो।

गाउपालिकाका अध्यक्ष कृष्ण प्रसाद बस्यालका अनुसार स्वास्थ्य कार्यालयको व्यवस्थापनमा केही वडाहरूमा मात्र खोपकेन्द्र संचालन गर्ने भनिएपनि बगनासकालीले आफ्नै व्यवस्थापनमा सबै वडाहरूमा खोपकेन्द्र संचालन गर्ने भएको हो। 'हामीले स्वास्थ्य कार्यालयलाई भनेका छौं, नागरिकहरूलाई टाढा टाढा जान दुःख हुन्छ, स्वास्थ्यकर्मी र अन्य खर्च व्यवस्थापन हामीले गर्छौं, सबै वडाहरूबाटै खोपकेन्द्र संचालन गर्नुपर्छ।' अध्यक्ष बस्यालले भन्नुभयो 'स्वास्थ्य कार्यालयले अनुमती दिएको छ, बगनासकालीका ९ वटै वडाहरूका स्वास्थ्यचौकीहरूमा खोपकेन्द्र चल्छ।'

केन्द्र सरकारले व्यवस्थापन गरेको कोरोना विरुद्धको खोप यहि जेठ २५ र २६ गते ६० देखी ६४ वर्ष उमेरसमूहकालाई लगाइदैछ। बगनासकाली गाउपालिकामा ७ सय ६४ जनालाई कोरोना विरुद्धको खोप लगाउने तयारी भएको स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले जानकारी दिनुभयो।

## विपद्को सारथी बगनासकाली सरकार : कोरोनाबाट मृत्यु हुनेको परिवारलाई २५ हजार दिने

**रामचन्द्र रायमाझी**

जेठ २१, २०७८ पाल्पा, जिल्लाको बगनासकाली गाउँपालिका कोरोना महामारीमा जनताको सारथी बनेको छ। कोरोना महामारीबाट प्रभावित बनेका नागरिकहरूको हरेक समस्यामा गाउँपालिका सारथी बन्दै गएको छ। कोरोनाबाट संक्रमित बनेका नागरिकहरूको रेखदेखमा होस् वा आर्थिक अभावमा उपचार नपाएका विरामीहरूको उद्दारमा गाउँपालिका सहयोगी बन्दै आएको हो।

पछिल्लो समय गाउँपालिकाले कोरोनाबाट धेरै नागरिकहरूको ज्यान जान थालेपछि मृतकको परिवारलाई राहत समेत उपलब्ध गराउने भएको छ। गाउँपालिकाले कार्यपालिकाको बैंठकबाटै कोरोनाबाट मृत्यु हुने परिवारका लागि २५ हजार रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ। उसले कोरोना संक्रमणबाट मृत्यु हुने विपन्न परिवारलाई शवबाहन र काजकिरिया खर्चबापत २५ हजार रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो। सम्बन्धित वडाको सिफारिसमा मृत्यु भएकाको परिवारलाई राहत दिने निर्णय भएको गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालले बताए।

कोरोना महामारीको दोस्रो भेरियन्टपछि यहाँ ९ जनाको मृत्यु भएको छ। महामारीकै कारण मृत्यु भएका परिवारको मनोबल बढाउनुका साथै 'तपाईंको दुःखमा स्थानीय सरकारसँगै छ' भन्ने आभाष दिलाउन राहतस्वरूप २५ हजार दिने निर्णय भएको अध्यक्ष बस्यालले एनजेडीसँगको कुराकानीमा बताए। 'अधिकांश मृतकका परिवार पनि संक्रमित छन्, परिवारका सदस्य गुमाएका उनीहरूलाई एकातिर परिवार नै संक्रमित, अर्कोतर्फ सदस्य गुमाउनुको पिडा छ',अध्यक्ष बस्यालले भने,'यस्तो बेला सरकारको उपस्थिति जनाउन हामीले थोरै रकम भए पनि सहयोग गरौं, उहाँहरूको घरदैलोमा पुगौं भनेर यस्तो निर्णय गरेका हौं।'

पालिकाले संक्रमणका कारण मृत्यु भएका, मृत्युपछि संक्रमित भएका परिवारमा अन्य खाले स्वास्थ्य समस्या र मनोसामाजिक समस्या नहोस् भनी स्वास्थ्य परामर्शसमेत दिने गरेको छ। उसले अन्य कोरोना संक्रमितहरूको स्वास्थ्य अवस्था बुझ्न र हौसला बढाउन घर-घरमा पुगेर स्वास्थ्य सामग्री र आवश्यक औषधि समेत वितरण गर्दै आएको छ। गाउँपालिकावासीहरू कोरोना संक्रमण भई स्वास्थ्य उपकरणका अभावमा समस्यामा नपरुन भन्ने उद्देश्यले गाउँ सरकार कोरोना संक्रमितहरूको घरमै पुगी चेक जाँचसँगै स्वास्थ्य सामग्री वितरण गर्दै आएको हो। कोरोना संक्रमितलाई शक्तिबर्द्धक औषधिहरू, भिटामिन बि, भिटामिन सी, जिंक चक्की, च्यवनप्राश, सिटामोल, आवश्यकता अनुसार एन्टिबायोटिक औषधीहरू वितरण गरिदै आइएको गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख मणिराम अधिकारीले बताए। उनका अनुसार ज्वरो नाप्ने डिजिटल थर्मोमिटर, अक्सिजन र पल्स चेक गर्न पल्स अक्सिमिटर, माक्स र सेनिटाइजर लगायतका सामग्रीहरू पनि वितरण गरिदै आइएको छ।

कोरोना संक्रमित भई घरमै आइसोलेसनमा बसेकाहरूले ज्वरो देखी, अक्सिजन समेत घरमै मापन गर्न सकुन र शक्तिवर्द्धक औषधीहरू खाएर छिटो निको हुन सकुन भनेर घरमै सेवा दिइएको गाउँपालिकाका प्रवक्ता लक्ष्मी अधिकारीले बताए। गाउँपालिकाका स्वास्थ्यकर्मीहरूको टोलीले होम आइसोलेसनमा रहेका कोरोना संक्रमितहरूको घरमै पुगी स्वास्थ्य सामग्री वितरणसँगै ज्वरो तथा खोकी लागेका विरामीहरूलाई आवश्यकता अनुसार एन्टिबायोटिक औषधीहरू र स्वास्थ्य परामर्श समेत मेडिकल अफिसर र स्वास्थ्यकर्मीहरूको टोलीले दिएको छ। यहाँ अहिले ५० जना सक्रिय संक्रमित छन्। उनीहरू सबैको घरमा स्वास्थ्यकर्मी पुग्ने गरेका छन्।

## गाउँमै कोभिड अस्पताल बन्दा मुहारमा खुशीयाली

**मुक्ति गैरे**

शनिबार, जेष्ठ १, २०७८ पाल्पा बगनासकाली गाउँपालिकाले पालिकाको वडा नं.२ पोखराथोकमा संचालन गरेको आइसोलेसनबाट यस क्षेत्रका कोरोना संक्रमितहरू लाभान्वित भएका छन् । यहाँ उपचाररत संक्रमितहरूको उपचाररत निर्माण गरेको यो आइसोलेसनले आफुहरूलाई धेरै राहत मिलेको बताएका छन् ।

दोस्रो चरणको कोरोना फैलिन थालेपछि निर्माण गरिएको उक्त आइसोलेसनमा अहिलेसम्म ९ बिरामी भर्ना भएको पालिकाका स्वास्थ्य शाखा संयोजक मणिराम अधिकारीले बताए । जसमध्ये ३ जना निको भएर घर फर्केका छन् । २ जनालाई अन्यत्र रिफर गरिएको छ। अन्य उपचाररतको अवस्था सामान्य रहेको बताइएको छ। १ जना जेष्ठ नागरिक अन्तिम अवस्थामा आइसोलेसनमा आएको बचाउन नसकिएको बताइएको छ।

आइसोलेसनमा मेडिकल अफिसर नपाई रहेको अवस्थामा तानसेनबाट मेडिकल अफिसर डाः झपेन्द्र ढकालले प्रत्यक्ष अप्रत्यक्ष रूपमा पूर्ण सहयोग गर्दै आएका छन्। उनले बिरामीका लागि बिभिन्न परामर्श समेत दिदै आएका छन् ।

समुदाय स्तरमा समेत कोरोना परीक्षण गरिदै आएको छ। यहाँका स्वास्थ्य शाखा संयोजक सहित स्वास्थ्यकर्मीहरू तथा कर्मचारीहरू समेत कोरोना संक्रमितहरूलाई भेट गरि समस्याबारे जानकारी लिनुका साथै उचित परामर्श दिनुका साथै आवश्यक सहयोग गर्दै आएका छन् ।

## पत्रकार तथा संचारकर्मीहरूलाई सुरक्षा सामाग्रीहरू वितरण



पाल्पा ८ असार । महामारीका बेला अग्रभागमा रहेर जनतालाई सुसुचित गराउने पत्रकारको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी स्वास्थ्य सामग्री बितरण गरिएको छ। बगनासकाली पत्रकार समूहले जिल्लामा क्रियाशिल पत्रकार तथा संचारकर्मीहरूलाई सुरक्षा सामाग्रीहरू वितरण गरेको हो । गाउ पालिकाको समन्वयमा जिल्लाका चार दर्जन बढीसंचारकर्मी र पत्रकारहरूलाई सुरक्षा सामग्री बितरण गरिएको हो। त्यस्तै संस्थागत रूपमा पत्रकार महासंघ पाल्पालाई समेत सुरक्षा सामग्री बितरण गरिएको छ। संचारकर्मीहरूलाई १ वटा पल्सअक्सिमिटर, २ प्याकेट मास्क र सेनिटाइजर वितरण गरिएको बगनासकाली पत्रकार समुहले जनाएको छ। त्यस्तै पत्रकार महासंघ पाल्पालाई १० वटा पल्स अक्सिमिटर, २० प्याकेट मास्क र सेनिटाइजर वितरण गरिएको थियो ।

संचारकर्मीहरूलाई सुरक्षा सामाग्रीहरू वितरण गर्दै बगनासकाली गाउपालिका पाल्पाका अध्यक्ष कृष्ण प्रसाद बस्यालले कोभिड १९ को संक्रमणमा फ्रन्टलाइनमा रहेर जनतालाई सूचना पुरयाउन खटिने पत्रकारहरूको सुरक्षाका लागि सहयोग गरिएको बताउनुभयो। वितरण कार्यक्रम सस्थाका अध्यक्ष दिपक ढुङ्गानाको अध्यक्षता र सचिब बिष्णु घिमिरेको सञ्चालनमा भएको थियो ।

## बगनासकालीका जनप्रतिनिधि कुमाल वस्तीमा

पाल्पा २२, बैशाख। समुदायस्तरमा कोभिड संक्रमणको हल्ला फैलिएपछि वास्तविक अवस्था वुझ्न बगनासकाली गाउँपालिकाका जनप्रतिनिधि कुमाल वस्तीमा पुगेका छन् । बुधबार वडा नं. २ को कुमाल वस्तीमा जोखिम उच्च रहेको हल्ला बाहिरिए लगत्तै कार्यपालिका बैठकमा जुटेका जनप्रतिनिधिहरूको टोली सञ्चारकर्मी, स्वास्थ्यकर्मीसहित समुदायस्तरमा पुगेको हो ।

'केही मिडियाबाट उच्चदरमा समुदाय संक्रमित भएको भन्ने खबर बाहिरिएपछि समुदायको अवस्था बुझ्न स्थलगत अवलोकनमा निस्किएका हौं ।' गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले भन्नुभयो, 'फिल्डमै पुगेर अनुगमन गर्दा जनजीवन सामान्य रहेको पाइयो ।'

वडा नं. २ माझगाउँकी ३५ वर्षीय रिता कुमालले चारपाँच दिन माझगाउँ वस्तीका ९ घरका केही व्यक्तिमा सामान्य ज्वरोको लक्षण देखिएको बताइन। 'साता अघि यहाँका सवैजसो घरका व्यक्तिमा अलिअलि ज्वरो आएको थियो, अहिले सवैलाई ठिकै छ।' सोही ठाउँकी ४० वर्षीय विरुमान कुमालले सामान्य खोकी लागेको बताए।

वडा २ को डहरपारी, हडियाकुना, माझघर र बेलगैरामा गरी १०० घर कुमाल वस्ती रहेकोमा १० घरका व्यक्तिमा मात्र रुघाखोकी र ज्वरोको लक्षण देखिएको सोही वडाकै वडासदस्य राजेन्द्र रानाले जानकारी दिनुभयो। 'रुघाखोकी, ज्वरोका विरामीलाई पिसिआर गर्नको लागि अनुरोधसहित म घरैपिच्छे अवस्था बुझ्दै हिंडेको छु।' उहाँले संकलन गरिएका व्यक्तिको गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा पिसिआर चेक गरिने बताउनुभयो।

# सम्मानसहित महिला स्वास्थ्य स्वयम्सेविका विदाइ




**भोजराज भट्टराई**

पाल्पा, १५ असार।

लामोसमयदेखि समाजमा स्वास्थ्य सेवा पुर्याउँदै आएका बगनासकालीका ९ जना महिला स्वास्थ्य सेविका सम्मानसहित विदाई भएका छन्। उमेर हदका कारण र शारीरिक अस्वस्थताले सेवा छाडेका महिला स्वास्थ्य स्वयम्सेविकालाई बगनासकाली गाउँपालिका र जिल्ला स्वास्थ्य कार्यालयले संयुक्त रूपमा कार्यक्रम गरी सम्मान गरेको हो।

सम्मान कार्यक्रममा वडा नं. २ का ४ र वडा नं. ३ का ५ गरी ९ जना स्वयम् सेविकालाई नगद, सम्मानपत्र र दोसल्लासहित सम्मान गरिएको थियो। जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख नारायण प्रसाद चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा ६० वर्ष उमेर अवधि पुगेका ८ जना र असक्तताको कारण जनाउने १ जनासहित ९ जना स्वास्थ्य स्वयमसेविकाहरूलाई सम्मान गरिएको वडा नं. २ का पोखराथोक स्वास्थ्य चौकीका इन्चार्ज सरोज काफ्लेले जानकारी दिनुभयो। सम्मानित स्वयम् सेविकालाई स्वास्थ्य कार्यालयले २० हजार र गाउँपालिकाले २४ हजार बराबर रकमबाट करकट्टी गरी नगद प्रदान गरेको थियो।

सम्मान कार्यक्रममा बोल्दै प्रमुख अतिथि गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले जीवनका बाँकी समय सामाजिक क्षेत्रमा सक्रियता जनाउन सम्मानित स्वयंमसेविकाहरूलाई आग्रह गर्नुभयो। उहाँले कोभिड महामारिको समयमा स्वास्थ्य स्वयम सेविकाको महत्त्वपूर्ण भूमिका रहेको स्मरण गर्दै आफ्नो जीवनको महत्त्वपूर्ण समय स्वास्थ्य क्षेत्र सुधार तथा सामाजिक सेवाको क्षेत्रमा लगाउने स्वयम्सेविकाहरूको योगदानलाई गाउँपालिकाले सधैं सम्झने बताउनुभयो।

गाउँपालिका उपाध्यक्ष सरस्वती चिदी, प्रवक्ता लक्ष्मी अधिकारी र वडा नं. १ का वडाध्यक्ष सोमबहादुर झेंडीले समुदायमा स्वास्थ्यकर्मीको राम्रो पहिचान रहेको भन्दै समुदायमा स्वतन्त्र रूपले सेवा गर्ने स्वयमसेविकाहरूको संलग्नता प्रसंसनीय रहेको भनाइ राख्नुभयो। सम्मानित स्वयमसेविका कल्पना रेग्मीले आफूले जानेबुझेको सेवा स्वास्थ्य क्षेत्रमा गरेको भन्दै आगामी दिनमा सामाजिक क्षेत्रमा सक्रिय रहने बताउनुभयो।

गाउँपालिका स्वास्थ्य शाखा सि.अ.न.मी सीता गौतमको स्वागत, स्वास्थ्य कार्यालय पाल्पाका लेखनाथ अर्यालको सञ्चालनका कार्यक्रम भएको थियो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरे, वडा नं. २ र ३ का स्वास्थ्य चौकी इन्चार्ज र कार्यपालिका सदस्य लगायतको सहभागिता रहेको थियो।


**वर्षातको समयमा बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षती हुन सक्दछ; त्यसैले**

- बाढी, पहिरो र भू-क्षयको जोखिम हुने स्थानहरूमा बस्ती नबसालौं।
- वर्षातको समयमा हुने बाढी, पहिरो जस्ता विपद् जोखिम स्थानहरूको पहिचान गरी सुसूचीत गराऔं।
- स्थानीय आपतकालिन केन्द्रहरूको स्थापना गरी उद्धार टोली र राहतको सामग्रीको जोहो गरौं।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरून्त खबर गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## बगनासकाली गाउँपालिका शिक्षा समितिका पदाधिकारीहरू

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | कृष्णप्रसाद बस्याल | अध्यक्ष | ९८५७०६०७५० |
| २. | सुरेश घिमिरे | सदस्य | ९८५७०६८८६८ |
| ३. | ठानेश्वर तिमिल्सिना | सदस्य | ९८५७०६०११८ |
| ४. | टिकाबहादुर थापा | सदस्य | ९८४७०४५१७३ |
| ५. | सीता नेपाली | सदस्य | ९८४७११७५१६ |
| ६. | डिल्लीराज पाण्डे | सदस्य | ९८४७०६८११६ |
| ७. | केशवबहादुर रायमाझी | सदस्य | ९८५७०६२६४१ |
| ८. | मुक्तिराम अधिकारी | सदस्य | ९८४७४३८८५६ |
| ९. | बामदेव बस्याल | सदस्य | ९८४७०४३१२९ |
| १०. | देवीप्रसाद न्यौपाने | सदस्य | ९८४७०६८९८० |
| ११. | डा.शंकरप्रसाद गैरे | सदस्य | ९८४७०८८२१८ |
| १२. | गुणाराम खनाल | सदस्य सचिव | ९८५७०६५८८० |

## आमन्त्रित सदस्यहरू

| | | | |
|---|---|---|---|
| १. | सरस्वती चिदी | उपाध्यक्ष | ९८४७०४२२६६ |
| २. | टंकप्रसाद भट्टराई | सहप्राध्यापक | ९८४७०२९९४५ |
| ३. | हुमप्रसाद कोइराला | पूर्व स्रोत व्यक्ति | ९८५७०६२३७३ |
| ४. | शिवप्रसाद घिमिरे (शिक्षक महासंघ) | अध्यक्ष | ९८५७०६९१०६ |

## गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा सहयोग समिति

१. संयोजक श्री ध्रुव न्यौपाने, सिद्धि मा.वि., नायरनमतलेस
२. सदस्य श्री जनार्दन अधिकारी, गँगा मा.वि., यम्घा
३. सदस्य श्री बालकृष्ण गैरे, ज्ञानज्योति सा.शै.प्र., पोखराथोक
४. सदस्य श्री छविलाल पाठक, जनप्रिय प्रा.वि., चिर्तुङधारा
५. सदस्य श्री निलकण्ठ न्यौपाने, गंगादेवी प्रा.वि., खानीछाप
६. सदस्य श्री थमनसिंह थापा, दर्लमडाडाँ मा.वि.. दर्लमडाँडा
७. सदस्य श्री नलबहादुर साठीघरे, खानीगाउँ आ.वि. खानीगाउँ
८. सदस्य श्री डिल्लीराज पाण्डे, बेद मा.वि. बराङ्दी
९. सदस्य श्री लक्ष्मण अधिकारी, चन्द्र मा.वि. चापपानी
१०. सदस्य श्री जिवराज घिमिरे, कालिका आ.वि., चापपानी
११. सदस्य श्री लिला बराल, कानुङ प्रा.वि. यम्घा

## बगनासकाली गाउँपालिका पुनर्निर्माण सम्बन्धी प्रतिवेदन

| क.स | सूचकहरू/विवरण | संख्या |
|---|---|---|
| **क)** | **निजी आवास सम्बन्धी** | |
| १. | सर्भेक्षण सम्पन्न भएको जम्मा घरपरिवार | -छैन |
| २. | पहिचान भएका लाभग्राही | ६०४ |
| ३. | अनुदान सम्झौता गरेका लाभग्राही | ५२८ |
| ४. | सम्झौता हुन नसकेका लाभग्राही | ७६ |
| ५. | प्रथम किस्ता प्राप्त गर्ने लाभग्राही | ५२५ |
| ६. | घर निर्माण गर्न सुरु गरेका लाभग्राही | ३५५ |
| ७. | दोस्रो किस्ताको लागि निवेदन दिने लाभग्राही | ३४६ |
| ८. | दोस्रो किस्ताको लागि प्रमाणीकरण भएका लाभग्राही | ३९९ |
| ९. | दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राही | ३७७ |
| १०. | दोस्रो किस्ताको लागि प्रमाणीकरण हुन नसकेका लाभग्राही | २९७ |
| ११. | तेस्रो किस्ताको लागि निवेदन दिने लाभग्राही | २९५ |
| १२ | तेस्रो किस्ताको लागि प्रमाणीकरण भएका लाभग्राही | २९४ |
| १३. | तेस्रो किस्ता प्राप्त गर्ने लाभग्राही | २९५ |
| १४. | दर्ता भएका जम्मा गुनासो संख्या | २९५ |
| १५. | फर्छ्यौट भएका जम्मा गुनासो | छैन |
| **ख)** | **वस्ती विकास सम्बन्धी** | |
| १६. | जोखीमयुक्त बस्तीबाट अन्यत्र जग्गा खरीद गरी जान चाहने लाभग्राही | छैन |
| १७. | जोखिमयुक्त बस्तीबाट एकीकृत बस्तीमा जान चाहने लाभग्राही | छैन |
| १८. | पूर्वाधार संरचना निर्माण गरी सुरक्षित गर्न सकिने बस्तीहरू | छैन |
| **ग)** | **जिविकोपार्जन तथा रोजगारी तर्फ** | |
| १९. | हालसम्म गाउँपालिकाभित्र सिकर्मी/डकर्मी तालिम दिइएको मानिसको संख्या | ८० |
| २०. | जिल्लामा आवश्यक सिकर्मी/डकर्मी तालिम दिनुपर्ने मानिसको संख्या | छैन |

*प्रतिवेदक - सुनिल कुमार श्रेष्ठ (इन्जिनियर)*

## बगनासकाली गाउँपालिका कृषि विकास शाखा अन्तर्गत कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नामथर | पद | सम्पर्क |
|---|---|---|---|
| १. | राजेश बोहरा | प्रा.स. | ९८४७५८३०८३ |
| २. | जन्जुका ज्ञवाली | ना.प्र.स. | ९८६७१४२८८६ |
| ३. | विष्णु पौड्याल | ना.प्र.स. | ९८४४७२१९३० |
| ४. | सुमन बस्याल | ना.प्र.स. | ९८६७२४४१०५ |
| ५. | नारायण न्यौपाने | ना.प्र.स. | ९८६७१४११७७ |
| ६. | निसा मरासिनी | ना.प्र.स. | ९८६१६८१५७८ |

## बगनासकाली गाउँपालिकास्तरीय बालमैत्री शासन कार्यदल

| सि.नं. | नाम, थर | पद | ठेगाना | शाखा/क्षेत्र | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती चिदी | संयोजक | वगनासकाली गा.पा. गा.पा. | उपाध्यक्ष | ९८४७०४२२६६ |
| २ | श्री सुरेश घिमिरे | सह संयोजक | बगनासकाली गा.पा. | प्र.प्र.अधिकृत | ९८५७०६८८६८ |
| ३ | श्री ठानेश्वर तिमिल्सिना | सदस्य | वगनासकाली गा.पा. | वडा अध्यक्ष ९ नं. | ९८५७०६०११८ |
| ४ | श्री टिकावहादुर थापा | सदस्य | वगनासकाली गा.पा. | वडा अध्यक्ष ३ नं. | ९८४७०४५१७३ |
| ५ | श्री खुमादेवी भट्टराई | सदस्य | वगनासकाली गा.पा. | कार्यपालिका सदस्य | ९८४७३४७५०७ |
| ६ | श्री गुनाराम खनाल | सदस्य | वगनासकाली गा.पा. | शिक्षा शाखा प्रमुख | ९८५७०६५८८० |
| ७ | श्री मणिराम अधिकारी | सदस्य | वगनासकाली गा.पा. | स्वास्थ्य शाखा प्रमुख | ९८५७०६२१६८ |
| ८ | श्री धन कुमारी राना | सदस्य | वगनासकाली गा.पा. | महिला बालबालिका | ९८४७११३०६५ |
| ९ | श्री गुनाराम खनाल | सदस्य सचिव | वगनासकाली गा.पा. | बालमैत्री शाखा | ९८५७०६५८८० |
| १० | श्री कोशलराज पौडेल | सल्लाहकार | वगनासकाली गा.पा. | लेखा अधिकृत | ९८५७०६८४६४ |

## बगनासकाली गाउँपालिकाका १ देखी ९ नं. वडामा रहेका बालमैत्री स्थानीय शासन वडा फोकल पर्सनहरूको नामावली र सम्पर्क नम्बर

| सि.नं. | नाम, थर | कार्यरत कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री नन्दा चिदी | १ नं. वडा कार्यालय चिर्तुङधारा | ९८४७११५८११ |
| २ | श्री सोनु खड्का | २ नं. वडा कार्यालय, पोखराथोक | ९८५७०६०१३८ |
| ३ | श्री गोविन्दप्रसाद न्यौपाने | ३ नं. वडा कार्यालय, नायरनम्तलेस | ९८४७१२७८९७ |
| ४ | श्री हिमराज न्यौपाने | ४ नं. वडा कार्यालय, खानीछाप | ९८४७११८१५५ |
| ५ | श्री मदनलाल न्यौपाने | ५ नं. वडा कार्यालय, दर्लमडाँडा | ९८४६८०८१०३ |
| ६ | श्री सुमित्रा भण्डारी | ६ नं. वडा कार्यालय, यम्घा | ९८५७०१२६०० |
| ७ | श्री गोपालबहादुर सोमरे | ७ नं. वडा कार्यालय, खानीगाउँ | ९८४७१७३८३१ |
| ८. | श्री बुधमाया वि.क. | ८ नं. वडा कार्यालय, वराङदी | ९८६७४६८३७५ |
| ९. | श्री विष्णु तिमिल्सेना | ९ नं. वडा कार्यालय, चापपानी | ९८६७३५४४७३ |

## बगनासकाली गाउँपालिकास्तरीय बालसञ्जालका पदाधिकारीहरू

| सि.नं. | पद | नाम,थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री नारायण न्यौपाने 'प्रशान्त' | वडा नं. ७ | ९८६७५४१६८५ |
| २ | उपाध्यक्ष | श्री ईन्दु गाहा | वडा नं. ३ | ९८४७१२९८६५ |
| ३ | सचिव | श्री बसन्ती राना | वडा नं. ५ | ९८११४९४१७६ |
| ४ | कोषाध्यक्ष | श्री दिनेश पाण्डे | वडा नं. १ | ९८४७०६७०४८ |
| ५. | सदस्य | श्री मञ्जिला बस्याल | वडा नं. ६ | ९८६२५८०५८५ |
| ६. | ,, | श्री उदयराज बस्याल | वडा नं. ६ | ९८४७३९८२६० |
| ७. | ,, | श्री शिशिर बस्याल | वडा नं. ८ | ९८४७११३९१६ |
| ८ | ,, | श्री रिता भट्राई | वडा नं. ९ | ९८४७४१०५१२ |
| ९. | ,, | श्री सञ्जिव ढुंगाना | वडा नं. १ | ९८६७७२१२९६ |
| १० | ,, | श्री निशा खराल | वडा नं. २ | ९८६३२९४७२९ |
| ११ | ,, | श्री हुमबहादुर दर्लामी | वडा नं. ४ | ९८४७५६९३६६ |

# बगनासकाली गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरूको विवरण (गाउँकार्यपालिका स्वास्थ्य शाखा र सवै वार्डमा रहेका स्वास्थ्य चौकी)

| क्र.सं. | नामथर | कार्यरत संस्था | पद |
|---|---|---|---|
| १. | मणिराम अधिकारी | बगनासकाली गाउँपालिका | जनस्वास्थ्य निरीक्षक (शाखा प्रमुख) |
| २. | सीता गौतम | बगनासकाली गाउँपालिका | सि.अ.न.मी. निरीक्षक |
| ३. | उमादेवी भट्टराई | बगनासकाली गाउँपालिका | अ.हे.व. |
| ४. | महेश ढुंगाना | चिर्तुङ्गधारा स्वास्थ्य चौकी | सि.अ.हे.व. अधिकृत (इन्चार्ज १ नं.) |
| ५. | मन्दिरा ज्ञवाली | चिर्तुङ्गधारा स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. १) |
| ६. | चम्पा ढुंगाना | चिर्तुङ्गधारा स्वास्थ्य चौकी | सि.अ.न.मी. निरीक्षक (वडा नं. १) |
| ८. | विष्णु कुमारी चिदी | चिर्तुङ्गधारा स्वास्थ्य चौकी | का.स. (वडा नं. १) |
| ९. | सरोज काफ्ले | पोखराथोक स्वास्थ्य चौकी | जनस्वास्थ्य निरीक्षक (इन्चार्ज २ नं.) |
| १०. | रामप्रसाद सुवेदी | पोखराथोक स्वास्थ्य चौकी | सि.अ.हे.व. (वडा नं. २) |
| ११. | गीता ढकाल | पोखराथोक स्वास्थ्य चौकी | अ.हे.व (वडा नं. २) |
| १२. | टीका सरा चिदी | पोखराथोक स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. २) |
| १३. | डालीमाया राना | पोखराथोक स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. २) |
| १४. | कासीराम कुमाल | पोखराथोक स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. २) |
| १५. | माया गैरे | नायरनमतलेस स्वास्थ्य चौकी हे.अ. (इन्चार्ज ३ नं.) | |
| १६. | शशिकला रेग्मी | नायरनमतलेस स्वास्थ्य चौकी | सि.अ.हे.व.(वडा नं. ३) |
| १७. | विमला बाम्चा मगर | नायरनमतलेस स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. ३) |
| १८. | संगीता थापा मगर | नायरनमतलेस स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ३) |
| १९. | पूर्णीमा खड्का | नायरनमतलेस स्वास्थ्य चौकी | अ.न.मी (वडा नं. ३) |
| २०. | अस्मिता कुमाल | नायरनमतलेस स्वास्थ्य चौकी | अ.न.मी (वडा नं. ३) |
| २१. | गोविन्द बहादुर गाहा | नायरनमतलेख स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ३) |
| २२. | केशव दर्नाल | खानीछाप स्वास्थ्य चौकी | सि.अ.हे.व. अधिकृत (इन्चार्ज ४ नं.) |
| २३. | लक्ष्मण ज्ञवाली | खानीछाप स्वास्थ्य चौकी | सि.अ.हे.व. (वडा नं.४) |
| २४. | गीता कुमारी श्रेष्ठ | खानीछाप स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं.४) |
| २५. | सरस्वती अर्याल | खानीछाप स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं.४) |
| २६. | देवका सोमै | खानीछाप स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ४) |
| २७. | रजना खरेल | खानीछाप स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं.४) |
| २८. | देवी गाहा मगर | खानीछाप स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं.४) |
| २९. | रेष्मीराज न्यौपाने | दर्लमडाडाँ स्वास्थ्य चौकी | सि.अ.हे.व. अधिकृत (इन्चार्ज ५ नं.) |
| ३०. | भुवन थापा | दर्लमडाडाँ स्वास्थ्य चौकी | सि.अ.हे.व. (वडा नं. ५) |
| ३१. | थानीसरा गैरे | दर्लमडाँडा स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ५) |
| ३२. | अनिता गुरुङ | दर्लमडाडाँ स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ५) |
| ३३. | लक्ष्मी कुँवर खाम्चा | दर्लमडाडाँ स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ५) |

| क्र.सं. | नामथर | कार्यरत संस्था | पद |
|---|---|---|---|
| ३४ | रामप्रसाद न्यौपाने | यम्घा स्वास्थ्य चौकी | सि.अ.हे.व. अधिकृत (इन्चार्ज ६ नं.) |
| ३५ | कमला भट्टराई | यम्घा स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ६) |
| ३६ | भुमा थापा | यम्घा स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ६) |
| ३७ | लक्ष्मी गैरे | यम्घा स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. ६) |
| ३८ | नमकला भट्टराई | यम्घा स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ६) |
| ३९ | जिवलाल बस्याल | खानीगाउँ स्वास्थ्य चौकी | सि.अ.हे.व, अधिकृत (इन्चार्ज ७ नं.) |
| ४० | सीता खाती | खानीगाउँ स्वास्थ्य चौकी | सि.अ.हे.व. (वडा नं. ७) |
| ४१ | शान्ता बराल | खानीगाउँ स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. ७) |
| ४२ | कमला राना | खानीगाउँ स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ७ |
| ४३ | संगीता थापा मगर | खानीगाउँ स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ७ |
| ४४ | कल्पना बगाले | खानीगाउँ स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ७ ) |
| ४५ | गोमबहादुर क्षत्री | बराङ्दी स्वास्थ्य चौकी | सि.अ.हे.व.अधिकृत (इन्चार्ज ८ नं.) |
| ४६ | निलकण्ठ न्यौपाने | बराङ्दी स्वास्थ्य चौकी | जनस्वास्थ्य निरीक्षक (वडा नं. ८) |
| ४७ | लक्ष्मी बस्याल | बराङ्दी स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ८) |
| ४८ | सुनिता अधिकारी | बराङ्दी स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. ८) |
| ४९ | रीता घिमिरे | बराङ्दी स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ८) |
| ५० | श्रीजना चापागाई | चापपानी स्वास्थ्य चौकी | हे.अ. (इन्चार्ज वडा नं. ९) |
| ५१ | मोहनलाल घिमिरे | चापपानी स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. ९) |
| ५२ | गीता देवी श्रेष्ठ | चापपानी स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ९) |
| ५३ | प्रेमकली पचभैया | चापपानी स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ९) |
| ५४ | भुमा थापा | चापपानी स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ९) |
| ५५ | मुना थापा | चापपानी स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ९) |
| ५६ | तिलकुमारी राना | नायरनमतलेस स्वास्थ्य चौकी | ल्याव असिसेन्ट (वडा नं.३) |
| ५७ | मनिषा थापा | चापपानी स्वास्थ्य चौकी | ल्याव असिसेन्ट (वडा नं.९) |
| ५८ | कल्पना चौधरी | सामुदायिक स्वास्थ्य इकाई दर्पुक | अ.न.मी. |
| ५९ | प्रमिला चिदी | सामुदायिक स्वास्थ्य इकाई दर्पुक | अ.हे.व. |
| ६० | राधिका बोटे | सामुदायिक स्वास्थ्य इकाई दर्पुक | कार्यालय सहयोगी |
| ६१ | मीना बस्याल | बराङ्दी स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ८) |
| ६२ | गोमा राना | अस्थायी कोभिड अस्पताल पोखराथोक | स्टाफ नर्स |
| ६३ | निशा ढकाल | अस्थायी कोभिड अस्पताल पोखराथोक | स्टाफ नर्स |
| ६४ | ओमकला बस्याल | अस्थायी कोभिड अस्पताल पोखराथोक | कार्यालय सहयोगी |
| ६५ | धिरज पराजुली | आयुर्वेद सेवा केन्द्र बराङ्दी | वैद्य निरीक्षक (अधिकृत) |
| ६६ | बजता के.सी. | आयुर्वेद सेवा केन्द्र बराङ्दी | कविराज (अधिकृत) |
| ६७ | कृष्ण बस्याल | आयुर्वेद सेवा केन्द्र बराङ्दी | कार्यालय सहयोगी |
| ६८ | बालकुमारी भुषाल | आयुर्वेद सेवा केन्द्र बराङ्दी | कार्यालय सहयोगी |

## बालमैत्री स्थानीय शासन कार्यक्रमका लागि गठित वडास्तरीय बालसंरक्षण तथा सम्वर्द्धन समितिको विवरणः

### १ नं. वडा चिर्तुङधारा

श्री शालिकराम ढुंगाना - अध्यक्ष
श्री पदम कुमारी राना - उपाध्यक्ष
श्री भगवती वस्याल - सचिव
श्री गुनवहादुर गाहा - कोषाध्यक्ष
श्री जनुका रेश्मी - सदस्य
श्री बलवहादुर दिशा - सदस्य
श्री विमला गाहा - सदस्य
श्री चुनीकला राना - सदस्य
श्री सुकमाया हिताङ - सदस्य
श्री नन्दा चिदी -बैठक सहजकर्ता, बालमैत्री वडा फोकल पर्सन

### २ नं. वडा पोखराथोक

श्री गीता रेग्मी - अध्यक्ष
श्री नारायणी खराल - उपाध्यक्ष
श्री विश्वनाथ गैरे - सचिव
श्री विजया भट्टराई - कोषाध्यक्ष
श्री बालकृष्ण गैरे - सदस्य
श्री सुरेश गहिरे - सदस्य
श्री हुमा बगाले - सदस्य
श्री सरोज काफ्ले - सदस्य
श्री मोहन प्रसाद गैरे - सदस्य
श्री सोनु खड्का -बैठक सहजकर्ता, बालमैत्री वडा फोकल पर्सन

### ३ नं.वडा नायर नमतलेस

श्री चन्द्रकला न्यौपाने - अध्यक्ष
श्री झमानसिंह रसाली - उपाध्यक्ष
श्री उर्भिला कुवर - सचिव
श्री मिना श्रेष्ठ - सह सचिव
श्री धनमाया बगाले - कोषाध्यक्ष
श्री डेमवहादुर गाहा - सदस्य
श्री उषा ढुंगाना - सदस्य प्रहरी चौकी
श्री नारायणी खनाल - सदस्य
श्री बेलीसरा कुवर - सदस्य
श्री गोविन्द न्यौपाने -बैठक सहजकर्ता, बालमैत्री व.फोकल पर्सन

### ४ नं. वडा खानीछाप

श्री पोषकान्त तिमिल्सेना - अध्यक्ष
श्री डानीमाया दर्लामी - सचिव
श्री हुमी सारु - कोषाध्यक्ष
श्री ओमप्रकाश न्यौपाने - सदस्य
श्री योगेन्द्र तिमिल्सेना - सदस्य
श्री मानबहादुर बाकावल - सदस्य
श्री पुरन दर्लामी - सदस्य
श्री तिलबहादुर गाहा - सदस्य
श्री धनकुमारी चर्ति - सदस्य
श्री हिमराज न्यौपाने -बै. सहजकर्ता, बालमैत्री व. फोकल पर्सन

### ५ नं. वडा दर्लमडाँडा

श्री सरोज श्रेष्ठ - अध्यक्ष
श्री कमला गैरे - उपाध्यक्ष
श्री मिनवहादुर राना - सचिव
श्री कृष्ण भट्टराई - सह सचिव
श्री ठगीसरा गैरे - सदस्य
श्री धनकुमारी गैरे - सदस्य
श्री भूमिका खाम्चा - सदस्य
श्री लक्ष्मिा गैरे - सदस्य
श्री कुलवहादुर मश्रांगी - सदस्य
श्री मदनलाल न्यौपाने -बै. सहजकर्ता बालमैत्री व. फोकल पर्सन

### ६ नं. वडा यम्घा

श्री शिव प्रसाद वस्याल - अध्यक्ष
श्री कविता खनाल - उपाध्यक्ष
श्री तेजराज पाण्डेय - सचिव
श्री रम्भा विश्वकर्मा - कोषाध्यक्ष
श्री हुमकला गैरे - सदस्य
श्री मेघलाल पराजुली - सदस्य
श्री झपेन्द्रप्रसाद वस्याल - सदस्य
श्री खगेन्द्र सापकोटा - सदस्य
श्री पोषकुमारी गाहा - सदस्य
श्री सुमित्रा भण्डारी बैठक सहजकर्ता, वडा समिति सदस्य सचिव

### ७ नं. वडा खानीगाउँ

श्री हरि प्रसाद गैरे - अध्यक्ष
श्री माधवप्रसाद भट्टराई - सचिव
श्री गंगा नेपाल - कोषाध्यक्ष
श्री मानवहादुर सोमै - सदस्य
श्री सुकमाया सुनार - सदस्य
श्री सुनमाया श्रेष्ठ - सदस्य
श्री लोकेन्द्रबहादुर सोमै - सदस्य
श्री डिलकुमारी सोमै - सदस्य
श्री हेमा तिमिल्सेना - सदस्य
श्री गोपालबहादुर सोमरे -बैठक सहजकर्ता, वडा फोकल पर्सन

### ८ नं. वडा बराङ्दी

श्री जगदिश वस्याल - अध्यक्ष
श्री मोतिलाल वस्याल - सचिव
श्री रिता घिमिरे - कोषाध्यक्ष
श्री केशवमणी वस्याल - सदस्य
श्री निर्मला न्यौपाने - सदस्य
श्री गिमादेवी घिमिरे - सदस्य
श्री टोपला वस्याल - सदस्य
श्री निर्मला वस्याल - सदस्य
श्री दयाराज न्यौपाने - सदस्य
श्री बुद्धमाया वि.क. -बैठक सहजकर्ता, वडा फोकल पर्सन

### ९ नं.वडा चापपानी

श्री भगवान भुषाल - अध्यक्ष
श्री पेमा वस्याल - सदस्य
श्री कृष्णप्रसाद वस्याल - सदस्य
श्री मुना ढकाल - सदस्य
श्री बुद्ध मल्ल - सदस्य
श्री शोभाकर पाण्डे - सदस्य
श्री गोविन्दबहादुर मगर - सदस्य
श्री कृष्ण सिंजाली - सदस्य
श्री विष्णु तिमिल्सेना -बै. सहजकर्ता बालमैत्री वडा फोकल पर्सन

## बगनासकाली गाउँपालिका समितिका पदाधिकारीहरू

| क्र.सं. | समिति | पद | नाम थर |
|---|---|---|---|
| १. | सामाजिक विकास समिति | संयोजक | ठानेश्वर तिमिल्सिना |
| २. | आर्थिक विकास समिति | संयोजक | टिकाबहादुर थापा |
| ३. | विधेयक समिति | संयोजक | गणेशप्रसाद बस्याल |
| ४. | वातावरण तथा विपद व्यवस्थापन समिति | संयोजक | तेजप्रसाद रसाली |
| ५. | न्यायिक समिति | संयोजक | सरस्वती चिदी |
| ६. | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | संयोजक | बिजुली बहादुर वि.क. |

## पशु सेवा शाखा कर्मचारी विवरण

| क्र.सं. | नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | गणेश नेपाली | पशु स्वास्थ्य प्राविधिक | ९८४६७२४७९९ |
| २. | अमरबहादुर कार्की | पशु स्वास्थ्य प्रा. | ९८४७११२३८१ |
| ३. | कमलादेवी खनाल | ना.पशु स्वा. प्रा. | ९८६७२०२१२५ |
| ४. | राधिका पौडेल | ना.पशु स्वा. प्रा. | ९८४८१७६६०० |
| ५. | रेश्मीराज बस्याल | ना.पशु स्वा. प्रा. | ९८४४७६०५३५ |
| ६. | शुशिल आचार्य | ना.पशु स्वा. प्रा. | ९८६००७८३४० |
| ७. | लिला बल्लभ भट्टराई | कार्यालय सहयोगी | |

### बगनासकाली गाउँपालिकाका सम्पूर्ण विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई निर्देशन

१. विद्यालयका सम्पूर्ण शिक्षक तथा विद्यार्थीहरू तोकिएको समयमा अनिवार्य रूपमा विद्यालयमा उपस्थित हुनुपर्ने तथा विद्यालयद्वारा तोकिएको आचारसंहिता पूर्णरूपमा पालन गर्नुपर्ने।

२. पाठ्यक्रमले तोके अनुसारको कोर्ष समयमा नै पूरा गरी सक्नुपर्ने।

३. विद्यार्थीहरूले विद्यालयमा मोवाइलको प्रयोग पूर्णरूपमा बन्द गर्नुपर्ने।

४. शिक्षकहरूले अनिवार्य रूपमा शिक्षण योजना डायरीको प्रयोग गर्नुपर्ने।

५. आफूले तयार गरेको डायरी अनुगमनको बेला प्र.अ., व्यवस्थापन समिति तथा निरीक्षण गर्ने व्यक्ति समक्ष पेश गर्नुपर्ने।

६. शिक्षकहरूले पाठ्यपुस्तकको अतिरिक्त अन्य सन्दर्भ सामग्रीहरूको पनि प्रयोग गर्नुपर्ने।

७. विद्यार्थीहरूलाई नियमित रूपमा गृहकार्य दिने तथा गृहकार्य जाँच गर्नुपर्ने।

८. विद्यालयका शिक्षक तथा विद्यार्थीहरूले तोकिएको पोषाक विद्यालयमा अनिवार्य रूपमा लगाउनुपर्ने।

९. छात्रहरूले लामो कपाल पालेर, कपाल रंगाएर तथा मुन्द्रा लगाएर विद्यालयमा जान नपाउने।

१०. आफ्नो विद्यालय समय (१०:०० बजेदेखि ४:०० बजे) भन्दा बाहिरको समयमा अध्यापन गर्ने शिक्षकले विद्यालयको सिफारिसमा तोकिएको अधिकारीबाट अनुमति लिनुपर्ने।

११. विद्यालय समयमा ट्यूसन पढाउन नहुने।

१२. एक शिक्षक, एक घण्टी, एक शैक्षिक सामाग्री कम्तीमा प्रयोगमा ल्याउने।

१३. प्र.अ. तथा शिक्षकले आफ्ना छोराछोरीलाई सकेसम्म आफूले पढाउने विद्यालयमा वा सामुदायिक विद्यालयमा नै पढाउने व्यवस्था मिलाउनुपर्ने।

१४. विद्यार्थीहरूले विद्यालयीय क्रियाकलापहरूमा सक्रिय सहभागी हुने तथा सरसफाई र स्वच्छ वातावरणमा ध्यान दिने।

## बगनासकाली गाउँपालिकामा रहेका विद्यालय विवरण

| क्र.सं | विद्यालयको नाम | वडा नं. | ठेगाना | प्र.अ.को नामथर | फोन नम्बर | वि.व्य.स. अध्यक्षको नाम | वार्षिक उत्सव |
|---|---|---|---|---|---|---|---|
| १ | कालीगण्डकी बोर्डिङ्ग स्कूल | ८ | देउराली | गणेशप्रसाद बस्याल | ९८४७१५५५३१ | बामदेव बस्याल | मंसिर १५ |
| २ | बेद मा.वि. | ८ | ढावखोला | थानेश्वर भट्टराई | ९८५७०६०४०७ | गणेश बस्याल | मंसिर २ |
| ३ | कालिका आ.वि. | ९ | भिरभञ्ज्याङ्ग | जीवराज घिमिरे | ९८५७०६९८०२ | भगवान भुसाल | बैशाख ३ |
| ४ | वसन्त आ.वि. | ९ | बभ्कादी | तेजप्रसाद शर्मा | ९८४७११४४३९ | मुक्तिराम तिमिल्सिना | बैशाख १३ |
| ५ | वसन्त प्रा.वि. | ९ | बगनास | पुष्पादेवी थापा | ९८४७०९८०६२ | रामलाल श्रेष्ठ | माघ २५ |
| ६ | चन्द्र मा.वि. | ९ | चापपानी | यमबहादुर रास्कोटी | ९८४७०६७५१७ | चिन्तामणी बस्याल | दशैं पूर्णिमा |
| ७ | ज्योति बोर्डिङ्ग स्कूल | १ | बगनास | मिना हितङ्गा | ९८४७०६७३९७ | जितबहादुर नेपाली | भाद्र ६ |
| ८ | जनप्रिय प्रा.वि. | १ | पिप्ले | छविलाल पाठक | ९८५७०६५५८५ | नरबहादुर थापा | माघ २१ |
| ९ | राम आ.वि. | १ | घोरबन्दा | गुनबहादुर गाहा | ९८४७१०२९४४ | मुक्तिराम बस्याल | कार्तिक १ |
| १० | ग्राम्य मा.वि. | १ | गाप्टुङ्ग | शालिकराम ढुंगाना | ९८४०४५८३५० | खिमानन्द पाण्डे (कमल) | कार्तिक ८ |
| ११ | बुद्धशान्ति सामुदायिक स्कूल | १ | खोरबारी | डोलराज रेश्मी | ९८६७०१६३६९ | चन्द्रविर थापा | बैशाख ११ |
| १२ | पिप्लेकालिका बोर्डिङ स्कूल | १ | पिप्ले | माया बस्याल | ९८४७१३९११० | खिमलाल बस्याल | बैशाख ७ |
| १३ | सरस्वती आ.वि. | ५ | गरन्डाँडा | हुमकला गैरे | ९८४७०६९२३० | | श्रीपञ्चमी |
| १४ | दर्लमडाँडा मा.वि. | ५ | दर्लमडाँडा | थमनसिंह थापा | ९८४७४२४२०१ | कोशलराज न्यौपाने | आश्विन १ |
| १५ | नर्थप्वाइन्ट बोर्डिङ स्कूल | ५ | मिलनचोक | प्रकाश भट्टराई | ९८४७११२३४४ | मिनबहादुर राना | माघ १५ |
| १६ | हिमालय प्रा.वि. | ४ | महछाप | राजु न्यौपाने | ९८४७०४३१९१ | देवबहादुर गाहा | पौष १४ |
| १७ | हिमालय आ.वि. | ४ | खानीछाप | सूर्यप्रसाद अर्याल | ९८४७१०२७५८ | रूपा गाहा | बैशाख १० |
| १८ | राम्दी प्रा.वि. | ४ | राम्दी | शिवप्रसाद अधिकारी | ९८४७२२७२३८ | नन्दकिशोर अमात्य | फागुन १ |
| १९ | गंगादेवी प्रा.वि. | ४ | भालेवास | निलकण्ठ न्यौपाने | ९८४७५६४५६३ | हुतमानसिंह दर्लामी | जेठ १ |
| २० | राम मा.वि. | ५ | राम्दी/मलेङ | डोलराज बस्याल | ९८५७०६२८०६ | ईश्वरीप्रसाद न्यौपाने | फागुन ८ |
| २१ | दैलातुङ्ग आ.वि. | ७ | दैलातुङ्ग | केशवराज खराल | ९८५७०६२२९५ | यज्ञमूर्ति खराल | फागुन १२ |
| २२ | खानीगाउँ मा.वि. | ७ | राम बगैंचा | कल्पना कु. भुसाल | ९८४७०९९६२३ | डा.शंकरप्रसाद गैरे | पौष १४ |
| २३ | खानीगाउँ आ.वि. | ७ | कल्लाबारी | नलबहादुर साठीघरे | ९८४७५६३४७९ | रामबहादुर साठिघरे | फागुन ५ |
| २४ | नारायण प्रा.वि. | ३ | नम्तलेस | डिल्लिसिंह कवर | ९८४७१०२३४१ | अमरप्रसाद श्रेष्ठ | फागुन १५ |
| २५ | बालविकास प्रा.वि. | ३ | आफरडाँडा | नारायणी देवी खनाल | ९८४७०६७८१५ | आशा वि.क. | बैशाख २६ |
| २६ | सिद्धि मा.वि. | ३ | आर्यभञ्ज्याङ्ग | ध्रुव न्यौपाने | ९८४७०९८७०९ | केशव बहादुर रायमाभ्की | पौष ८ |
| २७ | चण्डेश्वरी प्रा.वि. | ३ | चौपारी | खड्कबहादुर भ्केंडी | ९८४७११२०३५ | यमकुमारी कँवर | फागुन १ |
| २८ | सगरमाथा सा.शै.प्र. | ३ | सिंचास | यमबहादुर दर्लामी | ९८४७१७४५१४ | रामप्रसाद श्रेष्ठ | फागुन ५ |
| २९ | जनता प्रा.वि. | २ | लालपाटी | विश्वनाथ गैरे | ९८४७०२८३७१ | विष्णुकमारी कुमाल | वैशाख २० |
| ३० | विष्णु मा.वि. | २ | पोखराथोक | सुरेश गहिरे | ९८४७०२७४९८ | तिर्थप्रसाद भट्टराई | पौष १० |
| ३१ | ज्ञानज्योती सामुदायिक स्कूल | २ | पोखराथोक | बालकृष्ण गैरे | ९८४७१३९३९१ | देवीप्रसाद न्यौपाने | जेठ ३ |
| ३२ | कानुङ प्रा.वि. | ६ | दाङ्गसिङ्ग | लीलाबहादुर मगर | ९८४७११८४७३ | रनबहादुर कवँर | असोज २७ |
| ३३ | भगवती आ.वि. | ६ | दर्पुक | बेदप्रसाद न्यौपाने | ९८४७११९४७२ | मेघलाल पराजुली | बैशाख १० |
| ३४ | बालज्योति प्रा.वि. | ६ | भक्तपोखरा | गोविन्द प्रसाद पन्थी | ९८४७१३८३१० | मानबहादुर सोमै | पौष ८ |
| ३५ | अरनिको आ.वि. | ६ | लाम्दी | रुक्मागत बस्याल | ९८४७१२३६२८ | राजेन्द्र प्रसाद बस्याल | वैशाख ८ |
| ३६ | गुँगा मा.वि. | ६ | गुँगा | जनार्दन अधिकारी | ९८४७५०४८६८ | | भाद्र २९ |
| ३७ | सीता मा.वि. | ६ | ठूलापोखरा | तेजराज पाण्डेय | ९८४४७२०१४२ | जयराम बस्याल | आश्विन १० |

परेवा पाक्षिक

# बगनासकाली फुसको छानोमुक्त गाउँपालिका

पाल्पा, परेवा/बगनासकाली गाउँपालिका जिल्लामै पहिलो फुसको घररहित गाउँपालिका बनेको छ। फागुन १२ गते बुधबार पालिकामा एक समारोहको आयोजना गरी पालिकालाई फुसरहित पालिका घोषणा गरिएको हो।

पालिकाभित्र रहेका सबै फुसका घरहरू जस्तापातामा परिणत भएको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बताउनुभयो। वहाँले २०७४ सालदेखि सुरु भएको फुसको गौरवको अनुभूति भएको छ ।' बगनासकालीलाई फुसको छानार हित गाउँपालिका घोषणा गर्ने कार्यक्रम पहिला नै हुन्थ्यो, सबै काम नसकिकन किन घोषणामा हतार गर्ने भनेर काम सकेर अहिले घोषणा गरेका हौं ।' अध्यक्ष बस्यालले बनाउनुभयो । गाउँपालिकाका ६ वडै वडामा खरको छाना भएका घरपरिवारलाई निःशुल्क रुपमा २४ वटा जस्तापाता वितरण गरिएको थियो।

वडाबाट फुसको छाना भएको घरको विवरण लिएर जस्तापाता छाना उडाइदिने समस्या भएकाले जस्तापाता वितरण गरिएको उहाँले बताउनुभयो। आगामी दिनमा यी नागरिकलाई अर्थोपार्जनमा जोड्ने विशेष खालका कार्यक्रम सञ्चालन गर्ने गाउँपालिका प्रवक्ता लक्ष्मी प्रसाद अधिकारीले बताउनुभयो।

सो अवसरमा सहभागी पत्रकारहरू कृष्ण काकी, विष्णु घिमिरे, माधव अर्याल, यज्ञमूर्ति तिमिल्सिना, नारायण न्यौपाने, कृष्ण पोखरेलले फुसको छानारहित पालिकासँगै आर्थिक आर्जनका गतिविधिमा केन्द्रीत रहेर बजेट तथा




छानोरहित अभियान गत वर्ष सकिएको भएपनि कोभिड–१९ संक्रमणका कारण घोषणा तिलार्ट उपलब्ध गराएको बस्यालले बताउनुभयो । ७५६ बन्डल योजना तयार गर्न सुझाव दिनुभयो। जिल्लाका अन्य गाउँपालिका

नव जनचेतना राष्ट्रिय दैनिक

# बगनासकाली सरकारद्वारा स्थानीय पाठ्यपुस्तक निर्माण



करुवा अर्धसाप्ताहिक

# बगनासकाली र रम्भा जोड्ने पुल बन्यो



✍ कमल अधिकारी

पाल्पा (करुवा)। बगनासकाली सुधार्ने गरी काम गर्नुपर्ने स्थानीयले बताए। वर्षायाममा उनले बताए। बगनासकाली खोला तर्न नसकेर बाक्लो रहेका यात्रा गर्न समेत छोटो बाटो पर्ने हुँदा सो क्षेत्रमा कृषि तथा पशुपालनका फर्महरु समेत संचालन हुने तयारी भएको बगनासकाली-४, खानीछापका वडाध्यक्ष हुतमान दर्लामीले बताए।

उनले सदरमुकामसम्म जान समेत छोटो बाटो पर्ने बताए। पिपलडाँडा र खानीछापको एक आपसमा पुरानो सम्बन्ध रहेको छ। मगर बस्ती रहेको दुई वडामा बेलीबेटीलाई समेत चाडपर्वमा आवतजावतमा समेत सहजता आउने रम्भा गाउँपालिका वडा नं. ३ पिपलडाँडाका वडा सदस्य सुर्य बहादुर सुनारीले बताए। आवतजावतलाई मध्यनजर गरेर निर्माण भएको पुलले

नव जनचेतना राष्ट्रिय दैनिक

विपद्को सारथी बगनासकाली सरकार

# कोरोनाबाट मृत्यु हुनेको परिवारलाई २५ हजार दिने



मेचीकाली

# बगनासकाली प्रदेशकै पहिलो बालमैत्री गाउँपालिका



